सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ चैत २०८०, सोमबार (1 April 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

माधव नेपालको सर्तले गठबन्धनभित्र भागबन्डा जटिल

■ **पाँचदलीय गठबन्धनको बैठकमा माधव नेपालको अडान–**



हाम्रो पार्टी कसैका लागि सत्ताको भ्याङ मात्र बन्दैन, पहिले सहमति गर्ने अनि मान्नुपऱ्यो भनेर प्रस्ताव ल्याउने कुरा मान्य छैन। प्रदेशको नेतृत्व बाँडफाँट नभईकनै सरकारको स्थायित्व र विस्तार गर्न लागिएको छ, त्यो मान्य छैन, कोशी र बागमतीमध्ये एउटा नेतृत्व, सम्मानजनक संवैधानिक नियुक्तिलगायतका विषयमा लिखित रूपमै टुंगो लागेन भने हामी बागमती प्रदेशमा विश्वासको मत दिन बाध्य छैनौं।

(विस्तृत पृष्ठ ३)

शिक्षामा गुणात्मक सुधारको प्रश्न



अग्रलेख

रमेशप्रसाद गौतम

सार्वजनिक विद्यालय सबैखाले दबाब र हस्तक्षेपबाट मुक्त नहुन्जेल गुणस्तरीय शिक्षाको कल्पना सर्वथा खोक्रो साबित हुन सक्छ

(पृष्ठ ४)

दोस्रो जलाशययुक्त तनहुँ हाइड्रोको मुख्य सुरुङ 'ब्रेक थ्रु'



आयोजनाको निर्माण असार ०८३ भित्र सम्पन्न गर्ने लक्ष्य

(विस्तृत पृष्ठ ६)

एउटै कम्पनीबाट पाँच अर्ब १८ करोड कर छली

अमेरिकी लगानीको कोटिभिटी नेपालविरुद्ध १० अर्ब ३६ करोड रुपैयाँ बिगो र जरिवाना मागदाबीसहित मुद्दा दायर

कर छलीको ठूलो मुद्दा दायर भएको छ



● **नवराज ढुंगाना,** महानिर्देशक, राजस्व अनुसन्धान विभाग

विभागले विगत दुई वर्षदेखि गरेको अनुसन्धानबाट नेपालमा कम्पनी स्थापना गरेर विदेशमा वस्तु तथा सेवा निर्यात गर्दा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) नतिरेको देखिएको छ। यस्ता, थुप्रै कम्पनीले अर्बौं भ्याट छली गरेको अनुसन्धानबाट देखिएको छ। अमेरिकी लगानी रहेको कोटिभिटी नेपाल प्रालि नामको कम्पनीविरुद्ध सवा १० अर्ब रुपैयाँ बिगो र जरिवाना माग गरी पाटन उच्च अदालतमा मुद्दा दायर गरेका छौं। यस्तै प्रकृतिको अर्को कम्पनीले पनि अर्बौं कर छली गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको छ, जसमा अनुसन्धान जारी छ। यस विषयमा कर प्रशासनमाथि छानबिन गर्न अख्तियारलाई पत्राचार गर्ने तयारीसमेत गरेका छौं।

कृष्ण रिजाल/नयाँ पत्रिका

अमेरिकी लगानी रहेको कम्पनी कोटिभिटी नेपाल प्रालिले पाँच अर्ब १८ करोड रुपैयाँ कर छलेको अभियोगमा राजस्व अनुसन्धान विभागले १० अर्ब ३६ करोड ४५ लाख रुपैयाँ बिगो र जरिवाना मागदाबी गर्दै पाटन उच्च अदालतमा मुद्दा दायर गरेको छ। वस्तु निर्यातबापत तिर्नुपर्ने चार अर्ब ७६ करोड ५८ लाख ४३ हजार रुपैयाँ मूल्य अभिवृद्धि कर (भ्याट) र स्वामित्व परिवर्तन हुँदा तिर्नुपर्ने ४१ करोड ६४ लाख १७ हजार रुपैयाँ पुँजीगत लाभकर छली गरेको दाबीसहित विभागले आइतबार मुद्दा दायर गरेको हो।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनअनुसार कसुर गरेको पुष्टि भएकाले पाँच अर्ब १८ करोड २२ लाख ६१ हजार रुपैयाँ कुल बिगो र सोहीबराबरको जरिवानासहित सजाय मागदाबी गरी मुद्दा दायर गरिएको विभागका महानिर्देशक नवराज ढुंगानाले बताए। 'उक्त कम्पनीको स्वामित्व पटक-पटक परिवर्तन भएको देखिन्छ। नियामक निकायलाई जानकारी दिएको देखिँदैन, कानुनअनुसार पुँजीगत लाभकर पनि तिरेको देखिँदैन,' उनले भने, 'कम्पनीले आफ्नो माउ कम्पनीलाई सेवा निर्यात गर्दा भएको कारोबारमा भ्याटसमेत तिरेको देखिएन।'

» पृष्ठ २ मा क्रमशः



कोटिभिटी नेपाल प्रालि नेपालमा दर्ता भएको पूर्ण विदेशी लगानी भएको कम्पनी हो। कम्पनीको सबै १७,०५,२०२ कित्ता सेयर कोटिभिटी इन्क अमेरिकासँग छ। कम्पनीले नेपालबाट अमेरिकामा सफ्टवेयर निर्यात गर्दै आएको छ। हाल कोटिभिटीमा ६२० कर्मचारी कार्यरत छन्।

■ कर प्रशासनमाथि अनुसन्धान गरिने

राजस्व अनुसन्धान विभागले कानुनबमोजिम कर नउठाएको भन्दै मध्यमस्तरीय करदाता कार्यालयका सम्बन्धित कर्मचारीमाथि अनुसन्धान गर्न अख्तियारलाई पत्राचार गर्ने भएको छ। खासगरी विदेश निर्यात हुने वस्तु तथा सेवाको कारोबारमा कानुनअनुसार लाग्ने भ्याट असुलउपर नगरिएको पाइएकाले कार्यालयका सम्बन्धित कर्मचारीमाथि अनुसन्धान गर्न पत्राचार गर्ने तयारी गरिएको विभागका महानिर्देशक ढुंगानाले बताए। 'यस्तो कारोबारमा अर्बौं राजस्व चुहावट भएको देखिन्छ, कानुनमा स्पष्ट व्यवस्था हुँदाहुँदै कर कार्यालयले असुल गर्न चासो देखएको देखिँदैन,' उनले भने, 'के-कति कारणले कर नउठाइएको हो भन्ने विषयको छानबिन गर्न आग्रह गर्दै अख्तियारलाई पत्राचार गर्ने तयारी गरेका छौं।'

■ कानुनको अपव्याख्या गरेर भ्याट छली, पुँजीगत लाभकर पनि तिरेन

कम्पनीको तर्फबाट २७ फागुन ०७१ मा प्रमाणित सेयरधनी दर्ता किताबअनुसार आर्थिक वर्ष ०७२/७३ मा कम्पनीको कुल १७ लाख पाँच हजार दुई सय दुई कित्ता सेयर भेरिक्स हेल्थ इन्क अमेरिकाको नाममा रहेको थियो। त्यसको करिब चार वर्षपछि कम्पनीको सेयर स्वामित्व परिवर्तन भएको देखिन्छ। २१ जेठ ०७५ मा कम्पनीको तर्फबाट प्रमाणित सेयरधनी दर्ता किताबअनुसार कम्पनीको एकल सेयरधनी भर्सेन्ड टेक्नोलोजी इन्क, अमेरिकासँग रहेको देखिन्छ। त्यस्तै, २६ कात्तिक ०७५ मा कम्पनीको एक सेयरधनी कोटिभिटी इन्क, अमेरिका रहेको देखिएको विभागले जनाएको छ। यसरी कम्पनीको सेयर स्वामित्व पटक-पटक परिवर्तन भएको, लाभमा कुनै कर नतिरेको भेटिएकोले ४१ करोड ६४ लाख १७ हजार रुपैयाँ बिगो र सोहीबमोजिमको जरिवाना मागदाबी गरिएको विभागका महानिर्देशक नवराज ढुंगानाले बताए।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ र अनुसूची-२ अनुसार सेवाको निर्यात कारोबारमा शून्यदरमा कर लाग्ने व्यवस्था गरिएको छ। तर, यस्तो कर नेपालमा व्यावसायिक सम्बन्ध नभएको विदेशी कम्पनीलाई निर्यात गर्दा मात्रै लाग्ने व्यवस्था छ, अन्यथा १३ प्रतिशत भ्याट नै तिर्नुपर्ने हुन्छ। 'कोटिभिटीले अमेरिकास्थित आफ्नो माउ कम्पनी कोटिभिटी इन्कलाई सेवा निर्यात गरेको देखिन्छ, निर्यात कारोबार गर्ने दुई कम्पनीबीच व्यावसायिक सम्बन्ध देखिएकाले १३ प्रतिशत नै भ्याट तिर्नुपर्ने हुन्छ, जसअनुसार उसले चार अर्ब ७६ करोड ५८ लाख ४३ हजार रुपैयाँ भ्याट छलेको देखिन्छ,' महानिर्देशक ढुंगानाले भने। यसरी विभागले पुँजीगत लाभकर र भ्याट छलीको आरोपमा पाँच अर्ब १८ करोड २२ लाख ६१ हजार रुपैयाँ कुल बिगो र सोहीबराबरको जरिवानासहित १० अर्ब ३६ करोड ४५ लाख रुपैयाँ सजाय मागदाबी गरी मुद्दा दायर गरेको हो।

कोभिड महामारीमा स्वास्थ्य सामग्री किन्दा तीन करोड भ्रष्टाचार

मेडिकल व्यवसायी विशाल पण्डित र चार सरकारी कर्मचारीसहित सातविरुद्ध मुद्दा

सुवास भट्ट/नयाँ पत्रिका

कोभिड महामारीका वेला स्वास्थ्य सामग्री खरिद गर्दा करिब तीन करोड भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेडिकल व्यवसायी विशाल पण्डित, उनको कम्पनी र चार सरकारी कर्मचारीलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ।

विशेष अदालतमा आइतबार दायर मुद्दामा महामारीको विशेष परिस्थिति देखाई गैरकानुनी लाभ लिने बदनियतसहित अधिकतम कबोल गर्ने बोलपत्रदातालाई छनोट गरेर दुई करोड ८९ लाख ६६ हजारबराबर राज्यलाई हानि पुऱ्याएको दाबी गरिएको छ। स्वास्थ्य निर्देशनालय धनकुटाले कोशी अस्पतालको कोभिड १९ उपचार केन्द्र विराटनगरका लागि 'हाई डिपेन्डेन्सी युनिट' (एचडियू)को उपकरण खरिद गर्दा यस्तो अनियमितता गरिएको थियो।

अख्तियारले एचडियू उपकरण खरिद मूल्यांकन समितिका संयोजक तथा स्वास्थ्य निर्देशनालय धनकुटाका तत्कालीन निर्देशक चन्द्रदेव मेहता, मूल्यांकन समितिका सदस्यहरू निर्देशनालयकै लेखा अधिकृत डण्डरसिंह विश्वकर्मा, खोप अधिकृत उदेशकुमार श्रेष्ठ र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगरका बायोमेडिकल इन्जिनियर कुशल दाहालसहित प्रतिवादी कायम गरेको छ। त्यस्तै, हस्पिटेक इन्टरप्राइजेज प्रालि, त्यसका सञ्चालक पण्डित र कम्पनीकै बजार व्यवस्थापक मनोजकुमार आचार्यविरुद्ध मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार गरेको अभियोग छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा ४ (ख) बमोजिम पेस भएका कुनै पनि बोलपत्रहरू प्रभावग्राही नभएको अवस्थामा पुनः बोलपत्र प्रक्रिया थाल्नुपर्नेमा कानुनविपरीत ठेक्का लगाएर उपकरण खरिद गरिएको अख्तियारको दाबी छ। प्राविधिक दृष्टिकोणबाट खरिदको प्रक्रिया पूरा नभएको बोलपत्रलाई प्रक्रिया पूरा भएको भनी मूल्यांकन समितिबाट गलत लिखत तयार गरेको अनुसन्धानबाट खुलेको थियो।

मूल्यांकन समितिले सबैभन्दा बढी रकम कबोल गर्ने हस्पिटेक इन्टरप्राइजेज प्रालि तिनकुनेद्वारा पेस भएको बोलपत्र स्वीकृत गर्ने

» पृष्ठ २ मा क्रमशः



■ एसईईमा 'डिजिटल' चोरी

रौतहटमा एक हजार मोबाइल बरामद

सिराहाका केन्द्रबाट २५२ थान मोबाइल र २१ थान स्मार्ट घडी बरामद

लहानमा **मणिलाल विश्वकर्मा**
काठमाडौंमा **शिवहरि घिमिरे**

आचारसंहिताविपरीत एसईईको परीक्षा हलमा मोबाइलै बोकेर जाने र चिट चोर्ने गरेको डरलाग्दो प्रवृत्ति देखिएको छ। 'डिजिटल' चिट चोरीका घटना प्रश्नपत्रको गोपनीयता र अनुशासित परीक्षाका लागि चिन्ताको विषय हो। यसबाहेक एसईईमा अनुशासनविपरीतका अरू धेरै घटना पनि सार्वजनिक भएका

» पृष्ठ २ मा क्रमशः

करिब १५ हजार विद्यार्थी अनुपस्थित

राष्ट्रिय परीक्षा बोर्ड कक्षा १० का परीक्षा निरीक्षक नन्दलाल पौडेलका अनुसार यसपटक एसईईमा ३.५४ प्रतिशत (करिब १५ हजार) विद्यार्थी अनुपस्थित छन्। 'यसपटक देशभरका विद्यालयका कक्षा १० मा भर्ना भएका विद्यार्थी संख्या पाँच लाख चार हजार ४१४ हो। यसमध्ये रजिस्ट्रेसन फारम भर्ने विद्यार्थी संख्या र प्रवेशपत्र लिने विद्यार्थी संख्या चार लाख ७५ हजार मात्रै हो। तर, त्यसमध्ये पनि १५ हजार विद्यार्थी परीक्षामा अनुपस्थित छन्,' उनले भने, 'कामको खोजी र पारिवारिक समस्याका कारणले उनीहरू परीक्षा दिनबाट वञ्चित भएका हुन सक्छन्,' परीक्षा बोर्डले ती विद्यार्थीको अनुपस्थितिबारे सोधखोज थालेको छ।

नेपालमा ग्रिन हाइड्रोजन उत्पादन सुरु

पानी र बिजुलीबाट पाँच सय रुपैयाँमा एक केजी ग्रिन हाइड्रोजन निकाल्न सकिने, त्यसबाट साना गाडी सय किलोमिटरसम्म गुड्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालमा पहिलोपटक शतप्रतिशत स्वच्छ ऊर्जा अर्थात् ग्रिन हाइड्रोजन उत्पादन सुरु भएको छ। काठमाडौं विश्वविद्यालय (केयू)को ग्रिन हाइड्रोजन ल्याबले अनुसन्धान प्रयोजनका लागि बनाएको धुलिखेलस्थित स्टेसनबाट आइतबारदेखि ग्रिन हाइड्रोजन उत्पादन भएको हो।

उत्पादनसँगै स्टेसनबाट ग्रिन हाइड्रोजनको भण्डारण र रिफ्युलिङ (हाइड्रोजन गाडीमा हाल्ने)समेत गर्न सकिन्छ। केयूले आइतबार नै उक्त प्लान्टबाट आफ्नै

» पृष्ठ ११ मा क्रमशः



केयूको ग्रिन हाइड्रोजन ल्याबले अनुसन्धान प्रयोजनका लागि करिब डेढ करोड लगानीमा तयार पारेको धुलिखेलस्थित स्टेसन

यो अवसर गुमाउनुहुन्न, लगानी सम्मेलनमै यसले प्राथमिकता पाउनुपर्छ



● **प्रा.डा. विराजसिंह थापा,** प्रमुख, हाइड्रोजन ल्याब, काठमाडौं विश्वविद्यालय

वास्तवमा नेपालमा समयमै जलविद्युत्को विकास गर्न नसक्दा यसबाट पर्याप्त फाइदा लिन सकिएन। यद्यपि, यसमा अझै व्यावसायिक सम्भावना छ। तर, अर्थतन्त्र विकासका लागि 'हाइड्रोजन' नयाँ अवसरका रूपमा आएको छ। बढ्दो जलवायु परिवर्तनका कारण यसको व्यावसायिक सम्भावना उच्च छ। विश्वबजारमा यसको आवश्यकता बढ्दै छ, जुन ऊर्जाको उत्पादन नेपालमा पनि सम्भव छ। अर्थतन्त्र विकासका लागि यो एकदमै ठूलो अवसर हो। यसका लागि आवश्यक नीतिगत व्यवस्था गर्न र परियोजना विकास गर्न ढिलाइ गर्नुहुँदैन। तत्काल राजनीतिक र नीतिगत तहबाट अघि बढ्नुपर्छ। लगानी सम्मेलनमै यसले प्राथमिकता पाउनुपर्छ।

mi.com



प्रधानमन्त्री र आइजिपीले गृहमन्त्रीलाई 'क्लिन चिट' दिएको भन्दै कांग्रेसको आपत्ति

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारी ठगी प्रकरणमा संलग्न उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई प्रधानमन्त्री र प्रहरी प्रमुखले न्यायाधीश बनेर सफाइ दिएको भन्दै आपत्ति जनाएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ६ चैतमा प्रतिनिधिसभामा र नेपाल प्रहरीका आइजिपी वसन्त कुँवरले १४ चैतमा राज्य व्यवस्था तथा सुशासन समितिमा हालसम्मको अनुसन्धानले सहकारी अपचलनमा गृहमन्त्री लामिछानेको संलग्नताको कुनै आधार र तथ्य प्रमाण नदेखिएको बताएका थिए। स्वयं लामिछानेले पनि सहकारी प्रकरणमा आफ्नो नाम नियोजित रूपमा मुछ्नेबाहेक कुनै साइनो नरहेको स्पष्टीकरण दिइरहेका छन्।

२१ फागुनमा सत्तासमीकरण परिवर्तनसँगै प्रमुख प्रतिपक्षीको भूमिकामा पुगेको कांग्रेसले २४ फागुनदेखि सहकारी प्रकरणमा लामिछानेको संलग्नता रहेको दाबी गर्दै राजीनामा तथा संसदीय छानबिन समिति गठनको माग गरिरहेको छ। सहकारी प्रकरणमा जाहेरी परेर अनुसन्धानको दायरामा रहेको व्यक्तिलाई छानबिन गर्ने मन्त्रालयको जिम्मा दिएर स्वार्थ बाझिएको तर्क गरिरहेको कांग्रेसले विवादित मन्त्री क्याबिनेटमा रहन नहुने तत्कालीन प्रतिपक्षी एमालेको माग तथा गठबन्धन नै फेरेर मन्त्री हट्दा उक्त विषय सम्बोधन भएको भन्ने प्रधानमन्त्रीको जवाफलाई उल्लेख गरेर लामिछानेको राजीनामा मागिरहेको छ।

प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा पनि कांग्रेसले गृहमन्त्री लामिछानेको राजीनामा र संसदीय छानबिन गठनको माग दोहोऱ्याएको हो। बैठकको सुरुवातमै विशेष समय लिएर बोल्दै सांसद सञ्जयकुमार गौतमले प्रधानमन्त्री र आइजिपीले गृहमन्त्रीलाई क्लिन चिट दिँदा संशय पैदा भएको बताए। तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले सहकारी ठगी प्रकरणमा छानबिन गरिरहेको र अपराधीलाई उम्किन नदिने भनेको उल्लेख गर्दै गौतमले निष्पक्ष रूपमा निष्कर्षमा पुग्नुपर्नेमा सरकार फेरिँदा अनुसन्धानमा रहेको व्यक्तिलाई गृहमन्त्रीको कुर्सीमा पुऱ्याउनु आपत्तिजनक भएको बताए।

> कांग्रेस सांसद सञ्जयकुमार गौतमले सोधे-
> **जनताको करोडौँ रकम अपचलन भएको छ, न्याय निरूपण कसरी हुन्छ ?**

'त्यति मात्रै होइन, हामीले जवाफ खोज्दा प्रधानमन्त्रीले न्यायाधीशजस्तो, हुकुम प्रमांगी दिने राजामहाराजाजस्तो क्लिन चिट दिने प्रयास गरे। सुरक्षा प्रमुखले पनि यो विषयलाई फासफुस ढंगले क्लिन चिट दिने प्रयास गरे,' उनले भने, 'यसले गर्दा हामीले उठाइरहेको मुद्दामा गम्भीर प्रश्न जन्मिएको छ। प्रधानमन्त्री र प्रहरी प्रमुखको जवाफ तथा विकसित घटनाक्रमले संशय पैदा भएको छ। यसको न्याय निरूपण कसरी हुन्छ ?'

सांसद गौतमले अनुसन्धानको दायरामा रहेको व्यक्ति च्यापेर सुशासन नआउने बताए। 'ठूलो माछा छानबिन गर्छु भन्ने प्रधानमन्त्रीले ठूलो माछा काखीमा च्यापेर सानो माछा मात्रै खोजी गर्ने कुरा देखाएर प्रतिबद्धता पुग्छ ?' उनले सोधे, 'बुटवल, चितवन, पोखराका दर्जनौँ सहकारीको ९० हजार बचतकर्ताको ८० करोडभन्दा बढ्ता रकम गोर्खा मिडिया नेटवर्कको नाममा गएको छ, त्यो आज सञ्चालनमा पनि छैन, अब त्यो अपचलन भएको रकम कसले दिने हो ? प्रभावित जनताले कसरी न्याय पाउने हो ?'

सांसद गौतमले स्वार्थ बाझिएको भन्दै गृहमन्त्री लामिछानेलाई नैतिकता देखाउन अनुरोध गरे। विगतमा एमालेबाट प्रश्न उठ्दा तत्कालीन अर्थमन्त्री रामशरण महतले राजीनामा दिएर मार्गप्रशस्त गरेको उल्लेख गर्दै सांसद गौतमले सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा गोकुल बाँस्कोटा, बजेट निर्माणसम्बन्धी प्रश्नमा जनार्दन शर्मा, बंगलादेशमा चिकित्सा शिक्षा पढ्ने नेपाली विद्यार्थीबारे दिएको अभिव्यक्तिमा प्रश्न उठ्दा शेरबहादुर तामाङ र पूर्वसभामुख कृष्णबहादुर महराले नैतिकताका आधारमा राजीनामा दिएको बताए। 'नैतिकताको पनि ठूलो प्रश्न हो, यो विषयमा सरकार गम्भीर हुनुपर्छ,' उनले भने। गौतमले संसदीय छानबिन समिति गठन गरेर तत्काल यो विषय निरूपण गर्न सरकारको ध्यानाकर्षण गराए। 'सरकार गम्भीर बनोस्, संसदीय समिति बनाओस्। यो मुद्दालाई चाँडोभन्दा चाँडो निष्कर्षमा पुगोस्। सरकारमा बस्ने व्यक्तिहरूले नैतिकता र कानुनी बाटो प्रशस्त गर्नलाई सहज वातावरण निर्माण गरून्। होइन भने हामी संसद् अवरोध गर्नुपर्ने ठाउँमा पुग्छौँ, आमजनतामा लिएर जान्छौँ,' उनले भने।

एउटै कम्पनीबाट...

पृष्ठ १ बाट क्रमशः

दुई वर्ष लामो अनुसन्धानबाट कम्पनीको करछली पुष्टि भएपछि मुद्दा दायर गरिएको उनको भनाइ छ। विभागले कम्पनीका प्रतिनिधिहरू डा. एमाद रिजेक, ब्रेट मगुन, केरी एस्किन, मिटर क्यास्पो र अपर्णा कथुरलाई समेत विपक्षी बनाएर मुद्दा दायर गरेको छ।

कोटिभिटी नेपाल प्रालि नेपालमा दर्ता भएको पूर्ण विदेशी लगानी भएको कम्पनी हो। जसले नेपालबाट अमेरिकामा सफ्टवेयर निर्यात गर्दै आएको छ। प्यान नम्बर ३०१६१६१९१ रहेको यो कम्पनीको सम्पूर्ण १७ लाख पाँच हजार २०२ कित्ता सेयर कोटिभिटी इन्क, अमेरिकासँग छ। यसबाहेक कम्पनीले स्वास्थ्यसम्बन्धी विश्लेषणसमेत गर्दै आएको छ। हाल उक्त कम्पनीमा ६ सय २० कर्मचारी कार्यरत छन्। उच्च तहबाहेक सबैजसो नेपाली कर्मचारी रहेको विभागले जनाएको छ।

कम्पनीको तर्फबाट २७ फागुन ०७१ मा प्रमाणित सेयरधनी दर्ता किताबअनुसार आर्थिक वर्ष ०७२/७३ मा कम्पनीको कुल १७ लाख पाँच हजार दुई सय दुई कित्ता सेयर भेरिक्स हेल्थ इन्क अमेरिकाको नाममा रहेको थियो। त्यसको करिब चार वर्षपछि कम्पनीको सेयर स्वामित्व परिवर्तन भएको देखिन्छ। २१ जेठ ०७५ मा कम्पनीको तर्फबाट प्रमाणित सेयरधनी दर्ता किताबअनुसार कम्पनीको एकल सेयरधनी भर्सेन्ड टेक्नोलोजी इन्क, अमेरिकासँग रहेको देखिन्छ। त्यस्तै, २६ कात्तिक ०७५ मा कम्पनीको एक सेयरधनी कोटिभिटी इन्क, अमेरिका रहेको देखिएको विभागले जनाएको छ। यसरी कम्पनीको सेयर स्वामित्व पटक-पटक परिवर्तन भएको तर, लाभमा कुनै कर नतिरेको भेटिएको विभागका महानिर्देशक ढुंगानाले बताए।

कोटिभिटी नेपाल प्रालिको सुरुको नाम भेरसिक इन्फरमेसन टेक्नोलोजी प्रालि थियो। २८ साउन ०७३ मा कम्पनीको नाम परिवर्तन गरी भर्सेन्ड टेक्नोलोजी प्रालि राखियो। सेयरधनीको निर्णयअनुसार कायम गरिएको नयाँ नामलाई कम्पनी रजिस्ट्रारको कार्यालयले ८ भदौ ०७३ मा स्वीकृत प्रदान गरेको देखिएको विभागले जनाएको छ। त्यस्तै, १ कात्तिक ०७५ को कम्पनी सेयरधनीको विशेष निर्णयअनुसार भर्सेन्ड टेक्नोलोजी प्रालिको नाम परिवर्तन गरी कोटिभिटी नेपाल प्रालि कायम गरिएको देखिन्छ। कम्पनीले नयाँ नाम परिवर्तनका लागि ८ पुस ०७५ मा निवेदन दिएको थियो।

'कम्पनीले आफूमा निहित सेयर स्वामित्वमा भएको परिवर्तन र सोबाट कम्पनीको नियन्त्रणमा परिवर्तन भएको विषयमा सम्बन्धित निकायहरूमा कुनै जानकारी नदिई सोबमोजिम सिर्जना हुने प्रचलित कानुनबमोजिमको कर दायित्व पूरा नगरी राजस्व चुहावट गरेको पुष्टि भएकाले ४१ करोड ६४ लाख १७ हजार रुपैयाँ बिगो र सोहीबमोजिमको जरिवाना मागदाबी गरिएको छ,' विभागले उल्लेख गरेको छ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ र अनुसूची-२ अनुसार सेवाको कारोबारमा शून्यदरमा कर लाग्ने व्यवस्था गरिएको छ। ऐनले नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानुनी रूपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवाको कारोबारमा शून्यदरमा भ्याट गणना हुन्छ। कम्पनीले सोही दफाको व्याख्या गर्दै शून्य भ्याटको सुविधा लिएको देखिन्छ। तर, कम्पनीले आफ्नो माउ कम्पनीलाई मात्रै निर्यात गर्ने गरेकाले उक्त दफा आकर्षित हुने नदेखिएको राजस्व अनुसन्धान विभागका महानिर्देशक ढुंगानाले बताए।

'कानुनले नेपालमा व्यावसायिक सम्बन्ध नभएको विदेशी कम्पनीलाई निर्यात गर्दा मात्रै शून्य भ्याट लाग्ने व्यवस्था गरेको छ, अन्यथा १३ प्रतिशत भ्याट नै तिर्नुपर्ने हुन्छ,' उनले भने, 'कोटिभिटीले अमेरिकास्थित आफ्नो माउ कम्पनी कोटिभिटी इन्कलाई सेवा निर्यात गरेको देखिन्छ, निर्यात कारोबार गर्ने दुई कम्पनीबीच व्यावसायिक सम्बन्ध देखिएकाले १३ प्रतिशत नै भ्याट तिर्नुपर्ने हुन्छ।'

कोटिभिटी नेपाल प्रालिले २१ वैशाख ०८० मा राजस्व अनुसन्धान विभागलाई लेखेको पत्रमा कम्पनीले वस्तु तथा सेवाको निर्यात कोटिभिटी इन्क अमेरिकालाई गरेको व्यहोरा उल्लेख गरेको छ। कोटिभिटी नेपालले उत्पादन गरेको सेवा कोटिभिटी इन्कलाई बाहेक अरूलाई बिक्री गरेको नदेखिएको विभागले जनाएको छ। '२६ भदौ ०७६ मा अद्यावधिक गरेको सेयरधनी दर्ता किताबमा सेयरधनीको नाम तथा ठेगानामा कोटिभिटी इन्क अमेरिका उल्लेख गरेको र कोटिभिटी इन्क नै संस्थापक सेयरधनी देखिएको छ,' विभागले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'यसबाट कोटिभिटी इन्क मुख्य कम्पनी (होल्डिङ कम्पनी) र कोटिभिटी नेपाल प्रालि सहायक कम्पनी (सब्सिडरी कम्पनी) भएको तथ्य स्थापित हुन्छ।'

कोटिभिटी नेपाल प्रालिले २१ वैशाख ०८० मा विभागमा पेस गरेको विवरणले कम्पनीले वस्तु तथा सेवा निर्यात गरिएका कम्पनीहरूमा डिटू हवाकी इन्क, भरिस्क हेल्थ इन्क, भर्सेन्ड टेक्नोलोजिज इन्क र कोटिभिटी इन्क रहेको उल्लेख गरेको छ। कम्पनीले उल्लेख गरेको विवरणले कोटिभिटी इन्क मुख्य कम्पनी र कोटिभिटी नेपाल प्रालि सहायक कम्पनी पुष्टि हुने ढुंगानाले बताए।

कोभिड...

पृष्ठ १ बाट क्रमशः

निर्णय गरी एचडियू उपकरण खरिद गरेको थियो। खरिद प्रक्रियामा तीन कम्पनीले बोलपत्र पेस गरेका थिए। तर, अनिवार्य रूपमा पेस गर्नुपर्ने कागजात तीनवटै बोलपत्रदाताले पेस गरेका थिएनन्। त्यस्तो अवस्थामा पुनः बोलपत्र प्रक्रिया थालनी गर्नुपर्ने कानुनी व्यवस्था छ। तर, त्यसो गरिएन।

कोभिड महामारीको विशेष परिस्थिति देखाई अत्यावश्यक स्वास्थ्य पूर्वाधारका लागि उपकरण खरिद गर्नैपर्ने बाध्यता रहेको अवस्था मान्दासमेत सबैभन्दा कम रकम कबोल गर्ने बोलपत्रदातालाई छनोट गर्नुपर्ने हुन्थ्यो। तर, सबैभन्दा धेरै कबोल गरेको पण्डित सञ्चालक रहेको हस्पिटेक इन्टरप्राइजेज प्रालिलाई कानुनविपरीत ठेक्का दिइएको थियो।

सबैभन्दा कम रकम कबोल गर्ने कम्पनी र बढी कबोल गरेर पनि छनोट भएको हस्पिटेकको मूल्य अन्तरलाई बिगो कायम गरेर अख्तियारले मुद्दा दायर गरेको हो। 'गैरकानुनी लाभ लिने बदनियतले सबैभन्दा बढी कबोल गर्ने बोलपत्रदातालाई छनोट गरेकाले यसरी तेस्रो हुने र पहिलो हुने फर्महरूद्वारा कबोल गरिएको रकमको अन्तर दुई करोड ८९ लाख ६६ हजारबराबर अस्वाभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने कार्य गराएको पुष्टि भयो,' अख्तियारले दायर गरेको आरोपपत्रमा उल्लेख छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम भ्रष्टाचारजन्य कसुरमा अख्तियारले संलग्न कर्मचारी, आपूर्तिकर्ता कम्पनी, कम्पनी सञ्चालक र कम्पनीका बजार व्यवस्थापकविरुद्ध जनही दुई करोड ८९ लाख ६६ हजार ५० रुपैयाँ बिगो कायम गरी मुद्दा चलाएको छ। कर्मचारीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को (ञ) बमोजिमको कसुरमा सोही दफाको उपदफा १ बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुलउपर गर्न अख्तियारले भनेको छ।

मालसामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेको र अस्वाभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने, गराउने कसुरमा अख्तियारले मुद्दा दायर गरेको हो। उक्त कसुरमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर गर्ने व्यवस्था छ। त्यस्तै, मूल्यांकन समितिबाट गलत लिखत तयार गरी प्रतिवेदन दिएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा अतिरिक्त सजायको मागदाबी अख्तियारले गरेको छ। यस्तो कसुरको मात्राअनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ।

त्यस्तै, हस्पिटेक इन्टरप्राइजेज प्रालि र त्यसका सञ्चालक पण्डितविरुद्ध मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार गरेको अभियोग छ। उक्त कम्पनी र सञ्चालकविरुद्ध पनि ऐनको दफा ८ (१) लाई आधार मानी दफा २२ अनुसार मुख्य कसुरदारलाई हुनेबराबरकै सजाय मागदाबी गरिएको छ। कम्पनीका बजार व्यवस्थापक मनोजकुमार आचार्यलाई पनि सोहीबमोजिम पूरा बिगो र सजाय मागदाबी अख्तियारले गरेको छ।

नेपालमा ग्रिन...

पृष्ठ १ बाट क्रमशः

हाइड्रोजन गाडीमा ग्रिन हाइड्रोजन रिफ्युलिङसमेत गरेको छ। केयूले 'उत्पादन-भण्डारण-वितरण' मोडेलमा यो परियोजना बनाएको छ, जसको प्राविधिक नाम 'अन साइट ग्रिन हाइड्रोजन प्रडक्सन एन्ड रिफ्युलिङ' हो। यस स्टेसनमा हाइड्रोजनलाई सात दिनसम्म भण्डारण गर्न सकिनेछ। केयू हाइड्रोजन ल्याबका प्रमुख प्रा.डा. विराजसिंह थापाले हाइड्रोजनको उत्पादन, भण्डारण र वितरणको परीक्षण सफल भएको बताए। यसले नेपालमा हाइड्रोजन उत्पादनको सम्भाव्यतालाई व्यावहारिक रूपमै पुष्टि गरेको उनको भनाइ छ।

केयूले आफ्नै प्रविधिमा यो प्लान्ट बनाएको हो। केयूले स्टेसनको डिजाइन गरेर कोरियाको लाइट ब्रिज कम्पनी उपकरण बनाउन आग्रह गरेको थियो, त्यसकै आधारमा कोरियन कम्पनीले यसका लागि आवश्यक पर्ने उपकरण तयार गरेको प्रा.डा. थापाले बताए। करिब डेढ करोड लगानीमा स्टेसन तयार गरिएको उनको भनाइ छ।

केयूले अनुसन्धानका लागि आफ्नै आधारभूत डिजाइनको हाइड्रोजन कार गत मंसिरमा कोरियाबाट ल्याएको थियो। केयूकै डिजाइनमा कोरियाको हुन्डाई कम्पनीले उक्त कार बनाएको थियो। ३३ हजार डलरमा केयूले त्यो गाडी ल्याएको थियो। अनुसन्धान प्रयोजनका लागि भएर यसमा पनि भन्सार राजस्वलगायत करमा छुट दिइएको थियो।

यसअघि केयूले ल्याब प्रयोजनलाई नगण्य रूपमा हाइड्रोजन उत्पादन गरे पनि इन्धनका रूपमा उत्पादन गरेको थिएन। आइतबारदेखि भने केयूपरिसरमा उक्त कार अनुसन्धान प्रयोजनका लागि सञ्चालनमा आएको प्रा.डा थापाले बताए।

सरकारले गत माघमा 'हाइड्रोजन नीति, २०८०' लागू गरेको छ। तर, हाइड्रोजनको उत्पादन, भण्डारण, वितरण तथा व्यापारसम्बन्धी कुनै पनि कानुनी व्यवस्था छैन। साथै, हाइड्रोजन गाडीको आयात, दर्ता, नम्बर प्लेटसम्बन्धी पनि कानुनी व्यवस्था छैन। तसर्थ, केयूको हाइड्रोजन कार पनि दर्ता भएको छैन। रुट परमिट र नम्बर प्लेटसमेत नभएको उक्त गाडी केयूपरिसरमै अनुसन्धान प्रयोजनमा सञ्चालन हुने प्रा.डा. थापाले बताए। 'विश्वविद्यालयले सैद्धान्तिक रूपमा व्यवसाय गर्दैन नै, अनुसन्धानकै काम गर्ने हो। तसर्थ, हामी यसलाई अनुसन्धानकै रूपमा अघि बढाउँछौँ,' उनले भने, 'तर, नेपालमा हाइड्रोजनको उत्पादनमा यो कोसेढुंगा हो। अब यसकै आधारमा निजी क्षेत्र तथा सरकारले व्यावसायिक स्टेसन बनाउन सक्छन्। हिजो दिनमा नेपालमा हाइड्रोजन उत्पादन सम्भव भएको भनिए पनि व्यावहारिक रूपमा पुष्टि भएको थिएन। प्रविधि कस्तो हुन्छ ? भन्नेबारे पनि थाहा थिएन। अहिले नेपाल प्राविधिक रूपमा हाइड्रोजन उत्पादनका लागि योग्य देखियो। अब यसमै लगानी जुटाउन अघि बढ्नुपर्छ।'

नेपालको अर्थतन्त्रको विकास गर्न यो ठूलो अवसर भएको पनि उनले बताए। बढ्दो जलवायु परिवर्तनका कारण यसको महत्त्व बढ्दै गएकाले व्यावसायिक सम्भावना पनि उच्च रहेको उनले बताए। 'ऊर्जामा आएको हाइड्रोजन प्रविधिले नेपाललाई पुनः अवसर प्रदान गरेको छ। नेपालमा यसको उत्पादन गर्न सक्ने कुरालाई व्यावहारिक रूपमा नै पुष्टि गरियो। अब नीतिगत र राजनीतिक रूपमा यो मुद्दा अघि बढाउनुपर्छ। छिटोभन्दा छिटो यसको विकासमा अघि बढ्नुपर्छ,' उनले भने।

विश्व बजारमा ग्रिन हाइड्रोजन उदायमान ऊर्जा हो। बढ्दो जलवायु परिवर्तनका कारण शतप्रतिशत स्वच्छ ऊर्जा मानिने ग्रिन हाइड्रोजनको महत्त्व र प्रयोग गर्नुपर्ने दबाब बढ्दो छ। नेपालमा भने यो पूर्णतः नयाँ प्रविधि हो। मुख्यतः बिजुलीले पानीलाई टुक्र्याएर हाइड्रोजन उत्पादन गरिन्छ। इलेक्ट्रोलाइसिस प्रक्रियामार्फत पानीमा हुने अक्सिजन र हाइड्रोजन टुक्र्याइन्छ। नेपालमा प्रशस्त मात्रामा पानी छ। साथै, विद्युत् उत्पादन पनि बढ्दै गएको छ। त्यो अवस्थामा नेपालमा ग्रिन हाइड्रोजनको उत्पादन सम्भव भएको बताइन्छ।

केयूले विभिन्न पाँच चरणमा ग्रिन हाइड्रोजन निकाल्नेछ। केयूले यसमा धाराको पानी नै प्रयोग गरेको छ। पहिलो चरणमा उक्त पानीलाई सफा गरिन्छ। दोस्रो चरणमा पानीमा भएको मिनिरल निकाल्ने काम गरिन्छ। त्यसपछि बिजुली प्रयोग गरेर (इलेक्ट्रोलाइसिस प्रक्रिया) पानीलाई हाइड्रोजन र अक्सिजन छुट्याइनेछ। त्यसरी निस्किएको हाइड्रोजनलाई प्रशोधन गरी शुद्धीकरण गरिन्छ। त्यसपछि त्यसलाई 'लो कम्प्रेसर'वाला ट्यांकीमा भण्डार गरिन्छ। रिफ्युलिङ (गाडीमा भर्न)का लागि भने 'हाई कम्प्रेसर' ट्यांकीमा भण्डारण गरेर गाडीमा रिफ्युलिङ गरिनेछ।

रौतहटमा...

पृष्ठ १ बाट क्रमशः

छन्। राष्ट्रिय परीक्षा बोर्डले परीक्षा दिने विद्यार्थी मात्रै नभएर त्यहाँ खटिने कर्मचारीलाई समेत मोबाइल फोनमा प्रतिबन्ध लगाएको छ। तर, कैयौँ विद्यार्थीले मोबाइल फोनबाटै चिट चोरेको पाइएको छ। उसको उदाहरण हो-परीक्षा सुरु भएयता रौतहटका विभिन्न केन्द्रबाठ एक हजार मोबाइल बरामद भएको परीक्षा बोर्डले बताएको छ।

मधेशका अन्य जिल्लामा पनि मोबाइल फोन बोकेर जाने विद्यार्थी भेटिएका छन्। आइतबार परीक्षामा सप्तरीका केन्द्रमा मोबाइल हेरेका ७१ परीक्षार्थी परीक्षा हलबाट निकालिएका छन्।

परीक्षा सुरु भएयता तीन दिनमा सिराहा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट दुई सय ५२ थान मोबाइल र २१ थान स्मार्ट घडी बरामद भएको छ। नक्कली परीक्षार्थीसहित तीनजनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। १६ चैतमा नै सिराहाकै जनता मावि गोलबजारमा एक विद्यार्थीको मोबाइलबाट प्रश्नपत्र बाहिरिएको भेटिएको छ।

एनएमबि बैंकको कर्जा सुरक्षणवापत बैंकको नाममा रहेका सवारी साधन बुझाउने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०/१२/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस एनएमबि बैंक लि. बाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको सययमा बुझाउनु पर्ने साँवा तथा ब्याज लगायतका रकम तिर्नका लागि ऋणीहरुलाई पटक पटक मौखिक, लिखित तरताकेता गरेको तथा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी अनुरोध गर्दा समेत कर्जा चुक्ता नगरेकाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जा रकम चुक्ता गर्न वा धितोमा रहेको तपसीलमा उल्लेखित सवारी साधन बैंकमा बुझाई दिनुहुन अनुरोध गर्दछौं। उपरोक्त तोकिएको म्याद भित्र बैंकलाई उल्लेखित सवारी साधन बुझाउनु नभएमा कानून बमोजिम प्रकिया अगाडी बढाईने व्यहोरा यसै सूचनाबाट सूचित गराउदँछौ।

तपसिलमा उल्लेखित सवारी साधनहरु ऋणी बाहेक अन्य कसैको नियन्त्रणमा रहे भए यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र बैंकको कुनै पनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछौं। उल्लेखित सवारी साधनहरु कसैले अनाधिकृत रुपमा नियन्त्रणमा राखेको देखिएमा कानून बमोजिम आवश्यक कारवाही चलाईने व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैलाई सूचित गरिन्छ। साथै उल्लेखित सवारी साधन सम्बन्धमा कोहि कसैलाई जानकारी भएमा समेत यस बैंकको कुनै पनि शाखा कार्यालयमा जानकारी गराई दिनुहुन अनुरोध गर्दछौं।

तपसिल

क.स	ऋणीको तिनपुस्ते नाम र ठेगाना	जमानतकर्ताको तिनपुस्ते नाम र ठेगाना	सवारीसाधनको विवरण
१.	**कर्जा शिर्षकः सवारी साधन कर्जा** **ऋणीको नामः राईन सप्लायर्स** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजमा दर्ता रहेको) दर्ता नं.: २८०१/२८१/०६८/६९ दर्ता मितिः २०६८/०६/१० स्थायी लेखा नं.: ३०५१६६२८३ ठेगानाः धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७। **प्रोप्राईटरः** **सलामत राइन** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३९६९८०५० (२०६१/०५/२४/धनुषा) बाजेको नामः मौजे कवारी बाबुको नामः हकिम राइन ठेगानाः धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।	**व्यक्तिगत जमानतकर्ताः** **खुशबु खातुन** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७-०१-७३-०५८९० (२०७३/०४/२३/धनुषा) बाबुको नामः अकबर कवारी ससुराको नामः हकिम राइन पतिको नामः सलामत राइन ठेगानाः धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।	धनी एनएमबि बैंक लि./ऋणी **राईन सप्लायर्स**को नाममा वाग्मती प्रदेश ३ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः सवारीसाधनको विवरणः कम्पनीः- **SKODA AUTO VOLKSWAGEN** मोडलः- **Kushaq Style 1.0** सवारी दर्ता नं.:- बाग्मती प्रदेश ०१ ०२६ च १३४४ बनेको सालः- २०२१ च्यासिस नं.:- **MEXKPGPA2MG012280** इन्जिन नं.:- **DTB005773**
२.	**कर्जा शिर्षकः हायर पर्चेज कर्जा** **ऋणीको नामः विनोद कन्स्ट्रक्सन प्रा.लि.** (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी र जिष्ट्रारको कार्यालय मा दर्ता रहेको) दर्ता नं.: १५५०५३/०७३/०७४ दर्ता मितिः २०७३-०५-१६ स्थायी लेखा नं.: ६०४३१७१४८ ठेगानाः तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं ११, खैरेनीटार। **शेयरधनी तथा जमानतकर्ताः सोम प्रसाद श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६०३५६ (२०५९/०९/०१/तनहुँ) बाजेको नामः शिव लाल श्रेष्ठ बाबुको नामः राम प्रसाद श्रेष्ठ ठेगानाः तनहुँ जिल्ला, छाङ गा.वि.स वडा नं. ४ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ७।	**व्यक्तिगत जमानतकर्ताः** **विनोद श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४३१०३५/१०७४९७ (२०६५/०३/२९/तनहुँ) बाजेको नामः प्रेम लाल श्रेष्ठ बाबुको नामः नविनलाल श्रेष्ठ ठेगानाः तनहुँ जिल्ला, खैरेनीटार गा.वि.स वडा नं. ९।	धनी एनएमबि बैंक लि. (साविक ओम डेभलपमेन्ट बैंक लि.)/ऋणी **विनोद कन्स्ट्रक्सन प्रा.लि.**को नाममा गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः सवारीसाधनको विवरणः कम्पनीः- **JCB, India** किसिमः- **Backhoe Loader** मोडलः- **JCB 3DX super** सवारी दर्ता नंः- ग.१.क-३६३१ बनेको सालः- २०१७ च्यासिस नं.:- **HAR3DXSUJ01501517** इन्जिन नं.:- **H00142547**
३.	**कर्जा शिर्षकः हायर पर्चेज कर्जा** **ऋणीको नामः ओनेक्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय मा दर्ता रहेको) दर्ता नं.: २०३८२३/०७५/०७६ दर्ता मितिः २०७५-०८-२० स्थायी लेखा नं.: ६०६५३११३५ ठेगानाः तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं ७, सरस्वती मार्ग। **शेयरधनी तथा जमानतकर्ताः विनोद श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४३१०३५/१०७४९७ (२०६५/०३/२९/तनहुँ) बाजेको नामः प्रेम लाल श्रेष्ठ बाबुको नामः नवीनलाल श्रेष्ठ ठेगानाः तनहुँ जिल्ला, खैरेनीटार गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ७।	**व्यक्तिगत जमानतकर्ताः** **नवीनलाल श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): १३३ (२०४४/१२/२०/तनहुँ) बाजेको नामः रेशम लाल श्रेष्ठ बाबुको नामः प्रेम लाल श्रेष्ठ ठेगानाः तनहुँ जिल्ला, छाङ गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं ७।	धनी एनएमबि बैंक लि. (साविक ओम डेभलपमेन्ट बैंक लि.)/ऋणी **ओनेक्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**को नाममा बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः सवारीसाधनको विवरणः क) कम्पनीः- **Gainwell Commosales Pvt. Ltd** किसिमः- **Excavator** मोडलः- **CAT320D2** सवारी दर्ता नं.:- बा.३.क-२८५२ बनेको सालः- २०१८ च्यासिस नं.:- **RSB1862** इन्जिन नं.:- **H7600117** ख) कम्पनीः- **Gainwell Commosales Pvt. Ltd** किसिमः- **Excavator** मोडलः- **CAT320D2** सवारी दर्ता नं.:- बा.३.क-२८५० बनेको सालः- २०१८ च्यासिस नं.:- **RSB1883** इन्जिन नं.:- **H7600160**
४.	**कर्जा शिर्षकः हायर पर्चेज कर्जा** **ऋणीको नामः नरेन्द्र बहादुर गुरुङ्ग** ना.प्र.प.नं. (जारी मिति/स्थान): २९२९२ (प्र.प्र.२०७४/०३/१५/धादिङ्) बाजेको नामः बुढा थोकी गुरुङ बाबुको नामः इन्द्र ब. गुरुङ ठेगानाः धादिङ् जिल्ला, बेनीघाट रोराङ्ग गा.पा., वडा नं. ८ स्थायी ठेगाना भई हाल बागलुङ जिल्ला, बागलुङ न.पा., वडा नं. १, रामरेखा।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१. उमेश राज भण्डारी** ना.प्र.प.नं. (जारी मिति/स्थान): १०९२/८६० (२०४६/०३/१४/बाग्लुङ्ग) बाजेको नामः भुमेश्वर राजभण्डारी बाबुको नामः भक्तिराज भण्डारी ठेगानाः बागलुङ जिल्ला, बागलुङ न.पा., वडा नं. ३। **२.सगुन राजभण्डारी** ना.प्र.प.नं. (जारी मिति/स्थान): १००१/३५६१४ (२०६९/१०/०४/बाग्लुङ्ग) बाजेको नामः भक्ति कुमार राजभण्डारी बाबुको नामः सरद कुमार राजभण्डारी ठेगानाः बागलुङ जिल्ला, बागलुङ न.पा., वडा नं. ३। **३. पार्वती गुरुङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५६१ (२०४५/०१/०८/पर्वत) बाजेको नामः धनराज गुरुङ बाबुको नामः अक्कल बहादुर गुरुङ ठेगानाः पर्वत जिल्ला, आर्थरडाँडाखर्क गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. १४।	१. धनी एनएमबि बैंक लि. (साविक ओम डेभलपमेन्ट बैंक लि.)/ऋणी **श्री नरेन्द्र बहादुर गुरुङ्ग**को नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनहरुः (क) कम्पनीको नाम :- टाटा मोटर्स भारत किसिमः- **LP1512 TC/48**, भाडा बस सवारी दर्ता नं.:- ना ६ ख १९८६ बनेको सालः- २०१६ च्यासिस नं.:- **MAT412032F0K07233** इन्जिन नं.:- **51J84250360** (ख) कम्पनीको नामः- टाटा मोटर्स भारत किसिमः- **LP1512 TC/48**, भाडा बस सवारी दर्ता नं.:- ना ६ ख १९८४ बनेको सालः- २०१६ च्यासिस नंः- **MAT412032F0K07102** इन्जिन नंः- **51J84250621**

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

नन्दी रात्री मा.वि.
नक्साल

दरखास्त आह्वान

नन्दी रात्री मा.वि. नक्सालमा रिक्त रहेको कार्यालय सहयोगी पदको लागि योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ। अन्य विवरणका लागि विद्यालयमा साँझ ५:०० बजेदेखि ७:०० बजेसम्म सम्पर्क राख्न सूचित गरिन्छ।

अध्यक्ष
छनोट समिति

नबिल बैंक लिमिटेडको शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

यस बैंकको निम्न लिखित शाखा, हालको स्थानबाट स्थानान्तरण भई नयाँ परिसरबाट यही मिति २०८० चैत्र २५ गते, तदनुसार 7th April, 2024 देखि सुचारु हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शाखा कार्यालयको नाम	हालको ठेगाना	स्थानान्तरण हुने ठेगाना	स्थानान्तरण हुने मिति	हालको स्थानबाटको दुरी
साल्पासिलिछो शाखा	भोजपुर जिल्ला, साल्पासिलिछो गा.पा.-३, चौकीडाँडा	भोजपुर जिल्ला, साल्पासिलिछो गा.पा.-३, चौकीडाँडा	२०८० चैत्र २५ गते	१०० मि.

सम्पर्क फोन नं.
९८५२०५८०५८ साल्पासिलिछो शाखा।

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाण्डौ फोन नं. ०१-४२३३७८१, ०१-५९७००१५

माधव नेपालको सर्तले गठबन्धनभित्र भागबन्डा जटिल

मुख्यमन्त्री, संघीय मन्त्री, राष्ट्रिय सभा उपाध्यक्षसहित संवैधानिक अंगमा सम्मानजनक भागबन्डाको माग



प्रचण्ड | केपी ओली | माधव नेपाल | रवि लामिछाने | उपेन्द्र यादव

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एकीकृत समाजवादीको सर्तले सत्तागठबन्धनभित्र शक्ति बाँडफाँट जटिल भएको छ। अध्यक्ष माधव नेपालले सत्ता सहकार्यका लागि एक मुख्यमन्त्री, एक संघीय मन्त्री र राष्ट्रिय सभा उपाध्यक्षसहित संवैधानिक अंगमा सम्मानजनक भागबन्डा हुनुपर्ने सर्त राखेका छन्। नेपालको अडानकै कारण मन्त्रिपरिषद् पूर्णता, प्रदेश सरकारको नेतृत्व, उपनिर्वाचनलगायतका समग्र विषयमा छलफलका लागि डाकिएको शीर्ष बैठक विनानिष्कर्ष टुंगिएको छ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा आइतबार भएको सत्तारूढ पाँच दलको शीर्ष बैठकमा नेपालले मुख्यमन्त्रीसहित शक्ति बाँडफाँटमा लिखित रूपमै टुंगिए मात्र सत्ता सहकार्यमा रहन सक्ने सर्त सारेका हुन्। छलफल र भागबन्डामा बेवास्ता भएको भन्दै नेपालले सम्मानजनक बाँडफाँट नभए सोमबार बागमती प्रदेशको मुख्यमन्त्रीलाई विश्वासको मत दिन नसक्ने अडानसमेत राखेका छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीले पहिल्यै सहमति गरेर आफ्नो दललाई बेवास्ता गर्ने गरेको नेपालको गुनासो थियो। 'हाम्रो पार्टी कसैका लागि सत्ताको भर्‍याङ मात्र बन्दैन, पहिले सहमति गर्ने अनि मान्नुपर्‍यो भनेर प्रस्ताव ल्याउने कुरा मान्य छैन,' नेपालको भनाइ उद्धृत गर्दै एकीकृत समाजवादीका एक पदाधिकारीले भने, 'प्रदेशको नेतृत्व बाँडफाँट नभईकनै सरकारको स्थायित्व र विस्तार गर्न लागिएको छ, त्यो मान्य छैन, कोशी र बागमतीमध्ये एउटा नेतृत्व, सम्मानजनक संवैधानिक नियुक्तिलगायतका विषयमा लिखित रूपमै टुंगो लागेन भने हामी बागमती प्रदेशमा विश्वासको मत दिन बाध्य छैनौं।'

बागमती प्रदेशमा एकीकृत समाजवादीसहित पाँच दलले हाम्रो नेपाली पार्टीलाई पनि सरकारमा सहभागी गराएका छन्। एक सय १० सिट रहेको बागमती प्रदेशमा हाम्रो नेपाली पार्टीको सहभागितासँगै बहुमत सुनिश्चित भएपछि मुख्यमन्त्री शालिग्राम जम्कट्टेलले सोमबार विश्वासको मत लिँदै छन्।

१२ चैतको पछिल्लो भेटमा एमाले अध्यक्ष ओली, प्रधानमन्त्री प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्षबीच सरकार विस्तारबारे प्रारम्भिक छलफल भएको थियो। तर, एमालेले कोशी, गण्डकी र कर्णाली, माओवादीले बागमती र लुम्बिनी प्रदेशको नेतृत्व लिने र मधेशमा जसपा र सुदूरपश्चिममा नागरिक उन्मुक्तिलाई मुख्यमन्त्री दिने गरी अलग्गै तयारी भएको भन्दै एकीकृत समाजवादी सशंकित बनेको छ। नेपालको अडानसँगै एकीकृत समाजवादीको पनि नेतृत्वमा दाबीपछि छलफल नयाँ चरणमा प्रवेश गरेको छ। बैठकमा प्रधानमन्त्री प्रचण्डसहित एमाले अध्यक्ष ओली र एकीकृत समाजवादीका अध्यक्ष नेपाल, रास्वपाका अध्यक्ष तथा गृहमन्त्री रवि लामिछाने र जसपाका अध्यक्ष उपेन्द्र यादव सहभागी थिए। त्यस्तै, एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाल पनि बैठकमा उपस्थित थिए। छलफलमा प्रधानमन्त्री प्रचण्डले सबै विषय छलफल गरेरै टुंगो लाग्ने भन्दै सत्तासमीकरणलाई बलियो बनाएर जानुपर्ने धारणा राखेका थिए। 'सबै विषय छलफलबाटै टुंग्याएर जान सकिन्छ, विषयवस्तुहरूमाथि छलफल गर्दै जाऔं,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'अहिलेलाई यो समीकरणमा विश्वासको वातावरण सिर्जना गरी बलियो बनाउनेबाहेक अरू कुरा सोच्न सकिन्न।' प्रधानमन्त्रीले सोमबार बिहान बैठक बसेर अन्तिम टुंगो लगाउन प्रस्ताव गरेका छन्। बैठकमा एमाले अध्यक्ष ओली भने धेरै विषयमा मौन बसेको स्रोतले बतायो।

माओवादी केन्द्रका महासचिव देव गुरुङले सत्तारूढ शीर्ष नेताहरूबीच प्रदेशको नेतृत्वसहित शक्ति बाँडफाँटका विषयमा छलफल जारी नै रहेकाले टुंगो लागिनसकेको बताए। 'उहाँहरूले छलफल गरिरहनुभएको छ, प्रदेशको नेतृत्वसहित सबै विषय अहिले छलफलकै क्रममा रहेकाले टुंगिसकेको अवस्था होइन,' गुरुङले भने, 'छलफल चलिरहेकै बुझिएकाले टुंगो लागेपछि सबै विषय बाहिर आउँछ।

एमाले उपमहासचिव विष्णु रिमालले शीर्ष तहमा छलफल भए पनि अन्य विषयमा आफूलाई कुनै जानकारी नभएको बताए।

बैठकमा नेता नेपालको अडान–

हाम्रो पार्टी कसैका लागि सत्ताको भर्‍याङ मात्र बन्दैन, पहिले सहमति गर्ने अनि मान्नुपर्‍यो भनेर प्रस्ताव ल्याउने कुरा मान्य छैन। प्रदेशको नेतृत्व बाँडफाँट नभईकनै सरकारको स्थायित्व र विस्तार गर्न लागिएको छ, त्यो मान्य छैन, कोशी र बागमतीमध्ये एउटा नेतृत्व, सम्मानजनक संवैधानिक नियुक्तिलगायतका विषयमा लिखित रूपमै टुंगो लागेन भने हामी बागमती प्रदेशमा विश्वासको मत दिन बाध्य छैनौं।

इलाम र बर्झाङमा उम्मेदवार टुंगो लगाउन कांग्रेसले बोलायो बैठक

काठमाडौं/ कांग्रेसले आगामी १५ वैशाखमा इलाम २ र बर्झाङमा हुने उपनिर्वाचनको उम्मेदवार टुंगो लगाउन बैठक बोलाएको छ। कांग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार मंगलबार सभापति शेरबहादुर देउवानिवास बुढानीलकण्ठमा केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाइएको हो। बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी एवं सदस्यको उपस्थितिका लागि निर्देशन गरिएको पौडेलले विज्ञप्तिमार्फत जनाएका छन्। कांग्रेसबाट डम्बर खड्का, नगेन्द्र कुमाल, केशव थापा, भेषराज आचार्य, रमेश लिङ्देन, चन्द्रमाया लिम्बू र शान्तिकला तामाङको नाम केन्द्रमा आइपुगेको छ। पछिल्लो निर्वाचनमा कांग्रेस उम्मेदवार खड्का तत्कालीन एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङसँग एक सय १४ मतको अन्तरले पराजित भएका थिए। अन्य दलको उम्मेदवार हेरेर जित्ने रणनीतिअनुसार उम्मेदवार चयनमा ढिलाइ गरिएको कांग्रेस प्रवक्ता मीन विश्वकर्माले बताए। कांग्रेसले महामन्त्री विश्वप्रकाश शर्मा र सहमहामन्त्री भीष्मराज आङ्देम्बेलाई इलामको वस्तुस्थिति बुझेर उम्मेदवार सिफारिस गर्ने जिम्मा दिएको छ।

'छलफल भएको हो, तर अध्यक्षसँग कुराकानी हुन नपाएकाले थप नयाँ कुरा केही पनि जानकारी छैन,' रिमालले नयाँ पत्रिकासँग भने। एकीकृत समाजवादीका उपमहासचिव प्रकाश ज्वालाले केन्द्रमा मन्त्रिपरिषद् विस्तार र न्यूनतम साझा नीति तथा कार्यक्रमबाहेक अन्य विषयमा ठोस सहमति नहुँदा सरकार विस्तार र उपनिर्वाचनलगायतका विषय अल्झिएको बताए। एकीकृत समाजवादीले १५ वैशाखमा हुने उपनिर्वाचनमा इलाम २ मा एमाले उम्मेदवारलाई सघाउन बर्झाङ 'ख'मा सत्तारूढ दलहरूले आफ्ना उम्मेदवारलाई सघाउनुपर्ने सर्तसमेत राख्दै आएको छ। तर, एकीकृत समाजवादीसहित समीकरणमै रहेका दलहरूमध्ये एमाले, रास्वपाले अलग-अलग उम्मेदवार टुंगो लगाएर प्रचार सुरु गरेका छन् भने माओवादी केन्द्रले बर्झाङमा मात्र उम्मेदवारी टुंगो लगाएको छ।

बागमतीका मुख्यमन्त्रीलाई गठबन्धन दलबाटै विश्वासको मतको सकस

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मंगलबार विश्वासको मत लिने तयारी गरेका छन्। तर, सत्तागठबन्धन दलबाटै उनले विश्वासको मत पाउन सकप परेको छ। एकीकृत समाजवादीले यथास्थितिमा मत नदिने बताएको छ।

प्रदेश सभामा दुई सांसद रहेको हाम्रो नेपाली पार्टीका शैलेन्द्र बज्राचार्यलाई मन्त्री बनाएर तत्काल बहुमत पुर्‍याएर विश्वासको मत लिने तयारी गरेका मुख्यमन्त्री जम्कट्टेललाई गठबन्धनभित्रको दल एकीकृत समाजवादीको निर्णयले संकटमा पारेको छ।

एकीकृत समाजवादीले सात प्रदेशमध्ये एकमा नेतृत्व पाउनुपर्ने दाबी गरिरहेका वेला आइतबार गठबन्धन दलका शीर्ष नेताहरूबीच भएको छलफलमा एमाले अध्यक्ष केपी ओली र माओवादीका अध्यक्ष प्रचण्डले बागमतीमा विश्वासको मत दिन एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग आग्रह गरेका थिए। तर, अध्यक्ष नेपालले एमाले र माओवादीले आफूहरूलाई सत्ता प्राप्तिको भर्‍याङ मात्रै बनाउन खोजेको भन्दै यथास्थितिमा सहयोग गर्न नसक्ने अडान लिएका थिए। माधव नेपालको अडानपछि बागमतीमा मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मत के हुन्छ भन्नेमा शंका बढेको छ।



शालिकराम जम्कट्टेल

एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलका नेता कृष्ण शर्मा खनालले अहिलेकै अवस्थामा बागमती प्रदेशमा मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिन नसक्ने बताए। आफूहरू गठबन्धनमा भएको अनुभूति नै नभएकाले विश्वासको मत दिइराख्नुपर्ने अवस्था नरहेको उनले दाबी गरे। 'हामीलाई गठबन्धनमा भएको अनुभूति नै छैन। उहाँहरूले गरेको निर्णयको साक्षी किनारा मात्रै बस्नुपर्ने भए हामीलाई यो गठबन्धन चाहिएको छैन,' उनले भने, 'हामी एमाले र माओवादीको सत्ता आरोहण गर्ने भर्‍याङ मात्रै होइनौं।'

नयाँ गठबन्धन बनेको एक महिना हुन लाग्दासमेत सात प्रदेशमा कसले नेतृत्व गर्ने भन्ने टुंगो नलागेको भन्दै सातमध्ये कुनै एक प्रदेशमा एकीकृत समाजवादीले नेतृत्व पाउनुपर्ने दाबी गरे। गठबन्धन दल भएपछि समान हैसियतमा पावर सेयरिङ हुनुपर्ने उनको भनाइ छ। एकीकृत समाजवादीबाट प्रदेश सरकारमा दुईजना मन्त्री छन्। प्रदेश सरकारमा एकीकृत समाजवादीका डा. राजेन्द्रमान श्रेष्ठ कृषि तथा पशुपन्छी विकासमन्त्री र लक्ष्मण लम्साल श्रम, रोजगार तथा यातायातमन्त्री छन्।

मुख्यमन्त्री जम्कट्टेलले सत्तागठबन्धनबाट आफूले विश्वासको मत पाउने कुरामा कुनै शंका नरहेको बताए। 'सत्तागठबन्धन दलहरूसँग भागबन्डाका विषयमा छलफल भइरहेको छ। केन्द्र र प्रदेश दुवै ठाउँमा छलफल चलिरहेकाले चाँडै ठोस र सकारात्मक निर्णय आउँछ,' उनले भने, 'गठबन्धनमा देखिएको सानोतिनो असमझदारीलाई लिएर सरकारले विश्वासको मत नै पाउँदैन भन्ने हुँदैन।'

काग्रेस बागमती प्रदेशले मुख्यमन्त्री शालिकराम जम्कट्टेलको विपक्षमा मतदान गर्न निर्देशन दिएको छ। प्रदेश सभापति इन्द्रबहादुर बानियाँको अध्यक्षतामा आइतबार बसेको कार्यसम्पादन समितिको बैठकले विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन दिएको हो। कांग्रेससँगको गठबन्धन तोडेर प्रधानमन्त्री प्रचण्डले राजनीतिक बेइमानी गरेकाले प्रदेशमा नयाँ गठबन्धन नेतृत्वको सरकारलाई विश्वासको मत नदिने निर्णय गरेको बानियाँले बताए। उनले पार्टीका सम्पूर्ण प्रदेश सांसदलाई तटस्थ नबस्न र विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन दिएको जानकारी दिए।

■ कर्णालीका मुख्यमन्त्री शर्माले चौथोपटक विश्वासको मत लिँदै

सुखेत/ कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले चौथोपटक मंगलबार विश्वासको मत लिने भएका छन्। केन्द्रमा सत्तासमीकरण फेरिएसँगै विश्वासको मत लिन लागेका हुन्। कांग्रेसले गत २२ फागुनमा विश्वासको मत फिर्ता लिएपछि मुख्यमन्त्री शर्मा अल्पमत परेका थिए। सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र सभाबाट विश्वासको मतले लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार चौथोपटक विश्वासको मत लिन लागेका हुन्। शर्माले गत वर्ष १५ वैशाखमा तेस्रोपटक विश्वासको मत लिएका थिए। २७ पुस ०७९ मा नियुक्त भएका मुख्यमन्त्री शर्माले ६ माघमा पहिलोपटक र १७ चैतमा दोस्रोपटक विश्वासको मत लिएका थिए।

संक्षेप

एकैदिन तीनजनाको शव फेला

गुल्मी/ गुल्मीमा एकैदिन तीनजनाको शव फेला परेको छ। जसमध्ये दुईजना खोलामा डुबेर बेपत्ता थिए। आइतबार बिहान गुल्मीदरबार गाउँपालिका-२, घोरा उपल्लोखर्कका १२ वर्षीय प्रिन्स सारू पौडी खेल्ने क्रममा बडिगाड खोलामा बेपत्ता भएका थिए। उनलाई जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक सूर्यभान चौधरीसहितको प्रहरी टोली, सशस्त्र प्रहरी बल ३७ नम्बर गुल्मका सशस्त्र प्रहरी नायब निरीक्षक खड्गसिंह पेमीको कमान्डमा खटिएको सशस्त्र प्रहरीको टोलीसहित स्थानीयले खोजतलास गर्दा मृत फेला पारेको हो। त्यस्तै, माछा मार्नेक्रममा बडिगाड खोलामा बेपत्ता मुसिकोट नगरपालिका-४ आरुपाटाका २१ वर्षीय सन्दीप कुमालको शव पनि फेला परेको छ। उनी शनिबार माछा मार्न खोलामा गएका थिए। डुबेर बेपत्ता कुमालको खोजी गर्ने क्रममा जालको डोरी खुट्टामा बेरिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक सूर्यभान चौधरीले बताए। यस्तै, सत्यवती गाउँपालिका- ६ का ४८ वर्षीय घनश्याम भण्डारीको आइतबार नै शव फेला परेको छ। जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार भण्डारीको शव हंसरास्थित रुम्दाखोल्सामा घोप्टो परेको अवस्थामा फेला परेको थियो।

जिप दुर्घटनामा दुईको मृत्यु

कास्की/ पोखरामा जिप दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ। १० जना घाइते भएका छन्। पोखराको हरिचोकबाट अन्नपूर्ण गाउँपालिका- ४ स्थित भदौरे सल्यानका लागि छुटेको १.ज५५४७ नम्बरको जिप सडकबाट करिब दुई सय ५० मिटर खसेको हो। दुर्घटनामा पोखरा- २३ का पामे कार्की, तगराका ५५ वर्षीय लक्ष्मण सुनार र ठूलाखेतका ५२ वर्षीय जयराम सुनारको ज्यान गएको कास्की प्रहरीका निमित्त प्रवक्ता सूर्यबहादुर रानामगरले जानकारी दिए। घाइतेलाई उपचारका लागि पोखरा ल्याइएकामा चिकित्सकले मृत घोषणा गरेका हुन्। दुर्घटनामा घाइते १० मध्ये चारजनाको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र ६ जनाको मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ। जिपका चालक अन्नपूर्ण- ४ का २२ वर्षीय धनराज सुनार, पोखरा-२३ का ५८ वर्षीय लक्ष्मण कामी, अन्नपूर्ण- ५ सल्यानका सात वर्षीय आरुष विक र अन्नपूर्ण- ४ का ४१ वर्षीय राजकुमार विकको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ। अन्नपूर्ण-५, सल्यानका प्रकाश सुनार, सुशीला सुनार, सोनिशा सुनार, पोखरा- २३ का रामप्रसाद सुनार र अन्नपूर्ण- ४ का देउमाया केसीको मणिपालमा उपचार भइरहेको छ।

रूपनी गाउँपालिकाका अध्यक्षसहित चारजनाविरुद्ध मुद्दा दर्ता

राजविराज/ सप्तरीको रूपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादवसहितका चारजनाविरुद्ध चोरी-डाँकासम्बन्धी कसुरमा मुद्दा दर्ता भएको छ। उच्च अदालत जनकपुर राजविराज इजलासको परमादेशपछि अध्यक्ष यादवसहित राम यादव, पीताम्बर यादव, सरोज यादवविरुद्ध रिट निवेदन दर्ता भएको हो। पीताम्बर निवर्तमान वडाध्यक्ष हुन्।

उनीहरूले हातपात गर्दै कमिसनको प्रमाण रहेको मोबाइल लुटेको भन्दै कारबाही प्रक्रिया अघि बढाउन जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयको नाउँमा परमादेश माग गर्दै गत साउनमा रूपनी गाउँपालिका- १ का किरणकुमार जयसवालले उच्च अदालतमा मुद्दा दायर गरेका थिए। जसमा गत २२ मंसिरमा न्यायाधीशद्वय वामदेव ज्ञवाली र राधाकृष्ण उप्रेतीको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेशको आदेश गर्दै रिट दर्ता गरी छानबिन गर्न भनेको थियो। 'गाउँपालिका अध्यक्ष यादवले मच्चाएको लुटको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएको निहुँमा पटक-पटक गालीगलौज गर्दै ज्यान मार्ने धम्की दिँदै आएको, २३ असार रातिको समयमा गाउँपालिकाको स्कार्पियो दुर्घटनामा पर्दा सामाजिक सञ्जालमा लेखेकोलाई निहुँ बनाएर २४ गते हातपात गर्दै कमिसनको प्रमाण रहेको २५ हजार रुपैयाँ पर्ने मोबाइल चोरी-डाँका गरेको' अदालतमा दायर गरेको रिटमा उल्लेख छ। सप्तरीका प्रहरी प्रमुख एसपी गजुसिद्धि बज्राचार्यले परमादेशसँगै मुद्दा दर्ता गरी अनुसन्धान सुरु गरिएको बताए। 'चोरी-डाँकासम्बन्धी कसुरमा मुद्दा दर्ता भएको छ,' उनले भने।

अनलाइनमार्फत ठगी गर्ने चिनियाँ गिरोह सार्वजनिक

वीरगन्ज/ पर्साको वीरगन्ज महानगरपालिका- १५ लक्ष्मणवामा अनलाइनमार्फत ठगी गर्ने क्रममा शनिबार पक्राउ परेको गिरोहलाई प्रहरीले आइतबार सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा चीन हुवानका ३३ वर्षीय लियु गुइ काई, हुवईका २६ वर्षीय वाङ बोहन र ३३ वर्षीय छिङ छियो छन्। स्थानीय नन्दु पटेलको घरबाट पक्राउ परेका उनीहरूको साथबाट कम्प्युटरको सिपियू एक सय २० थान, मनिटर एक सय १८ थान, पासपोर्ट तीन थान, मोबाइल ३५ थान, भारतीय कम्पनी जियोको सिमकार्ड १३ थान बरामद भएको पर्साका प्रहरी प्रवक्ता कुमारविक्रम थापाले जानकारी दिए। यस्तै, ल्यापटप चार थान, प्रिन्टर एक थान, विभिन्न बैंकका एटिएम कार्ड तीन थान, किबोर्ड २६ थान, इन्टरनेट स्विच पाँच थान, वाइफाइ राउटर दुई थान, मिनी इन्भर्टर दुई थान, भारतीय नम्बर बिआर ०१ सिएक्स ५७९२ नम्बरको गाडी र प्र.२०३०११ प १३६७ नम्बरको मोटरसाइकल एक थान बरामद भएको उनले बताए।

अवैध काठसहित चार ट्र्याक्टरचालक पक्राउ



सल्यान/ प्रहरीले अवैध सल्लाको काठसहित चार ट्र्याक्टरचालकलाई नियन्त्रणमा लिएको छ। सल्यान शारदा नगरपालिका- २ खलंगा बजार हुँदै श्रीनगर लैजाँदै गरेको ५६ थान सल्लाको गोलियासहित प्रहरीले केशर पुन, सागर वली, युवराज गिरी र दिनेश श्रेष्ठलाई नियन्त्रणमा लिएको हो। रा.१त २२४१, लु.१सा २१२, रा.१त १२२९ र रा.१त ४३३९ नम्बरको ट्र्याक्टरलाई काठसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। ट्र्याक्टरचालकलाई आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय सल्यानमा बुझाइएको प्रहरीको भनाइ छ।

महालेखापरीक्षकमा तोयम राया सिफारिस

अन्य आयोगमा रिक्त पदमा पदपूर्तिका लागि आवेदन आह्वान गर्ने निर्णय

नयाँ पत्रिका

संवैधानिक परिषद्ले महालेखापरीक्षकमा तोयम रायालाई सिफारिस गरेको छ। परिषद्को आइतबार बसेको बैठकले राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारी रायालाई सिफारिस गरेको परिषद् सदस्य एवं उपसभामुख इन्दिरा रानाले बताइन्।



तोयम राया

'१९ जना प्रतिस्पर्धीमध्ये परिषद्ले रायालाई सर्वसम्मत महालेखापरीक्षकमा नियुक्तिका लागि सिफारिस गरेको हो,' उपसभामुख रानाले भनिन्। संवैधानिक व्यवस्थाअनुसार परिषद्को सिफारिसमा रायालाई राष्ट्रपतिले नियुक्त गर्नेछन्।

७ जेठमा टंकमणि शर्मा दंगालको ६ वर्षे कार्यकाल सकिएपछि महालेखापरीक्षक पद १० महिनादेखि रिक्त छ। पदपूर्तिका लागि २० साउनमा परिषद् सचिवालयले १५ दिनको समयसीमा दिएर आवेदन माग गरेको थियो। १६ जनाको आवेदन परेकोमा परिषद्का अध्यक्ष रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रायाको नाम आइतबार बैठकमा प्रस्तुत गरेका थिए। पाँचजना सदस्यले समर्थन जनाएपछि राया सर्वसम्मत सिफारिस भएका हुन्। महालेखापरीक्षकको कार्यालयले चैत मसान्तभित्र ६१औं वार्षिक प्रतिवेदन राष्ट्रपतिलाई बुझाउनुपर्छ। कार्यबाहक महालेखापरीक्षकले बुझाउन नमिल्ने भएकाले परिषद्ले समय घर्किन लाग्दा रायालाई नियुक्तिका लागि सिफारिस गरेर गाँठो फुकाएको हो।



सदस्य रानाका अनुसार बैठकले अन्य आयोगमा रिक्त पदमा पदपूर्तिका लागि आवेदन आह्वान गर्ने निर्णयसमेत गरेको छ। समावेशी आयोगको अध्यक्ष पद रिक्त हुँदै छ। रिक्त हुनु एक महिनाअगावै आवेदन आह्वान गर्नुपर्ने संवैधानिक व्यवस्था छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, निर्वाचन आयोग, महिला आयोग, मुस्लिम आयोगमा पहिलेदेखि नै सदस्य पद रिक्त छ।

बैठकमा टिआरसीसम्बन्धी एवं आयोगमा नियुक्तिको विषयमा पनि छलफल भएको थियो। यसका लागि संसद्मा अड्किएको टिआरसी विधेयक चाँडो टुंग्याउनुपर्ने साझा मत सदस्यहरूको थियो।

मुख्य न्यायाधीशविरुद्ध न्यायपरिषद्मा उजुरी

अछाम/ उच्च अदालत दिपायलका मुख्य न्यायाधीश शान्तिसिंह थापाविरुद्ध न्यायपरिषद्मा उजुरी दर्ता भएको छ। दुई वर्षअघि भएको स्थानीय तह निर्वाचनमा हत्या गरिएका पञ्चदेवल विनायक नगरपालिका- ४ का मृतक विनोद शाहीका दाजु डम्मरबहादुर शाहीले पीडितका तर्फबाट थापाविरुद्ध उजुरी दिएका हुन्।



शान्तिसिंह थापा

मुद्दाको सुनुवाइ हुनुअघि निर्धारित समयभित्र वादी र पीडितका तर्फबाट पेसी स्थगित गरिदिन अनुरोध गरिएकामा मुख्य न्यायाधीश थापाले प्रतिवादीलाई राहत पुग्ने गरी मुद्दा सुनुवाइ गरेर आदेश दिएकाले उनलाई कारबाही गरिदिन पीडितको तर्फबाट न्यायपरिषद्मा उजुरी परेको हो। शाहीको ज्यान मुद्दा हाल अछाम जिल्ला अदालतमा विचाराधीन रहेकै अवस्थामा पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएका अभियुक्त दानमती शाहीलाई उच्च अदालत दिपायलले गत १४ फागुनमा धरौटीमा छोड्न आदेश दिएको थियो। पीडित पक्ष र वादी नेपाल सरकारका तर्फबाट उच्च सरकारी वकिलको कार्यालय दिपायलका सहन्यायधिवक्ता गौरसिंह महरले पहिलोपटकको पेसी स्थगित गरिदिन रितपूर्वक अनुरोध गरेपछि मुख्य न्यायाधीश शान्तिसिंह थापाले सुरुमा स्थगित भएको जानकारी दिएको, तर सोही दिनको दिउँसो वादी पक्षलाई जानकारी नहुने गरी मुद्दा सुनुवाइ गरेर प्रतिवादी शाहीलाई धरौटीमा रिहा गर्ने आदेश दिएको पीडित पक्षको आरोप छ।

मधेशका निवर्तमान शिक्षामन्त्रीले कुटे कर्मचारी

■ **प्रवीणप्रताप अधिकारी**, प्रमुख, पूर्वाधार विकास कार्यालय, राजविराज

फोनमा कुराकानी भएको केहीबेरमै निवर्तमान मन्त्रीज्यू कार्यकर्तासहित कार्यालय आउनुभो, मैले नमस्ते भनैं। कुरै नसुनी उहाँले हातपात गर्न थाल्नुभो।

राजविराजमा **सौरभ यादव**

मधेश प्रदेशका निवर्तमान शिक्षामन्त्री महेशप्रसाद यादवले राजविराजस्थित पूर्वाधार विकास कार्यालयका प्रमुख प्रवीणप्रताप अधिकारीलाई कुटेका छन्। आइतबार पूर्वाधार विकास कार्यालयमै दुईवटा योजनाको चिठी आफूले पठाएको व्यक्तिलाई नदिएको भन्दै यादवले आफूमाथि हातपात गरेको कार्यालयका प्रमुख अधिकारीले बताए।

'प्रदेश सरकारको रेडबुकमा रहेको राजविराज नगरपालिका- १३, पिपराहीमा सामुदायिक भवन निर्माण र सोही वडाको विषहरियामा एकनाथको घरदेखि महावीर स्कुलसम्म आरसिसी ढलानको योजनाको चिठी लिन राजविराज नगरपालिका- १३ की वडासदस्य चन्द्रिका यादव आउनुभएको थियो,' उनले भने, 'मैले दुवै योजना सञ्चालनका लागि कोटेसनको सूचना निकालिसकेको जवाफ उहाँलाई दिएको थिएँ।' त्यसपछि वडासदस्य यादवले निवर्तमान शिक्षामन्त्री महेश यादवलाई फोनमा कुरा गर्न आफूलाई दिएको अधिकारीले बताए। 'फोनमा कुराकानी भएको केहीबेरमै निवर्तमान मन्त्रीज्यू आउनुभो, मैले नमस्ते भनैं, उहाँले हातपात गर्न थाल्नुभो,' उनले भने।



आइतबार राजविराजस्थित पूर्वाधार विकास कार्यालयका प्रमुख प्रवीणप्रताप अधिकारीसँग विवाद गर्दै मधेश प्रदेशका निवर्तमान मन्त्री महेशप्रसाद यादवसहित जनमतका कार्यकर्ता।

निवर्तमान मन्त्री यादवले कार्यालय प्रमुख अधिकारीलाई हातपात गरिरहँदा सो कार्यालयमा जनमत पार्टीबाट निर्वाचित प्रदेश सभा सदस्यद्वय सकिल अली, शम्भु साह तथा जनमत पार्टीकै तर्फबाट निर्वाचित हनुमाननगर कंकालिनी नगरपालिकाका नगर प्रमुख वीरेन्द्र माझीसमेत उपस्थिति थिए। निवर्तमान मन्त्री यादवले भने हातपातको विषय अस्वीकार गरे। उनले प्रदेश सरकारको योजनाको चिठी दलालमार्फत बिक्री वितरण गर्न थालेपछि आफू आवेशमा आएको बताए। उनले हातपात नगरेको, हल्का ठेलेको मात्रै बताए। सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले कर्मचारीमाथि दुर्व्यवहार भएको जनाकारी प्राप्त भएको र सो सम्बन्धमा बुझ्ने काम भइरहेको बताए।

शिक्षामा गुणात्मक सुधारको प्रश्न

सार्वजनिक विद्यालय सबैखाले दबाब र हस्तक्षेपबाट मुक्त नहुन्जेल गुणस्तरीय शिक्षाको कल्पना सर्वथा खोक्रो साबित हुन सक्छ



अग्रलेख

● रमेशप्रसाद गौतम

सरकारले शिक्षामा जतिसुकै ठूलो लगानी लगाए पनि र जतिसुकै महत्त्वाकांक्षी योजना ल्याए पनि ती केवल झाराटराइमा सीमित देखिन्छन् । विगतदेखि नै आधारभूत तहको शिक्षालाई निःशुल्क भनिँदै आएको छ । तर, यहाँ भनिने र गरिनेबीच ठूलो खाडल छ । सार्वजनिक विद्यालयमा निःशुल्क पढ्न पाइन्छ भन्ने गरिए पनि त्यस्ता विद्यालयमा कुनै न कुनै शीर्षकअन्तर्गत राम्रै रकम असुली गर्ने कार्य हुँदै आएको छ । यस किसिमको बोझबाट हाम्रा अभिभावक कहिले मुक्त हुन पाउने ? निजी क्षेत्रका विद्यालयले जनसाधारणका सन्तानलाई लाभ दिने कार्य गरेका छैनन् । गरिब छात्रवृत्तिका नाममा दिइने सुविधा पनि खास लक्षित वर्गका बालबालिकाले पाउँदैनन् । आमबालबालिकाले गुणस्तरीय शिक्षा पाउने अधिकारको सुनिश्चितता त अझै टाढाको विषय भयो । यस्तो अवस्थामा निजी विद्यालयले गरिब जेहेनदार कोटा छुट्याएर तिनका लागि पढ्ने व्यवस्था कसरी मिलाउने हुन् ? यस प्रश्नको उत्तर सरोकारवाला निकायले खोज्नु जरुरी छ ।

शिक्षालाई साँच्चै सुधार्ने हो भने स्पष्ट, पारदर्शी वस्तुनिष्ठ शिक्षानीतिको खाँचो छ । शिक्षामा स्वस्थ वातावरण र सिर्जनशील परिवेश कसरी जुट्न सक्ला ? त्यहाँ धनी र गरिब सबैका लागि समान शिक्षा कहिले पाइएला ? मुलुकको शिक्षानीति अझै दोधारमा चलिरहेको छ ।

सार्वजनिक विद्यालयको स्तर नउठाई सर्वसाधारणले गुणस्तरीय शिक्षा पाउन सक्तैनन् । ती विद्यालयमा भौतिक पूर्वाधारलगायत व्यवस्थापकीय सुव्यवस्थासँगै तालिम प्राप्त शिक्षकको प्रबन्ध मिलाउनु अति जरुरी छ । प्राविधिक तथा व्यवस्थापकीय शिक्षामा जोड दिइनु पनि उत्तिकै खाँचो छ । यसका साथै, गुणस्तरीय शिक्षाका लागि सार्वजनिक विद्यालयलाई सबैखाले दबाब र हस्तक्षेपबाट मुक्त गराइनुपर्छ ।

मुलुकमा नयाँ संविधान लागू भएको पनि आठ वर्ष बितिसकेको छ । तैपनि, संघीय संरचनाअनुकूलका ऐन, नियम बन्न सकिरहेका छैनन् । देशको संघीय स्वरूपमा बालबालिकालाई कस्तो शिक्षा दिने र त्यसका निम्ति बनाइने नीति तथा कार्यक्रम कस्तो हुने भन्ने बहस खासै गरिएको देखिँदैन । सबैखाले राजनीतिक दलले आफ्ना चुनावी घोषणापत्रमा संघीय शिक्षाप्रति प्रतिबद्धता जाहेर गर्दै तदनुसार कार्यान्वयन गर्ने वाचा गरे पनि व्यवहारमा भने केही पनि भएको छैन । यी राजनीतिक दलमा शिक्षाबारे अलमल देखिइरहेको छ । तर, देश विकासको मेरुदण्ड शिक्षा क्षेत्र यसरी उपेक्षित हुनुहुँदैन ।

अबको शिक्षामा पहुँचको मात्र सवाल होइन, शिक्षा गुणात्मक र संज्ञानात्मक पनि हुनुपर्छ । गुणात्मक शिक्षाका लागि राज्यको कुल बजेटको कम्तीमा २० प्रतिशत छुट्याउने प्रयास गरिनु जरुरी छ । दिन-प्रतिदिन शिक्षाको आवश्यकता बढ्दै गएको छ । मानिसको मस्तिष्कलाई 'ट्रेन' गराउँदै अबको शिक्षाले आउने चुनौतीलाई सामना गर्नुपर्ने हुन्छ । भौतिक पुँजीभन्दा ज्ञान पुँजीको महत्त्व बढ्दै आएको छ । कतिपय विकसित मुलुकले राम्रो ज्ञान भएका मस्तिष्कलाई अनेक छात्रवृत्तिका प्रलोभन दिएर भए पनि आफ्नो मुलुकतर्फ आकर्षण गराउन थालेका छन् । यस्तै ज्ञानका पुँजीबाट आफ्नो देशमा उपयोग गरी नयाँ ज्ञान र प्रविधिको विकास गरिरहेका छन् । आज ठूला देशले अरूबाट प्राप्त हुने भौतिक पुँजीभन्दा ज्ञान पुँजीकै महत्त्व बुझेर ज्ञानपुँजी हडप्ने काम गरिरहेका छन् । आज नेपालका हजारौँ 'ब्रेन ड्रेन' हुनुको कारण पनि यही हो ।

नयाँ युगको ज्ञान पुँजीका लागि नयाँ प्रविधि र नयाँ सीप चाहिन्छ । त्यसका लागि अध्ययन पनि बढी आवश्यक पर्छ । अनुसन्धान, विश्लेषण गर्ने र सिर्जनशील भावको विकास गराउने परिप्रेक्ष्यमा नवीनतम घटना र नवीन पुस्तक अध्ययनको जरुरी छ । पहिले लेखिएका पुस्तक कुनै कालखण्डका होलान्, तिनमा वर्णित घटना र परिस्थिति अहिले बदलिइरहेका हुन्छन् । यस्ता विषयमा शिक्षकले चासो राखी पुराना घटनामा अपडेट गराउँदै लग्न सके मात्र विद्यार्थीको प्रतिभा प्रस्फुटनमा बल पुग्न सक्छ । शिक्षकले विद्यार्थीलाई राष्ट्रिय अन्तर्राष्ट्रिय, सामाजिक, आर्थिक राजनीतिक अवस्था र परिवर्तनबारे यथेष्ट ज्ञान दिलाइनुपर्छ ।

पुरातन शैलीमा पुस्तकभित्रका पाठ सिध्याउने मात्र ध्येय राख्ने, विद्यार्थीलाई पाठहरू घोक्न बाध्य तुल्याउने र आफू कहिल्यै 'अपडेट' नहुने शिक्षकबाट विद्यार्थीले गुणस्तरीय शिक्षा पाउने अपेक्षा नगरे पनि हुन्छ । शिक्षक अपडेट नहुँदा विद्यार्थीले बाहिरी उपयोगी सूचना बुझ्ने र संकलन गर्ने मौका पाउँदैनन् । विद्यार्थीले कतिपय सूचना इन्टरनेट, गुगल, रेडियो, टिभी साहित्यिक रचना आदिबाट प्राप्त गर्न सक्छन् । अनि मात्र विद्यार्थी सिर्जनशील बन्ने हो ।

विद्यार्थी प्रतिभालाई प्रोत्साहन दिन हुनेखाने र हुँदा खानेबीचको खाडल परिपूर्ति गर्नु जरुरी छ । शुल्क तिर्न नसकेर विद्यालय जान नसकेका विद्यार्थीलाई शुल्क तिर्न सक्नेबाट शुल्क लिएर निःशुल्क पढाउने र नसक्नेहरूलाई खाने, बस्नेसमेतको प्रबन्ध मिलाउनु उपयुक्त हुन्छ । शिक्षालाई प्राविधिक, व्यावसायिक बनाउन सके मात्र त्यो रोजगारमूलक हुन सक्छ । राष्ट्रिय हितसित समर्पित जनशक्ति उत्पादन हुन सके मात्र देशको विकास सम्भव छ । राष्ट्रमा अर्धदक्ष, दक्ष र पूर्ण दक्ष जनशक्ति नभई हुँदैन । प्राविधिक र व्यावसायिक शिक्षाका विषयमा स्पष्ट नीति देखिँदैन भने कुन क्षेत्रमा कुन खाले कति जनशक्ति चाहिन्छन् भन्ने पनि कहीँ भएको उल्लेख पाइँदैन ।



> पुरातन शैलीमा पुस्तकभित्रका पाठ सिध्याउने मात्र ध्येय राख्ने, विद्यार्थीलाई पाठ घोक्न बाध्य तुल्याउने र आफू कहिल्यै 'अपडेट' नहुने शिक्षकबाट विद्यार्थीले गुणस्तरीय शिक्षा पाउने अपेक्षा नगरे पनि हुन्छ

मुलुकमा शिक्षित वर्गले प्राप्त गरेको ज्ञान र सीपले उसलाई स्वरोजगार, स्वावलम्बन र आत्मनिर्भर बनाउने हो । शिक्षित समुदाय नै बेरोजगार र अस्वस्थ भए राजनीति भाँडिने र देशमा द्वन्द्व चर्कने हुन सक्छ । यसर्थ, सामाजिक द्वन्द्व, नैतिक विचलन र आत्मकेन्द्रित सोचका जनशक्ति उत्पादन हुनु देशका लागि ठूलो दुर्भाग्य हो । शिक्षाले असल गुणी सीपयुक्त र देशप्रेमको भावनाले भरिपूर्ण नागरिक उत्पादन गर्नुपर्छ ।

प्राचीन राजनीतिक विश्लेषक आचार्य चाणक्यले तत्कालीन परिस्थितिअनुसारको जनशक्तिलाई ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार किसिमले जनतालाई आधार मानेर ब्राह्मणको बल विद्या, क्षेत्रीको बल सैन्य, वैश्यको बल धन र शुद्धको बल कलाकारितामा रहेको बताएका थिए ।

मानिस सभ्यताको सुरुवातमा कुनै जातजातिको विभाजन थिएन । पछि कामका आधारमा चार जातमा विभाजन गरियो । तत्कालीन समयमा जसको तृष्णा बुद्धि देखियो उसलाई अध्ययन अध्यापनमा लगाइयो । जो बलियो र लडाकु स्वभावको देखियो, उसलाई सैनिक तालिम दिइन थालियो । जसको मन धन कमाउनमा लाग्यो, उसलाई व्यापार व्यवसायमा लगाउने काम भयो । जसको रुचि कलाकृतिको सिर्जनामा लाग्यो, उसलाई कलाकारिताको काममा लगाइयो । यसरी प्राचीन कालदेखि नै एउटा राष्ट्र चलाउन बल, बुद्धि, धन र सिर्जनाको खाँचो पर्ने तथ्य देखिँदै आयो ।

राष्ट्रसेवामा समर्पित नागरिक पाउन कठिन छ । अहिले सेवाभन्दा पनि सबै व्यक्तिगत स्वार्थमा बढी केन्द्रित भएको देखिन्छ । नेपालमा अब्बल खाले विद्यार्थी पाउनै मुस्किल हुन थाल्यो । प्रायः सबैजसो विदेश पलायन हुन थालिरहेका छन् । हाम्रो प्राचीन कालदेखि नै राम्रो शिक्षा दिने गुरु वा शिक्षकलाई अपार सम्मान दिइँदै आएको छ । गुरुको महिमा अपार छ । शिक्षक भनेको सिकाउने व्यक्ति हुन्, जसले अँध्यारोबाट उज्यालोतर्फ प्रकाशरूप ज्ञानको प्रत्याभूति दिलाउँछन्, ती नै हाम्रा शिक्षक वा गुरु हुन् । शिक्षक वा प्राचार्य पनि गुरु शब्दकै पर्याय मानिन्छन् । असल शिक्षक नै गुरु हो । असल शिक्षकले आफ्नो, उपदेशलाई नै जीवनको आदर्श ठान्छ । उसले सच्चा ज्ञान प्रदान गरी विद्यार्थीको जीवन सफल तुल्याउन जीवन समर्पित गर्छ । जन्मगुरु आमा, कर्मगुरु बाबु र शिक्षादीक्षा दिने गुरु शिक्षक हुन् । सच्चा ज्ञानका दाता असल शिक्षक हुन्, जसले आफ्ना विद्यार्थीलाई व्यावहारिक ज्ञान प्रदान गरी जीवन सफल बनाउँछन् ।

शिक्षा गुणस्तरीय सर्वसुलभ, आकर्षक प्रतिस्पर्धी नभई हुँदैन । विश्व बजारको प्रतिस्पर्धामा उत्रन सक्ने शिक्षा नभई हुँदैन । यसका लागि शिक्षामा एउटा ठोस राष्ट्रिय दृष्टिकोण नभई हुँदैन । हाम्रो देशमा अझै पनि शिक्षाबारे राष्ट्रियस्तरमा सर्वदलीय बहस भएको पाइँदैन । राजनीतिक अस्थिरता र ढुलमुले नीतिले शिक्षा कार्यक्रम एकपछि अर्को धराशयी बन्दै गएको देखिन्छ । उदाहरणका लागि निःशुल्क शिक्षाकै कुरा गरौं । २००५ सालदेखि निःशुल्क र अनिवार्य प्राथमिक शिक्षाको नारा लगाइँदै आएको देखिन्छ । शिक्षा ऐन-नियममा पनि व्यवस्था गरेको पाइन्छ । तर, शिक्षा निःशुल्क भने अझै पनि पूर्ण रूपमा हुन सकेको पाइँदैन । शिक्षक व्यवस्थापनका सम्बन्धमा पनि लगानी तथा कार्यक्रम आए, तर व्यवस्थित हुन सकेनन् । प्रत्येक वर्षको शैक्षिक सत्र आरम्भ हुनुअगावै पाठ्यपुस्तक समयमै विद्यालयसम्म पुऱ्याउने कटिबद्धता जनाइँदै आएको पाइन्छ । तर, व्यवहारमा शैक्षिक सत्र आधा बित्दा पनि पाठ्यपुस्तक विद्यालयमा नपुगेको गुनासो सुन्नुपर्छ । यसरी विद्यालयका भौतिक तथा शैक्षिक योजनाले सुव्यवस्थित रूपमा काम गर्न नसकेपछि देशको शिक्षामा गुणात्मक सुधार कसरी होला र ?

(शिक्षाविद् गौतम नेपाल सरकारका पूर्वउपसचिव हुन्)

---

३ प्रश्न

सडक सुरक्षा परिषद्बारे यातायातविज्ञ **आशिष गजुरेल**लाई



सडक सुरक्षा परिषद् ऐन बन्नासाथ दुर्घटना कम हुने ग्यारेन्टी छ त ?

हाल सडक सुरक्षा मात्रै हेर्ने 'फोकल' निकाय छैन । त्यसकारण सडक सुरक्षा परिषद् चाहिन्छ । परिषद्ले सडक दुर्घटनाका कारण र समाधान पत्ता लगाएर कार्यान्वयन गर्छ । सडक सुरक्षासँग सम्बन्धित छुट्टै निकाय हुने भएकाले यस्तो निकायले सडक सुरक्षा सुदृढ पार्ने भूमिका खेल्न सक्छ । अन्य देशमा पनि यस्तो परिषद् बनेको देखिन्छ । उसको काम भनेको २४सै घन्टा सडक सुरक्षासम्बन्धी काम गर्ने हो । विश्वव्यापी प्रचलन रहेको सडक सुरक्षा परिषद् हामीले छिट्टै सञ्चालनमा ल्याउन जरुरी छ ।

सडक सुरक्षा परिषद्सम्बन्धी ऐन किन बनेन त ?

ऐन बनाउने संसद्ले हो । संसद् बैठकमा सांसदले दुर्घटनाका विषयमा आवाज उठाए पनि ऐन निर्माणमा चासो नदिएका कारण यो विषय ओझेलमा परेको हो । जनताको सुरक्षा र हक-अधिकार ग्यारेन्टी गर्छौं भनेर आएका सांसदले कानुन निर्माणमा आलटाल गर्नु र चासो नदिनु दुःखद छ । हरेक दिन औसत आठजनाको सडक दुर्घटनाबाट मृत्यु भइरहेको गम्भीर विषयमा सांसदले चासो दिनुपर्छ ।

सडक सुरक्षा परिषद्सम्बन्धी ऐन छिटो ल्याउन के गर्नुपर्ला ?

यसमा सांसदहरू नै तात्नुपर्छ, किनभने कानुन बनाउने उहाँहरूले नै हो । तर, कहिले ऐनको मस्यौदा संसद्मा आउला र छलफल गर्नौंला भनेर बसेर हुँदैन, ऐन निर्माणमा पहल पनि गर्नुपर्छ । दिनप्रतिदिन सडक दुर्घटना बढिरहेका बेला जनप्रतिनिधिले यसरी ऐन निर्माणमा तदारुकता नदेखाउनु उहाँहरूको लापरबाही हो । सांसदले यस विषयलाई जोडतोडले उठाउने हो र ऐन बनाउन सरोकारवाला सबैलाई दबाब दिने हो भने ऐनले छिटो पूर्णता पाउन सक्छ ।

प्रेरक प्रसंग

आमा जिराफको लात

कक्षा ६ मा पढ्ने बालबालिका राष्ट्रिय निकुञ्जको शैक्षिक भ्रमणमा थिए । जंगलमा उनीहरूले एउटा पोथी जिराफले बच्चा जन्माउँदै गरेको दुर्लभ दृश्य देखे । उनीहरूको गाडी झाडीबीच रोकियो । सबै उत्सुकतापूर्वक सो दृश्य हेर्न लागे ।

पोथी जिराफ निकै अग्लो थियो । जन्म लिँदै गर्दा उसको बच्चा लगभग १० फिटको उचाइबाट जमिनमा फ्यात्त खस्यो । खस्नासाथ उसले आफू आमाको काखमै भएजस्तो गरी आफ्ना खुट्टा खुम्च्यायो । बच्चालाई जन्म दिइसकेपछि आमा जिराफ बच्चालाई हेर्न थाल्यो । विद्यार्थीहरू पनि बडो उत्सुकतापूर्वक त्यतै हेर्दै थिए । अचानक आमा जिराफले बच्चालाई जोडले एक लात हिर्कायो । बच्चा जिराफ बसिरहेको स्थानबाट एक बल्ड्याङ पल्टियो ।

सो दृश्यले विद्यार्थी झस्किए । उनीहरूले शिक्षकसित अनुरोध गरे- सर, तपाईं त्यो आमा जिराफलाई रोक्नुहोस् न । नत्र त त्यसले बच्चालाई मार्छ । शिक्षक केही बोलेनन् । उनले विद्यार्थीलाई शान्त रहेर हेरिरहन संकेत गरे र आफू पनि हेर्न थाले । बच्चा जमिनमा राम्ररी बस्न पनि सकिरहेको थिएन, आमा जिराफले फेरि उसैगरी अर्को लात हिर्कायो । आमाको दोस्रो लातपछि बच्चा जसोतसो अडिएर चार खुट्टाले उभियो । बिस्तारै यताउता गर्दागर्दै ऊ हिँड्न थाल्यो र एकैछिनमा आमासितै झाडीमा हरायो ।

विद्यार्थीले शिक्षकलाई पुनः प्रश्न गरे- सर, आमा जिराफले किन त्यसरी लात हान्यो ? बच्चालाई जे पनि त हुन सक्थ्यो नि ? शिक्षकले भने- जंगलमा सिंह, चितुवा, बाघजस्ता हिंस्रक जनावरको कमी छैन । यहाँ कुनै पनि जनावरको बच्चा कति छिटो आफ्नो खुट्टामा उभिएर दौडिन सक्छ, उसको जीवन त्यसैमा निर्भर हुन्छ । आमा जिराफले लात नहानेको भए सायद बच्चा अझै भुइँमै लडिरहेको हुने थियो र कुनै हिंस्रक जनावरको सिकार पनि हुन सक्थ्यो ।

भाइबहिनीहरू, यसैगरी बाबाआमाले पनि तपाईंहरूलाई हप्काउनुहुन्छ, सम्झाउनुहुन्छ र कहिलेकाहीँ पिट्नु पनि हुन्छ होला । तपाईंहरूलाई नराम्रो पनि लाग्छ होला । तर, उहाँहरूले तपाईंहरूलाई जीवनमा सक्षम बनाउन त्यसो गरिरहनुभएको हुन्छ । त्यसबाट तपाईंहरू निराश हुनुको साटो उत्साहित भएर अघि बढ्नुहोस् । सफलता तपाईंहरूको हातमा हुनेछ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जता पनि भ्रष्टाचारै भ्रष्टाचार

२५ पैसा पर्ने अन्तःशुल्क स्टिकर छपाइमा ९० पैसाका दरले ठेक्का लगाइएको समाचार पढियो । यो देशमा भ्रष्टाचार नहुने क्षेत्र र भ्रष्टाचार नगर्ने अधिकारी भेट्टाउन सकिन्न कि जस्तो लाग्न थालिसक्यो । २५ पैसा पर्ने स्टिकर ४३ करोडभन्दा बढी थान छाप्दा प्रतिस्टिकर ६५ पैसा अनियमितता भयो भने यहाँ कति ठूलो परिमाणको अनियमितता होला ? यसबारे गम्भीर छानबिन गरी दोषीमाथि कारबाही गर्न ढिलो नगरियोस् । अन्यथा भविष्यमा अन्य अरू पनि यस्ता अनेकौं अनियमितताका खबर आउने निश्चित छ । अख्तियारले यस विषयलाई प्राथमिकतामा राखेर अनुसन्धान गरोस् ।

● **भावना सिग्देल**
पुल्चोक, ललितपुर

हामी सचेत बन्ने कहिले ?

'पीडामाथि बज्रपात' शीर्षकको समाचार पढ्दा मुटु हल्लियो । परिवारका प्रिय सदस्यको निधनपछि पशुपति आर्यघाटमा दाहसंस्कार गरेर गाउँ फर्किँदै गरेको एकै परिवारका पाँचजनाको ज्यान जाने गरी भएको कहालीलाग्दो दुर्घटनाले सायद जोकोहीको हृदय छियाछिया हुन्छ नै । तर, यस्ता अधिकांश दुर्घटना रोक्न सक्ने अवस्था हुँदाहुँदै पनि हाम्रै सानोठूलो लापरबाहीका कारण हामी स्वयं पीडामा पर्ने गरेका छौं । यस दुर्घटनामा पनि चालक निदाएको हुन सक्ने प्रहरीको अनुमान गलत नहुन सक्छ । यसतर्फ सचेत बनौं ।

● **गम्भीर तामाङ**
डुंगेअड्डा, काठमाडौं

सकारात्मक समाचार

नयाँ शैक्षिक सत्रअघि नै विद्यार्थीको हातहातमा नयाँ पुस्तक पुग्ने गरी जनक शिक्षाले तयारी गरिरहेको समाचार अत्यन्त सकारात्मक छ । विगतका कतिपय वर्षमा वर्षैभरि नयाँ पाठ्युपस्तकको अनुहारसम्म देख्न नपाई दुर्गम क्षेत्रका विद्यार्थीको शैक्षिक सत्र अन्त्य हुने गर्थ्यो । तर, यस वर्ष जनक शिक्षाको तदारुकतामा नयाँ शैक्षिक सत्र सुरु हुनुअगावै सबै जिल्लामा पाठ्यपुस्तक पुऱ्याउने काम भइरहेको समाचार पढ्दा खुसी नलाग्ने कुरै भएन । यस्तै सकारात्मक समाचार आगामी दिनमा पनि पढ्न, सुन्न र देख्न पाइयोस् ।

● **स्वस्तिका स्वाँर**,
वीरेन्द्रनगर-७, सुर्खेत

हामीले इ-सिम नपाउने हो ?


पैसा तिरेर इ-सिम बोक्छु भन्दा पनि नेपाली जनताले सिम बोक्न नपाउने नेपाल टेलिकमको यो कस्तो नीति हो ? इ-सिमका लागि महिनौं धाउँदा पनि उपलब्ध छैन भन्ने मात्र जवाफ पाइन्छ । टेलिकमका कर्मचारी सेवाग्राहीलाई सेवा दिन बसेका हुन् कि तलबभत्ता मात्र पचाउन ? यसको उत्तर सम्बन्धित निकायले दिनुपऱ्यो । जनताले सिम चलाएका छन् र पो टेलिकमका कर्मचारीले तलब र भत्ता खान पाएका छन् । यदि जनताले सिम नै बहिष्कार गरे भने टेलिकमको अवस्था के होला ? जनताको समस्या कहिल्यै नबुझ्ने टेलिकमजस्ता संस्थामा सुधार आउने कहिले ? कर्मचारी भएर आफनो दायित्व बहन नगरेपछि कसको के लाग्छ । सरकारलाई मात्र दोष लगाएर हुन्छ र ? हरेक काम सरकार आफैंले गर्ने हो भने विभिन्न संस्था र तिनमा कर्मचारीचाहिँ केका लागि चाहियो ? टेलिकमको चाबहिल शाखामा एक महिना धाउँदा इ-सिम पाइएन । ठीक छ, चाबहिल शाखाले मात्र त्यो काम गर्न नसक्ला, तर सेवाग्राहीलाई सही सल्लाह दिन त सक्ला नि ? त्यो पनि नदिने कस्ता गैरजिम्मेवार कर्मचारी ? सरकारी संस्थानलाई कमजोर बनाउने काम कर्मचारीले गरिरहेका छन् भन्ने यसैबाट पनि प्रस्ट देखिन्छ । निजी कम्पनी जहिल्यै फाइदामा जाने र सरकारी कम्पनी जहिल्यै घाटामा जाने कारण पनि कर्मचारी नै हुन् । यसतर्फ सम्बन्धित निकायको ध्यान जाओस् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

मिडिया बाहुबली मर्डोकको पाँचौं विवाह

फक्स न्युजबाट मर्डोकले कट्टर इसाई मूल्य-मान्यतालाई भजाएर नाफा कमाए पनि उनी धार्मिक वा अन्य कुनै पनि मूल्य-मान्यतामा बाँच्दैनन्

देश / विदेश



● निना एल ख्रुस्चेभा

रुसबाट प्रायः विचलित पार्ने समाचार आइरहेका हुन्छन् र मार्च महिना कुनै अपवाद होइन । पहिलो, विपक्षी नेता एलेक्सी नाभाल्नी जसको गत महिना आर्कटिक पेनल कोलोनीमा निधन भएको थियो, तिनका लागि शोक व्यक्त गर्न दसौं हजार रुसी घरबाहिर निस्किएका थिए । धेरै रुसीले संगठित रूपमा विरोध जनाउँदै राष्ट्रपति चुनावमा भ्लादिमिर पुटिनविरुद्ध मतदान गर्न लाइनमा लागेका थिए । यसबाट क्रेमलिनको पुटिनले प्रचण्ड बहुमत ल्याएर राष्ट्रपतिको कार्यकाल ६ वर्षका लागि पुऱ्याएको भाष्य पनि टुटेको छ । मस्कोको कन्सर्टस्थलमा आइएसआई-केको विनाशकारी आतंककारी हमलामा एक सय ४३ जना मारिए भने तीन सयभन्दा बढी घाइते भए ।

यो त्रासदी नभएको भए रुससँग सम्बन्धित अर्को एक कथाले धेरैको ध्यान खिचेको हुन सक्थ्यो । फक्स न्युज, न्युयोर्क पोस्ट, द वाल स्ट्रिट जर्नल र बेलायतको द टाइम्सका ९३ वर्षीय मालिक मिडिया बाहुबली रुपर्ट मर्डोकको रुसमा जन्मेकी २५ वर्ष कान्छी मालिक्युलर जीववैज्ञानिक एलेना झुकोभासँग इंगेजमेन्ट भएको छ ।

मर्डोकले आफ्ना चार पूर्ववर्तीमध्येकी तेस्री पत्नी वेन्डी देङ जो झुकोभाकी छोरी दसाकी साथी हुन्, तिनैमार्फत आफ्नो हुनेवाली दुलहीलाई भेटेका थिए । देङको जन्म चीनमा भएको सन्दर्भमा न्युयोर्क टाइम्सका पत्रकारले मलाई ठट्टा गर्दै 'मिडिया टाइकुन एक अधिनायकवादी मुलुककी पत्नीबाट अर्कोमा सर्दै छन्' भनेका थिए । उनले लोकतन्त्र वा समानताजस्ता मूल्यभन्दा पैसा कमाउने र व्यक्तिगत स्वार्थ पछ्याउने व्यक्तिका लागि मर्डोकको प्राथमिकता हुन सक्छ पनि भनेका थिए ।

मर्डोकका सबै पत्नी अधिनायकवादी मुलुकमा जन्मेका छैनन् । मर्डोककी चौथी पत्नी अमेरिकी मोडल एवं अभिनेत्री जेरी हल थिइन् । उनले जुन २०२२ मा इमेलमार्फत ६ वर्षको विवाह अन्त्य गरेका थिए र मार्च २०२३ सम्ममा उनले अर्को अमेरिकी पुरातनपन्थी रेडियो होस्ट एन लेस्ले स्मिथलाई अन्तिम पत्नी हुन जिद्दी गरेका थिए । तीन साताभन्दा कम समयपछि स्मिथसँगको इंगेजमेन्ट रद्द भयो, किनभने मर्डोकले स्मिथको इसाई कट्टरपन्थी विचारलाई स्वीकार गर्न सकेनन् ।

फक्स न्युजबाट मर्डोकले कट्टर इसाई मूल्य-मान्यतालाई भजाएर नाफा कमाए पनि उनी धार्मिक वा अन्य कुनै पनि मूल्य-मान्यतामा बाँच्दैनन् । बरु उनी आफूलाई स्त्रीपरस्त पुरुषका रूपमा देखाउन चाहन्छन्, जो बुद्धयौलीमा पनि महिलालाई कारजस्तै लेनदेन गर्छन् । तर, झुकोभासँग उनको विवाह भिन्न हुनेछ । जे भए पनि उनले मर्डोकको जीवनमा आउने काण्डबारे जनताको जान्ने इच्छालाई उकास्न सक्छन् । मिडिया बाहुबली मर्डोक र उनको असफल परिवारबाट प्रेरित भएर एचबिओले लोकप्रिय नाटक सक्सेसनसमेत बनाएको छ ।

यस अवस्थामा अबकी श्रीमती मर्डोक को हुन् ? सोभियत गुप्तचर निकायकी सदस्य झुकोभाले राज्य-सञ्चालित हेमाटोलोजी र रक्त ट्रान्सफ्युजन संस्थानमा काम गरेकी थिइन् । र, सोभियत संघको पतनपछि क्यालिफोर्नियामा आणविक जीवविज्ञानमा आफ्नो अनुसन्धान जारी राखेकी थिइन् । अन्य सोभियत महिलाले झैं अमेरिका बसाइँ सर्दा उनले आफूलाई 'सुन्दर महिला'का रूपमा कामना गरेकी हुन सक्छिन्, जहाँ एक धनी पुरुषले पश्चिमसँग जोडिएको भव्य जीवनशैली प्रदान गर्छ । चेकमा जन्मिएकी इभाना र स्लोभेनियामा जन्मिएकी मेलानियाले डोनाल्ड ट्रम्पमा त्यही फेला पारेका हुन् ।

तर, झुकोभा अरबपति जीवनशैलीमा नयाँ भने बिल्कुल होइनन् । उनको पहिलो पति रुसी व्यापारी



तस्बिर : जिवेल सामद/एएफपी

अलेक्ज्यान्डर झुकोभ थिए । उनी सन् १९९० को दशकका यस्ता व्यापारी हुन्, जसले अनेक उपाय गरेर सोभियत पतनपछिको 'वाइल्ड इस्ट'को समयमा अकुत सम्पत्ति कमाए । यसले उनलाई निश्चित रूपमा रुसी कुलीन वर्गको ग्ल्यामर प्रदान गरेको थियो । पीछ उनले सँगैका आप्रवासी जीव वैज्ञानिकसँग दोस्रो विवाह गरेकी थिइन् ।

झुकोभा अर्को रुसी कुलीन अरबपति रोमन अब्रामोविचकी पूर्वसासू पनि हुन्, जसले लन्डनको चेल्सी फुटबल क्लबको मालिकका रूपमा करिब २० वर्ष रहँदा पश्चिममा कुख्याति कमाएका थिए । क्रेमलिनको भित्रियाका रूपमा अब्रामोभिचले बारम्बार पश्चिममा पुटिनको दूतका रूपमा काम गरेका छन् । विशेषतः फेब्रुअरी २०२२ मा पूर्ण अतिक्रमणपछि रुस र युक्रेनबीचको शान्ति वार्तामा पुटिनको विश्वासपात्रका रूपमा काम गरेका थिए । पुटिनसँगको उनको सम्बन्धले बेलायती सरकारलाई त्यस वर्ष उनलाई चेल्सी बेच्न बाध्य तुल्याएको थियो ।

आफ्ना बुबा मर्डोकको सम्पत्तिका बाबजुद दसाले अब्रामोविचसँग आफ्नो दश वर्षको विवाहको समयमा मात्र सार्वजनिक चर्चा पाएकी थिइन् । आफ्नो सामाजिक हैसियतबाहिरको मान्यता प्राप्त गर्न इच्छुक दसाले आफूलाई ग्यालरिस्ट र कला संग्रहकर्ताका रूपमा स्थापित गर्ने प्रयास गरेकी थिइन् । उनी मस्कोको एक ठूलो कला परियोजना र प्रदर्शनी स्थलकी हर्ताकर्ता पनि हुन् ।

अब्रामोविचसँग दसाको विवाह सन् २०१७ मा समाप्त भएको थियो । तर, कुलीन सम्भ्रान्त हुन उनले लामो समय कुर्नुपरेन । उनले सन् २०२० मा स्विट्जरल्यान्डमा फिल्म स्टारले भरिएको समारोहमा ग्रिक ढुवानी धनाढ्यका नाति स्टाभरोस निआर्कोससँग विवाह गरेकी थिइन् । मर्डोकसँग उनको आसन्न विवाहपछि दसाकी आमाले निःसन्देह मर्डोकको परिवारको सम्पत्ति, शक्ति र ग्ल्यामरको कथामा एक अर्को अध्याय योगदान गर्नेछिन् ।

मर्डोक अर्थात् षड्यन्त्रका सिद्धान्तका प्रमुख अमेरिकी प्रवक्ता आफ्नो बुढेसकालका वर्षमा एक सोभियत पूर्ववैज्ञानिकसँग जोडिनेछन्, जसको छोरीको सम्बन्ध पुटिनसँग निकै राम्रो छ । सक्सेसनले योभन्दा राम्रो नाटकको अन्त्य मञ्चन गर्न सक्दैन ।

(ख्रुस्चेभा द न्यु स्कुलकी अन्तर्राष्ट्रिय मामिलाकी प्राध्यापक हुन्)

प्रोजेक्ट सिन्डिकेटबाट

जलवायु परिवर्तनमा भइरहेको बेवास्ताले निम्त्याउँदै छ हैजा

जलवायु परिवर्तनसँगै जीवाणुजन्य रोगले विश्वभरका कमजोर समुदायमा जोखिम बढाएको छ



● रोबर्ट कम्पाला
क्षेत्रीय निर्देशक, वाटरएड साउद अफ्रिका



२१औँ शताब्दीमा हैजाबाट हुने हरेक संक्रमण र प्रत्येक मृत्युलाई रोक्न सकिन्छ। तैपनि आजसम्म संसारभरका बालबालिका अझै पनि रोगबाट पीडित छन् र अनावश्यक रूपमा उनीहरूको मृत्यु भइरहेको छ। जलवायु परिवर्तनले स्थितिलाई अझ खराब बनाउँदै छ। जलवायु परिवर्तनसँग सम्बन्धित चरम मौसम र यसले निम्त्याउने विनाश विश्वभर समाचारको शीर्षक बनिरहेको छ। तैपनि जलवायु आपत्कालको गहिरो स्वास्थ्य प्रभाव अझै खुलासा हुन बाँकी छ।

हैजा एक झाडापखालाजन्य रोग हो, जुन सफा पानीको पहुँच सीमित भएका ठाउँमा फैलिन्छ। मानिसले दूषित पानी पिउँदा यसको जोखिम बढी हुन्छ। सरसफाइको कमी र अस्वस्थ अभ्यासले पनि यसको फैलावटलाई गति दिन्छ। हैजा पूर्ण रूपमा रोकथाम गर्न सकिन्छ, तर अत्यन्त खतरनाक पनि छ, जसले गम्भीर निर्जलीकरण, पखाला र बान्ताजस्ता लक्षण निम्त्याउँछ। यसको उपचार भएन भने केही घन्टामै बिरामीको मृत्यु हुन्छ।

जलवायु परिवर्तनसँगै यो जीवाणुजन्य रोगले विश्वभरका कमजोर समुदायका लागि खतरा खडा गरेको छ। हालैका वर्षमा जलवायु संकट झन् गम्भीर बन्दै गएपछि विश्वभर हैजा प्रकोपको संख्यामा पनि ठूलो वृद्धि भएको छ। हामीले विभिन्न देश र समुदायमा आँधी, भारी वर्षा र बाढीले पानी र सरसफाइका पूर्वाधारमा क्षति पुऱ्याउने र हैजाको प्रकोप निम्त्याउने गरेको बारम्बार देखेका छौं। युनिसेफका अनुसार २०२२ मा ३० देशले हैजाको प्रकोपको सामना गरेका थिए, जुन अघिल्लो पाँच वर्षको तुलनामा १४५ प्रतिशतले बढी हो।

> हालैका वर्षमा जलवायु संकट गम्भीर बन्दै गएपछि विश्वभर हैजा प्रकोपमा पनि उल्लेख्य वृद्धि भएको छ

जाम्बियाले हाल १८ हजारभन्दा बढी पुष्टि भएका संक्रमणसँगै यसको सबैभन्दा खराब हैजा प्रकोप अनुभव गरिरहेको छ। यस रोगले पहिले नै ६ सयभन्दा बढी मानिसको ज्यान लिइसकेको छ, जसमध्ये एकतिहाइ बालबालिका छन् र सहायता निकायले देशमा 'अनियन्त्रित स्वास्थ्य संकट'को चेतावनी दिएका छन्। जाम्बियाजस्तो कम विकसित देशहरूमा हैजाको कारणले निम्त्याएको पीडाले विश्वव्यापी समाजभित्रको गहिरो असमानता र गरिब समुदायमा पानी, सरसफाइ र स्वच्छता पहुँचको अपर्याप्ततालाई उजागर गर्दछ।

जाम्बियाको पूर्वमा रहेको छिमेकी मलावी संसारको सबैभन्दा कम विकसित देशमध्ये एक हो। सन् २०२३ मा हैजाले यस देशलाई ठूलो असर गरेको थियो। अहिले यो देश ठूलो हैजाको प्रकोपबाट 'रिकभर'को प्रक्रियामा छ। गत वर्षको प्रकोप मलावीको इतिहासमा सबैभन्दा खराब र पछिल्लो दशकमा अफ्रिकाले देखेको सबैभन्दा खराब अवस्था थियो। तीन विनाशकारी आँधी (चक्रवात फ्रेडी, ट्रपिकल चक्रवात गोम्बे र उष्ण कटिबन्धीय तुफान ऐना)पछि हैजाले देशलाई प्रभावित गऱ्यो र रिकभरीलाई गम्भीर रूपमा बाधा पुऱ्यायो। प्रकोपमा लगभग ५९ हजार केस र १७ हजार मृत्यु रेकर्ड गरिएको थियो। तर, धेरै केस रिपोर्ट नगरिएकाले यो संख्या निश्चित रूपमा कम हो।

तर, पनि यो पीडा अनावश्यक छ। सुरक्षित पानी, सरसफाइ र सरसफाइमा पर्याप्त पहुँच र लगानीको माध्यमबाट हैजाको संक्रमण रोक्न सकिन्छ। यसलाई दिगो रूपमा रोक्न सकिन्छ। यो संकट दक्षिणी अफ्रिकामा मात्र सीमित छैन, हामी इथियोपियामा पनि हैजाका केसहरूमा वृद्धि देखिरहेका छौं।

युरोप र उत्तरी अमेरिकाका देशहरू (एकपटक यस रोगबाट निकै कष्टकर बनेका थिए) लामो समयदेखि उनीहरूको सम्पूर्ण जनसंख्याका लागि सुरक्षित पानी र सरसफाइ सेवाको प्रावधानमार्फत हैजाको जोखिमलाई हटाएका छन्। यी सफलता आज हैजासँग लडिरहेका देशमा दोहोरिनुपर्दछ। दक्षिणी अफ्रिकामा विनाशकारी, रोकथाम गर्न सकिने हैजाको प्रकोप सबै सरकार र विकास साझेदारलाई पानी, सरसफाइ र सरसफाइका लागि कोष बढाउनका लागि जागरणको आह्वान हुनुपर्छ।

पानी, सरसफाइ, सेवा र पूर्वाधारमा लगानी गर्नु सरकारको आर्थिक हितमा छ किनभने हैजाको प्रकोप व्यवस्थापनको लागत रोकथामको खर्चभन्दा धेरै हुन्छ। सन् २०३० सम्म 'सबैका लागि सफा पानी र सरसफाइ' हासिल गर्ने छैटौं संयुक्तराष्ट्र संघीय दिगो विकास लक्ष्य गम्भीर रूपमा ट्र्याकबाहिर छ। यो लक्ष्य हासिल गर्नका लागि प्रगतिको गति विश्वव्यापी रूपमा छ गुणा र कम विकसित देशहरूमा बीस गुणा बढ्नुपर्छ। तत्कालका लागि सफा पानीमा दिगो लगानी र सबैका लागि हैजा मुक्त भविष्यको आवश्यकता छ।

– अलजजिराबाट

गाजामा युद्धविराम गर्न कायरोमा वार्ताको तयारी

कायरो/ इजरायल र हमासबीच विश्वासको वातावरण निर्माण गर्ने उद्देश्यले इजिप्टको कायरोमा आइतबार वार्ता सुरु हुँदै छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले वार्ताप्रति सकारात्मक भएसँगै वार्ताको वातावरण बनेको इजिप्टको सञ्चारमाध्यम अल-काहेराले जनाएको छ।

कृषि विकास बैंक लिमिटेड, शाखा नयाँ वानेश्वरको
निक्षेप हकदाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०।१२।१९ गते

उदयपुर जिल्ला पञ्चावती गा.वि.स. वडा नं २ हाल उदयपुर जिल्ला उदयपुरगढी गा.पा.वडा नं ०५ बस्ने श्री इश्वरी प्रसाद निरौलाको छोरा श्री गणेश प्रसाद निरौलाको मिति २०८०।०९।०२ मा मृत्यु भइसकेको र निज गणेश प्रसाद निरौलाको नाममा यस बैंकको वचत खाता नं.०२१०२०००५७७४१०१७ मा रहेको रकम भुक्तानीका लागि निजले खाता खोल्दा शेष पछिको लागि इच्छाएको व्यक्ति उल्लेख नभएको र उक्त खाताको रकम भुक्तानी पाउँ भनी काठमाडौँ जिल्ला का.म.न.पा.वडा नं.३१ शान्तिनगर बस्ने निजको पत्नी नाता पर्ने श्री जमुना निरौला (ना.प्र.नं.७१८७) ले मिति २०८०।११।०१ मा शाखा कार्यालय, नयाँवानेश्वरमा निवेदन पेस गर्नु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेप बैक तथा वित्तीय संस्थासम्बन्धी ऐन,२०७३ को दफा १११ बमोजिम अग्र प्राथमिकतामा कुनै अन्य हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो प्रमाणसहित यस बैङ्कमा हकदाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हक दाबी गर्न नआएमा निवेदकको निवेदनबमोजिम भई जाने व्येहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

कृषि विकास बैंक लिमिटेड, शाखा नयाँ वानेश्वरको
निक्षेप हकदाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०।१२।१९ गते

काठमाडौँ जिल्ला का.म.न.पा वडा नं २४, नरदेवी बस्ने श्री वद्रीनाथ रेग्मीको नाती श्री वेदनाथ रेग्मीको छोरा श्री सरोज रेग्मी (ना.प्र.नं.९२९४)को मिति २०८०।०६।२१ मा मृत्यु भइसकेको र निज सरोज रेग्मीको नाममा यस बैंकको वचत खाता नं.०२१०२०००५३८७३०१६ मा रहेको रकम भुक्तानीका लागि निजले खाता खोल्दा शेष पछिको लागि इच्छाएको व्यक्ति उल्लेख नभएको र उक्त खाताको रकम भुक्तानी पाउँ भनी काठमाडौँ जिल्ला का.म.न.पा.वडा नं.१४ हाल ललितपुर जिल्ला ल.पु.म.न.पा.१०, कुपण्डोल बस्ने निजको पत्नी नाता पर्ने श्री कविता शर्मा (ना.प्र.नं.१०६०७) ले मिति २०८०।१२।१२ मा शाखा कार्यालय नयाँबानेश्वरमा निवेदन पेस गर्नु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेप बैक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्र प्राथमिकतामा कुनै अन्य हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो प्रमाणसहित यस बैङ्कमा हकदाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हक दाबी गर्न नआएमा निवेदकको निवेदनबमोजिम भई जाने व्येहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

नेपाल NEPAL
नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL
कमलादी, काठमाडौँ, नेपाल, फोन नं.: ०१-४४३५६१३

नेपाल एसबिआई बैंकको मोबाइल बैंकिङ्ग एप "मेरो साथी (Mero Saathi)" बन्द हुनेबारे सूचना

नेपाल एसबिआई बैंकले मोबाइल बैंकिङ्ग एप "मेरो साथी" क्रमिक रुपमा मिति २०८१।०१।१८ सम्म विस्थापित गरी थप सुरक्षित एवम् उन्नत एप "योनो नेपाल एसबिआई (YONO NEPAL SBI)" सुचारु गर्ने निर्णय गरेको हुनाले मोबाइल बैंकिङ्ग एप "मेरो साथी" प्रयोगकर्ताहरुलाई मोबाइल बैंकिङ्गबाट उपभोग गर्दै आउनु भएको सेवाहरु प्रयोग गर्न मोबाइल बैंकिङ्ग एप "योनो नेपाल एसबिआई (YONO NEPAL SBI)" डाउनलोड गरी दर्ता गरिदिनु हुन अनुरोध गर्दछौं । ग्राहकमहानुभावहरुको सुविधाको लागि "योनो नेपाल एसबिआई (YONO NEPAL SBI)" सम्बन्धी स्व-दर्ता म्यानुअल (User Manual for Self-Registration) **बैंकको वेबसाइट** (https://nsbl.statebank) **मा उपलब्ध छ । साथै, ग्राहकमहानुभावहरुलाई कुनै जिज्ञाशा एवं सहायता आवश्यक भएमा नजिकको नेपाल एसबिआई बैंकको शाखा कार्यालमा सम्पर्क गर्नु हुन समेत जानकारी गर्दछौं ।**

नबिल बैंक लिमिटेड, पोखरा (मालेपाटन) शाखा, कास्कीको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१२/१९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा, मिति २०७४/०६/३० मा दर्ता.नं. १७६६६६/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री मुक्तिनाथ हाइवे कन्स्ट्रक्सन प्रा.लि.।**
ठेगानाः म्याग्दी जिल्ला, बेनी न.पा., वडा नं. ०८ कालिपुल।

ऋणी फर्मका प्रोप्राइटर :
भेख बहादुर चोखालकी छोरी, भिम बहादुर भण्डारीकी बुहारी, तप्त बहादुर भण्डारीकी श्रीमती, म्याग्दी जिल्ला, पिप्ले गा.वि.स., वडा नं. ०७ स्थायी घर भई हाल म्याग्दी जिल्ला बेनी न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ४९-०१-७२-०१२०४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. म्याग्दी (जारी मितिः २०७२/०३/२३) भएकी **श्रीमती धनदेवी भण्डारी।**

संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गेर बहादुर भण्डारीको नाती, भिम बहादुर भण्डारीका छोरा, म्याग्दी जिल्ला, पिप्ले गा.वि.स., वडा नं. ०७ स्थायी घर भई हाल म्याग्दी जिल्ला बेनी न.पा. वडा नं. ०८ बस्ने, ना.प्र. नं. ४९-०१-७२-०१२०३, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. म्याग्दी, (जारी मितिः वि.सं. २०७२/०३/२३) भएको **श्री तप्त बहादुर भण्डारी।**
२. भेख बहादुर चोखालकी छोरी, भिम बहादुर भण्डारीकी बुहारी, तप्त बहादुर भण्डारीकी श्रीमती, म्याग्दी जिल्ला, पिप्ले गा.वि.स., वडा नं. ०७ स्थायी घर भई हाल म्याग्दी जिल्ला बेनी न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ४९-०१-७२-०१२०४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. म्याग्दी (जारी मितिः २०७२/०३/२३) भएकी **श्रीमती धनदेवी भण्डारी।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :
म्याग्दी जिल्ला, पिप्ले गा.वि.स., वडा नं. ०७ स्थायी घर भई हाल म्याग्दी जिल्ला बेनी न.पा. वडा नं. ०८ बस्ने, **श्रीमती धनदेवी भण्डारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको म्याग्दी जिल्ला अर्थुङ्गे गा.वि.सं. वडा नं. १ सिट नं. १ग मा अवस्थित कि.नं. ६५ क्षेत्रफल ०-१५-१-३ जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

धितोमा रहेको सवारी साधनको विवरण :
ऋणी **श्री मुक्तिनाथ हाइवे कन्स्ट्रक्सन प्रा.लि.** धनी यस बैंक समेत भएको निजि सवारी साधन दर्ता नं. को ग. १ क. ४०२२ भएको J.C.B Exavator 220.

२ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा, मिति २०७२/१२/०२ मा दर्ता. नं. १४६४९६/०७२/०७३ अन्तर्गत दर्ता भएको **श्री ध्याल्चोक सिद्धि दर्शन सप्लायर्स प्रा.लि.।**
ठेगानाः गोरखा जिल्ला, ध्याल्चोक गा.वि.स. वडा नं. ०९ धवादिघाट।

संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. यज्ञदत्त रेग्मीको नाती, लोकनाथ रेग्मीका छोरा, गोरखा जिल्ला, ध्याल्चोक गा.वि.स. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३/९/३४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. गोरखा, (जारी मितिः वि.सं. २०४६/०३/०१) भएको **श्री वासुदेव रेग्मी।**
२. राजेन्द्र प्रसादकी छोरी, प्रिय दर्शन रेग्मीकी बुहारी, सुजित रेग्मीकी श्रीमती, चितवन जिल्ला, भरतपुर गा.वि.स., वडा नं. ०१ स्थायी घर भई हाल गोरखा जिल्ला, ध्याल्चोक गा.वि.स. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ४३८३०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. चितवन (जारी मितिः २०६५/०९/०६) भएकी **श्रीमती प्रतिभा आचार्य।**
३. लोकनाथ रेग्मीको नाती, प्रिय दर्शन रेग्मीका छोरा, गोरखा जिल्ला, ध्याल्चोक गा.वि.स. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ७१२६८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. गोरखा, (जारी मितिः वि.सं. २०५६/०३/३२) भएको **श्री सुजित रेग्मी।**
४. तिर्थराज रेग्मीको नाती, शिवप्रसाद रेग्मीका छोरा, गोरखा जिल्ला, ध्याल्चोक गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल गोरखा जिल्ला, ध्याल्चोक गा.वि.स. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ९५३९३, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. गोरखा, (जारी मितिः वि.सं. २०५९/०८/२२) भएको **श्री अरुण रेग्मी।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाहरुको विवरण :
१. **श्री अरुण रेग्मी** र **श्री सुजित रेग्मी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको गोरखा जिल्ला, ध्याल्चोक गा.वि.सं. वडा नं. ९ सिट नं. ९ मा अवस्थित कि.नं. १९४६ क्षेत्रफल ०-१०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. **श्री सुजित रेग्मी, श्री अरुण रेग्मी** र **श्री वासुदेव रेग्मी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको गोरखा जिल्ला, ध्याल्चोक गा.वि.सं. वडा नं. ९ सिट नं. ९ मा अवस्थित कि.नं. १२५१ क्षेत्रफल ०-१४-२-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

धितोमा रहेको सवारी साधनको विवरण :
ऋणी **श्री ध्याल्चोक सिद्धि दर्शन सप्लायर्स प्रा.लि.** धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. को बा ५ ख. ७८५१ भएको TATA Tipper.

३ **ऋणीको नाम र ठेगानाको विवरण**

निलकण्ठ घिमिरेको नाती, पूर्ण चन्द्र घिमिरेको छोरा, लमजुङ्ग जिल्ला, भोर्लेटार गा.वि.सं., वडा नं. ०८ स्थायी घर भई हाल लमजुङ्ग जिल्ला, बेशिसहर ना.पा., वडा नं. ०९ बस्ने, ना.प्र.नं. ८८०० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: लमजुङ, (मितिः वि.सं. २०४७/०६/२३), भएको **श्री नविन चन्द्र घिमिरे।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. इन्द्र विलास देवकोटाकी छोरी, पूर्ण चन्द्र घिमिरेकी बुहारी, नविन चन्द्र घिमिरेकी श्रीमती, गोरखा जिल्ला, पालुङ्टार, गा.पा. वडा नं. ०६, स्थायी घर भई हाल लमजुङ जिल्ला, बेशीसहर न.पा., वडा नं. ९ ना.प्र.नं. ५५८१६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: गोरखा, (जारी मितिः २०५३/०३/२४), भएकी **श्रीमती विन्दु देवकोटा।**
२. अमिलाल गुरुङ्गको नाती, पस बहादुर गुरुङ्गको छोरा, लमजुङ्ग जिल्ला पुरानोकोट गा.वि.स., वडा नं. ०५ स्थायी घर भई हाल लमजुङ्ग जिल्ला, बेशिसहर ना.पा., वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३३५०३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: लमजुङ, (मितिः वि.सं. २०५७/०५/२७), भएको **श्री वृषराज गुरुङ्ग।**

धितोको विवरण

लमजुङ्ग जिल्ला, भोर्लेटार गा.वि.स., वडा नं. ०८ स्थायी घर भई हाल लमजुङ्ग जिल्ला, बेशिसहर ना.पा., वडा नं. ०९ बस्ने, **श्री नविन चन्द्र घिमिरे**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको लमजुङ्ग जिल्ला, भोर्लेटार गा.वि.स., वडा नं. ०८, नक्सा नं. ८ मा अवस्थित कि.नं. ६३८ क्षेत्रफल ०-९-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/१२/१९

यस बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

शाखा कार्यालय : बभाङ्ग

१.ऋणीको नाम र ठेगाना
श्री हर सिंह ल्वारको नाती, श्री सिद्धु ल्वारको छोरा, पुनि पार्की ल्वार को श्रीमान, बभाङ्ग जिल्ला, रायल गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल बभाङ्ग जिल्ला केदारस्यूँ गा.पा. वडा नं. ०२ बस्ने **गोठे ल्वार** (ना.प्र.नं. ५०००, मिति २०४५/०२/१९, जि.प्र.का. बभाङ्ग)

जमानीकर्ताहरुको नाम र ठेगाना
१. श्री गोठे ल्वारको बुहारी, श्री चन्द्र खादुको छोरी, सुनिल वि.क.को श्रीमती, कञ्चनपुर जिल्ला, पुर्नवास न.पा वडा नं. ०६ स्थाई ठेगाना भई हाल बभाङ्ग जिल्ला केदारस्यूँ गा.पा. वडा नं. ०२ बस्ने **पार्वती खादु** (ना.प्र.नं. ७५-०१-७४-०२४२९, मिति २०७४/०२/२४, जि.प्र.का. कञ्चनपुर)
२. श्री सिद्धु ल्वार को नाती, श्री गोठे ल्वार को छोरा, पार्वती खादु को श्रीमान, बभाङ्ग जिल्ला, केदारस्यूँ गा.पा. वडा नं. ०२ स्थाई ठेगाना भई हाल बभाङ्ग जिल्ला केदारस्यूँ गा.पा. वडा नं. ०२ बस्ने **सुनिल वि.क.** (ना.प्र.नं. ७१-०१-७७-०४३९०, मिति २०७७/१०/१९, जि.प्र.का. बभाङ्ग)

२.ऋणीहरुको नाम र ठेगाना
१. श्री जय बहादुर मल्लको नाती, श्री चक्र बहादुर मल्लको छोरा, बभाङ्ग जिल्ला, बाँझ गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल बभाङ्ग जिल्ला केदारस्यूँ गा.पा. वडा नं. ०४ बस्ने **रविन्द्र मल्ल** (ना.प्र.नं. २८८/१४५५८, मिति २०५८/०८/१३, जि.प्र.का. बभाङ्ग)
२. श्री जय बहादुर मल्लको नाती, श्री चक्र बहादुर मल्लको छोरा, बभाङ्ग जिल्ला, बाँझ गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल बभाङ्ग जिल्ला केदारस्यूँ गा.पा. वडा नं. ०४ बस्ने **किशोर कुमार मल्ल** (ना.प्र.नं. ७१।०३४/३१७, मिति २०६८/०१/१४, प्रतिलिपि २०७०/०३/१०, जि.प्र.का. बभाङ्ग)
३. श्री रनध्वज मल्लको नाती, श्री जय बहादुर मल्ल को छोरा, बभाङ्ग जिल्ला, बाँझ गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल बभाङ्ग जिल्ला केदारस्यूँ गा.पा. वडा नं. ०४ बस्ने **रुद्र बहादुर मल्ल** (ना.प्र.नं. ३०३९, मिति २०४८/०५/१४, श्री जि.प्र.का. बभाङ्ग)

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

दोस्रो जलाशययुक्त तनहुँ हाइड्रोको मुख्य सुरुङ 'ब्रेक थ्रु'

मुख्य सुरुङबाट दुई सय १३ मिटर लामो पेनस्टक पाइपमार्फत भूमिगत विद्युत्गृहमा पानी खसाली विद्युत् उत्पादन गरिने आयोजनाको निर्माण असार ०८३ भित्र सम्पन्न गर्ने लक्ष्य

मिलन विश्वकर्मा / नयाँ पत्रिका



निर्माणाधीन एक सय ४० मेगावाटको जलाशययुक्त तनहुँ जलविद्युत् आयोजनाको मुख्य सुरुङ 'ब्रेक थ्रु' (छिचोलिएको) भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव गोपालप्रसाद सिग्देल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक एवं तनहुँ हाइड्रोपावरका अध्यक्ष कुलमान घिसिङले आइतबार संयुक्त रूपमा स्विच दबाएर विस्फोट गराई मुख्य सुरुङ 'ब्रेक थ्रु' गरेका हुन्।

सरकारले तनहुँको ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ को सिमाना भएर बग्ने सेती नदीको पानीलाई प्रयोग गरेर एक सय ४० मेगावाट क्षमतामा जलाशययुक्त आयोजना बनाउँदै छ। आयोजनाको प्याकेज-२ अन्तर्गत यो सुरुङ बनेको हो। त्यसमा जलाशयको मुहान (इनटेक)बाट सुरु भई पेनस्टक पाइप रहने स्थानसम्मको एक हजार चार सय ९३ मिटर सुरुङ बनाइएको हो। मुख्य सुरुङको व्यास ७.४ मिटर रहनेछ। अब मुख्य सुरुङको कंक्रिट लाइनिङ गरिनेछ। मुख्य सुरुङबाट गएको पानीलाई दुई सय १३ मिटर लामो पेनस्टक पाइपमार्फत भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गरिनेछ। आयोजनाको निर्माण असार ०८३ भित्र (सन् २०२६ मे) सम्पन्न गर्ने लक्ष्य छ।

सुरुङ 'ब्रेक थ्रु' गर्न आयोजित समारोहमा सचिव सिग्देलले धेरै समयको अन्तरालपछि बन्न लागिरहेको जलाशययुक्त आयोजनाको हालको प्रगति सोचेभन्दा राम्रो रहेको बताए। 'कुलेखानीपछि बन्न लागेको जलाशययुक्त आयोजनाको अनुभवले दुधकोशी, नलगाढ, बुढीगण्डकीजस्ता जलाशययुक्त आयोजना विकास गर्न थप विश्वास दिलाउँछ, आयोजना तोकिएकै समयमा सम्पन्न हुनुपर्छ,' उनले भने।

सुक्खायामको विद्युत् माग र आपूर्तिको असन्तुलन हटाउन जलाशययुक्त प्रकृतिको तनहुँ आयोजनाको ठूलो योगदान रहने उल्लेख गर्दै प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले तोकिएकै समयमा आयोजना सम्पन्न गर्न सबै पक्ष जिम्मेवार हुनुपर्ने बताए। 'मुख्य बाँध निर्माणका लागि नदी फर्काउने र मुख्य सुरुङ ब्रेक थ्रु गरी आयोजनाका मुख्य माइलस्टोनहरू पूरा भएका छन्। निर्माणाधीन ठूलो जलाशययुक्त आयोजना तोकिएकै समयमा सम्पन्न गर्न बाँध निर्माणको कामलाई तीव्रता दिन सबै जिम्मेवार भएर लाग्नुपर्छ,' उनले भने, 'आयोजनाबाट विद्युत् उत्पादनपछि प्राप्त हुने बहाव र मादी नदीको पानीलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा बनाइने एक सय २६ मेगावाटको तल्लो सेती जलविद्युत् आयोजनाको निर्माण पनि छिट्टै अगाडि बढाइनेछ।'

आयोजनाको प्रवर्द्धक तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध-सञ्चालक किरणकुमार श्रेष्ठ र आयोजनाका निमित्त प्रमुख श्यामजी भण्डारीले निर्माण प्रगति, व्यहोरिरहेका समस्यालगायत विषयमा जानकारी गराएका थिए।

मुख्य संरचनालाई तीन प्याकेजमा विभाजन गरी काम अघि बढाइएको छ। निर्माणाधीन आयोजनाको समग्र भौतिक प्रगति ५४ प्रतिशत रहेको छ। प्याकेज-१ अन्तर्गत मुख्य बाँध निर्माणका लागि जग खन्ने र बाँध निर्माण अवधिसम्मका लागि नदी फर्काउन करिब ४० मिटर अग्लो अस्थायी कंक्रिट बाँध (कफर ड्याम) निर्माण कार्य भइरहेको छ। आगामी असार दोस्रो साताभित्र जग खन्ने कार्य सम्पन्न गरी त्यसपछि मुख्य बाँधको जग निर्माण सुरु गर्ने लक्ष्यका साथ काम भइरहेको छ। प्याकेज-१ को समग्र भौतिक प्रगति २९ प्रतिशत रहेको छ।

प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन नेपालको जेभीले गरिरहेको छ। आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिक तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ को निर्माण कार्य सिनो हाइड्रो कर्पोरेसन, चीनले गरिरहेको छ।

भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कंक्रिटिङ स्विजयार्ड निर्माण, पेनस्टक तथा विद्युत्गृहमा रहने उपकरण जडानलगायत कार्य भइरहेका छन्। टेलरेस निर्माण सम्पन्न भएको छ। यस प्याकेजको समग्र भौतिक प्रगति करिब ५५ प्रतिशत छ।

प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारणलाइन निर्माणका कार्य केइसी इन्टरनेसनल लिमिटेड भारतले गरिरहेको छ। ३४.७ किमि प्रसारणलाइनमा पर्ने ९४ वटा टावरमध्ये ७६ वटा टावरको जग हालिएको छ भने ६२ वटा टावर खडा गरिएको छ। यस प्याकेजको समग्र निर्माण प्रगति ७२ प्रतिशत रहेको छ।



ऊर्जासचिव गोपालप्रसाद सिग्देल भन्छन्-

धेरै समयको अन्तरालपछि बन्न लागिरहेको जलाशययुक्त आयोजनाको हालको प्रगति सोचेभन्दा राम्रो छ। कुलेखानीपछि बन्न लागेको जलाशययुक्त आयोजनाको अनुभवले दुधकोशी, नलगाढ, बुढीगण्डकीजस्ता जलाशययुक्त आयोजना विकास गर्न थप विश्वास दिलाउँछ, आयोजना तोकिएकै समयमा सम्पन्न हुनुपर्छ।

आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँमा विद्युतीकरण गर्न नेपाल विद्युत् प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ। यसअन्तर्गत स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका-४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

उक्त सबस्टेसनसम्म विद्युत् पुऱ्याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको छ। तनहुँ जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएको छ।

सामुदायिक विकास कार्यक्रमअन्तर्गत आयोजना प्रभावित क्षेत्रहरूमा हालसम्म शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, नदी तटबन्द निर्माणलगायतका गरी ५६ वटा परियोजना सम्पन्न भएका छन्। सातवटा परियोजना निर्माणाधीन छन्। आयोजना प्रभावितहरूको जीविकोपार्जन तथा आय-आर्जन वृद्धिका लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारणलाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार-नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

नक्कली बिल र स्टिकरको अनुगमन गरी एक्सन लिन प्रधानमन्त्रीको निर्देशन



"राजस्व चुहावट र अवैध व्यापारिक कारोबारमा हुने सेटिङ भत्काउने कार्यलाई प्राथमिकता दिनुहोस्। भुटा तथा नक्कली बिलबिजक र स्टिकरको प्रयोग भइरहेको सूचना आएको छ। त्यसको गम्भीर अनुगमन गर्नुस् र एक्सन लिनुस्।

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बिल र अन्तःशुल्क स्टिकरको अनुगमन गर्न, राजस्व चुहावट नियन्त्रण गर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिएका छन्। नक्कली बिल जारी र नक्कली स्टिकरको प्रयोग भइरहेको विषयमा अनुगमन गरी नियन्त्रणमा लिन आवश्यक कदम चाल्न उनले निर्देशन दिएका हुन्।

आइतबार दिउँसो सिंहदरबारमा आयोजित राजस्व वृद्धि तथा चुहावट नियन्त्रणसम्बन्धी बैठकमा प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयका अधिकारीलाई प्रधानमन्त्रीले उक्त निर्देशन दिएका हुन्। उनले भने, 'राजस्व चुहावट र अवैध व्यापारिक कारोबारमा हुने सेटिङ भत्काउने कार्यलाई प्राथमिकता दिनुहोस्। भुटा तथा नक्कली बिलबिजक र स्टिकरको प्रयोग भइरहेको सूचना आएको छ। त्यसको गम्भीर अनुगमन गर्नुस् र एक्सन लिनुस्।'

प्रधानमन्त्रीले नयाँ गतिका साथ काम गर्ने अठोट लिएर सरकार पुनर्गठन गरिएको बताउँदै सोहीअनुरूप क्रियाशील हुन निर्देशन दिए। उनले भने, 'सरकारले नयाँ गतिका साथ काम गर्ने अठोट लिएको छ। मुलुक समृद्धिको बाधकका रूपमा रहेका भ्रष्टाचार, तस्करी र राजस्व छलीलाई निर्ममतापूर्वक हटाउनैपर्छ। जनतामा पैदा गरिएको निराशालाई चिनुपर्छ। यसका लागि विगतका परम्परागत प्रशासनिक कार्यशैली, व्यवहार र चिन्तनबाट सम्भव छैन। नयाँ सोचसहित अगाडि बढौं।'

आन्तरिक बजारलाई व्यवस्थित तुल्याउँदै बिल लिने-दिने प्रणाली प्रभावकारी बनाउनसमेत प्रधानमन्त्रीले निर्देशन दिए। उनले भने, 'आन्तरिक बजारमा बिल लिने-दिने प्रणाली प्रभावकारी भएको छैन। कारोबारलाई आवश्यकताअनुसार प्रविधिमा रूपान्तरण गर्न सकिएको छैन।

यस सम्बन्धमा सम्बन्धित राजस्व कार्यालयले नियमित बजार अनुगमन गर्ने र सोको रिपोर्टिङ गर्ने व्यवस्था मिलाउनुहोस्। कर प्रशासनका सबै कार्यलाई पूर्ण प्रविधिमैत्री बनाउनेतर्फ ध्यान दिनुहोस्।'

बैठकमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने, अर्थमन्त्री वर्षमान पुन, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, मुख्यसचिव डा. वैकुण्ठ अर्याल, अर्थसचिव डा. कृष्णहरि पुष्कर, राजस्व सचिव डा. रामप्रसाद घिमिरे, गृहसचिव एकनारायण अर्याल, प्रधानमन्त्री कार्यालयका सचिवहरू, प्रहरी महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, अर्थ मन्त्रालयमातहतका महानिर्देशकको उपस्थिति थियो।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँ वृद्धि

काठमाडौं/ नेपाल आयल निगमले आइतबार रातिबाट लागू हुने गरी पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँ वृद्धि गरेको छ। मूल्यवृद्धिपछि काठमाडौं उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर एक सय ७५ रुपैयाँ पुगेको छ। अन्य पेट्रोलियम पदार्थको मूल्य भने यथावत् राखिएको छ।

आइतबार दिउँसो इन्डियन आयल कर्पोरेसनबाट पेट्रोलको मूल्य चार रुपैयाँ ७६ पैसा प्रतिलिटर बढेर आएका कारण निगमको सञ्चालक समिति बैठक बसेर मूल्यवृद्धि गरेको जनाएको छ। त्यस्तै, डिजेल ०.३९ रुपैयाँ र हवाई इन्धन ०.३८ रुपैयाँ प्रतिलिटर घटेको तथा खाना पकाउने एलपी ग्यासको मूल्य २७.४४ रुपैयाँ प्रतिसिलिन्डर घटेर आएको निगमले जनाएको छ।

मूल्य घटे पनि ग्यास बिक्रीमा निगमलाई अझै प्रतिसिलिन्डर दुई सय ९६ रुपैयाँ १५ पैसा घाटा रहेकाले मूल्य यथावत् रहेको निगमले विज्ञप्तिमार्फत जनाएको छ।

उपत्यकामा डिजेल र मट्टीतेलको मूल्य एक सय ५८ रुपैयाँ प्रतिलिटर निर्धारण गरिएको छ। आन्तरिक हवाई इन्धन एक सय ३६ रुपैयाँ र अन्तर्राष्ट्रिय हवाई इन्धन १.०३५ डलर प्रतिलिटर तथा ग्यासको मूल्य एक हजार नौ सय १० रुपैयाँ प्रतिसिलिन्डर कायम छ।

पाँच महिनादेखि रोकिएका आइपिओलाई स्वीकृत दिने तयारी



काठमाडौं/ नेपाल धितोपत्र बोर्डले पाँच महिनादेखि रोकिएको सार्वजनिक निष्कासन (आइपिओ)लाई स्वीकृत दिने तयारी गरेको छ। निष्कासनको अन्तिम तयारीमा रहेका कम्पनीले बोर्डबाट अनुमति नपाएको गुनासो बढेपछि अर्थमन्त्री वर्षमान पुनले बोर्डका निमित्त अध्यक्ष तथा कार्यकारी निर्देशक डा. नवराज अधिकारीलाई पाइपलाइनमा रहेका कम्पनीलाई स्वीकृति दिन निर्देशन दिएका छन्। बोर्डमा अहिले पाइपलाइनमा करिब २८ अर्ब मूल्यबराबरको सेयर निष्कासन गर्न कम्पनीहरू पाइपलाइनमा छन्।

बोर्डका तत्कालीन अध्यक्ष रमेशकुमार हमालको २२ पुसबाट औपचारिक कार्यकाल सकिएर बाहिरनुभन्दा अधिदेखि नै आइपिओ निष्कासनको कामलाई बोर्डले स्वीकृत दिन रोकेको थियो। धितोपत्र बोर्डका एक अधिकारीले निमित्त अध्यक्षलाई अर्थ मन्त्रालयबाटै निर्देशन आएको र अब सञ्चालक समितिबाट निर्णय भएपछि अनुमति दिने-नदिने निर्णय हुने बताए। उनले भने, 'लामो समयदेखि पर्खाइमा रहेका कम्पनीलाई तोकिएको मूल्य समायोजन गर्नका लागि भए पनि अनुमति दिन ढिला भइसकेको छ, त्यस्तो कम्पनीको हकमा सञ्चालक समितिले निर्णय गरेर अनुमति दिन सक्छ।'

करिब २८ अर्ब मूल्यबराबरको आइपिओ पाइपलाइनमा

गत कात्तिकमा आइपिओ निष्कासन गर्ने कम्पनी बढेपछि दोस्रो बजारमा चाप परेको भन्दै लगानीकर्ताले प्रिमियम मूल्य र साधारण आइपिओ निष्कासनलाई केही समय स्थगित गर्न आग्रह गरेका थिए। त्यसलाई ध्यानमा राख्दै बोर्डले आइपिओ निष्कासन रोकेको थियो। तर, पाँच महिनादेखि बोर्ड अध्यक्षविहीन भएपछि आइपिओ निष्कासन पनि ठप्प भएको हो।

धितोपत्र बोर्डको अनुमतिको पर्खाइमा पहिलो चरणमा १९ वटा कम्पनी रहेका छन्। जसमध्ये उत्पादनमूलक समूहका चारवटा रहेका छन्। जसमा दुईवटा कम्पनी र 'अन्य' समूहका एक कम्पनी गरी तीनवटा कम्पनी प्रिमियम मूल्यमा आउने तयारी अवस्थामा छन्। त्यस्तै, आइपिओको पर्खाइमा ६ जलविद्युत् कम्पनी, पाँचवटा अन्य कम्पनीको रहेका छन् भने होटेल तथा पर्यटन समूहको एउटा कम्पनी र माइक्रो फाइनान्स समूहका रहेका छन्। यो चरणमा १६ अर्ब ४५ करोड मूल्यबराबरको नौ करोड ५६ लाख कित्ता सेयर निष्कासनको तयारीमा रहेको छ।

त्यस्तै, बोर्डको वितरण प्रक्रियाको अन्तिम चरणमा रहेको ११ अर्ब ४७ करोड ७८ लाख रुपैयाँबराबरको सात करोड ४६ लाख ४७ हजार कित्ता सेयर निष्कासनको तयारी रहेको छ। यो चरणमा उत्पादनमूलक समूहअन्तर्गत जगदम्बा स्टिल कम्पनी प्रिमियम मूल्यमा निष्कासनको तयारीमा रहेको छ। यो चरणमा १० वटा जलविद्युत् समूहका कम्पनी रहेका छन् भने चारवटा अन्य समूहका रहेका छन् भने होटेल तथा पर्यटन समूहको एउटा कम्पनी रहेको छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थायीत्व विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौं
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय गुलरियाबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुने चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/संचालक/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
क) ऋणी: श्री जयगढी फुडल्याण्ड साउथ क्याफे प्रा.लि. दर्ता गर्ने कार्यालय: कम्पनी रजिष्टारको कार्यालय ठेगाना: टिकापुर-१, कैलाली प्रा.फ.र.नं: २५७६५७/०७७/०७८ दर्ता मितिः २०७७/११/१८ पान नं.: ६०९९५३८५५ **अ.प्रा.व्यक्ति/जमानीकर्ताको नाम: सुशिला वि.क.** पतिको नाम : तपेन्द्र वि.क. ससुराको नाम : कम्माने वि.क. ठेगाना : टिकापुर-२, कैलाली ना.प्र.नं.: ६७-०२-७५-०४६७८ जारी मितिः २०७५/०५/०७ जारी कार्यालयः जि.प्र.का., कैलाली **जमानीकर्ताको विवरण** **क) नाम: तपेन्द्र वि.क.** बुबाको नाम : कम्माने वि.क. बाजेको नाम : मोती लोहार ठेगाना : टिकापुर-२, कैलाली ना.प्र.नं.: ६७२०४०-४१७८७ जारी मितिः २०७१/०२/०५ जारी कार्यालयः जि.प्र.का., कैलाली **कर्जा शीर्षक : एस.एम.ई. अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : गुलरिया**	**ख) नाम : कम्माने लोहार** बाबुको नाम : मोती लोहार बाजेको नाम : दले लोहार ठेगाना : बरदादेवी-६, अछाम हाल : टिकापुर-२, कैलाली ना.प्र.नं.: ५०४१, जारी मितिः २०४८/१०/१४ जारी कार्यालयः जि.प्र.का., अछाम **ग) नाम : पार्वती लुहार** बाबुको नाम : कासे लुहार पतिको नाम : कम्माने लोहार ससुराको नाम : मोती लोहार ठेगाना : टिकापुर-८, कैलाली हाल : टिकापुर-२, कैलाली ना.प्र.नं.: ६७२०४०/२९१२२ जारी मितिः २०६९/१०/०९ जारी कार्यालयः जि.प्र.का., कैलाली **घ) नाम: महेन्द्र लुहार** बाबुको नामः कम्माने लोहार बाजेको नामः मोती लोहार ठेगानाः टिकापुर-२, कैलाली ना.प्र.नं.: ६७२०४०-४१०८०, जारी मितिः २०७१/०१/१४ जारी कार्यालयः जि.प्र.का., कैलाली **ङ) नाम : ममता लुहार** बाबुको नाम : लाल बहादुर सार्की पतिको नाम : महेन्द्र लुहार ससुराको नाम : मोती लोहार ठेगाना : टिकापुर-२, कैलाली ना.प्र.नं.: ६७-०२-७७-०६९६१ जारी मितिः २०७७/१०/२९ जारी कार्यालय : जि.प्र.का., कैलाली
सुरक्षण रहेको धितोको विवरण	
१. श्री मालपोत कार्यालय टिकापुर, कैलालीमा श्री कम्माने लोहारको नाममा दर्ता कायम रहेको जिल्ला कैलाली टिकापुर वडा न. ०८ स्थित कि.न. २१, २७ र ३० को क्षेत्रफल क्रमशः ३७२.४४, ७२७.९५ र ६९४.१० व.मी को जग्गा र सोले चर्चेको सम्पूर्ण लिग लगापात समेत।	

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/१२/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय सुर्खेतबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — २०८०/१२/२५ गते/स्थान : शाखा कार्यालय सुर्खेत

बोलपत्र खोलिने मिति/समय — २०८०/१२/२७ गते, मंगलबार दिनको ३ बजे

क्र.स.	ऋणीको नाम, ठेगाना
१.	**नाम : वलि सप्लायर्स** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, विरेन्द्रनगर, सुर्खेत प्रा.फ.र.नं. ४८३९, दर्ता मिति : २०७१/११/१३, पान नं. ६०३०३७५९९, दर्ता मिति : २०७१/११/१३ ठेगाना : सुर्खेत जिल्ला, सहारे वडा नं. ८, **प्रोप्राईटर : याम बहादुर वलि** **जमानतकर्ताको विवरण** **१. नाम : याम बहादुर वलि** ना.प्र.नं. ६४३०४७/८४, जि.प्र.का. सुर्खेत जारी मिति : २०६३/११/२० बाबुको नाम : नवलसिं वलि, बाजेको नाम : कतु वलि ठेगाना : सुर्खेत जिल्ला, मालारानी वडा नं. ९ हाल : सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. ९ **२. नाम : ममता वलि** ना.प्र.नं. ६४३०४७/१२०, जि.प्र.का. सुर्खेत जारी मिति : २०६३/११/२१ पतिको नाम : याम बहादुर वलि, ससुराको नाम : नवलसिं वलि ठेगाना : सुर्खेत जिल्ला, मालारानी वडा नं. ९ हाल : सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. ९ **धितोको विवरण** १. ममता वलिको नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा वडा नं. ४ क स्थित कित्ता नं. १७३६ को क्षेत्रफल १४३.९० व.मि. को घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. ममता वलिको नाममा मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, कोटमाझखर्क वडा नं. ६ ड स्थित कित्ता नं. ३४८ को क्षेत्रफल ३६१.६८ व.मि. को घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. याम बहादुर वलिको नाममा मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, मालारानी वडा नं. २ ख र १ क स्थित कित्ता नं. ४३ र १५९ को क्षेत्रफल क्रमशः २८१९.८९ व.मि. र २६४७.०४ व.मि. को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ४. याम बहादुर वलिको नाममा मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, कोटमाझखर्क वडा नं. ६ ड स्थित कित्ता नं. ४७७ र ५६२ को क्षेत्रफल क्रमशः २८६.१७ व.मि. र ४७.६९ व.मि. को घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सुर्खेत, फोन नं. ०८३-५२१७९४
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

'हुन्डाई नयाँ वर्ष, नयाँ हर्ष २०८१' योजना सुरु

नयाँ पत्रिका



हुन्डाई अटोमोबाइल्सको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले नयाँ वर्षलाई मध्यनजर गर्दै 'हुन्डाई नयाँ वर्ष, नयाँ हर्ष २०८१' नामक योजना ल्याएको छ। कम्पनीले सोमबारदेखि देशभर लागू हुने गरी प्रवर्द्धनात्मक योजना ल्याएको हो।

योजनाअनुसार आफ्नो ग्राहकको यात्रा खास बनाउन यसपालि तीन गुणा नगद छुटको आकर्षक अफर ल्याएको कम्पनीको दाबी छ। 'हुन्डाई नयाँ वर्ष, नयाँ हर्ष २०८१' अन्तर्गत ग्राहकले कुनै पनि हुन्डाई गाडीको खरिदमा ६ लाख रुपैयाँसम्मको आकर्षक नगद छुट र १० लाख रुपैयाँसम्मको एक्सचेन्ज बोनस प्राप्त गर्न सक्ने जनाइएको छ। यसका साथै योजनाअन्तर्गत ग्राहकले गाडी खरिद गर्दा एक वर्षसम्मको निःशुल्क बिमा तथा सवारी करका साथै तुरुन्तै मूल्यांकन तथा एक्सचेन्ज सुविधा पाउने कम्पनीको भनाइ छ।

आफ्ना ग्राहकका सन्तुष्टिका निमित्त हुन्डाईले सदैव समय सापेक्षिक ग्राहकलक्षित योजना सार्वजनिक गर्दै आइरहेको उल्लेख गरेको छ। यही क्रममा योजनाअन्तर्गत ग्राहकले स्क्र्याचको तीन गुणासम्म नगद छुट प्राप्त गर्न सक्ने जनाइएको छ।

लक्ष्मी इन्टरकन्टिनेन्टलले ग्राहकको आवश्यकता र रुचिलाई ध्यानमा राखी हरेक वर्ष यस्ता ग्राहकमुखी अफर ल्याइरहेको जनाएको छ। सबै हुन्डाई गाडीमा तीन वर्ष वारेन्टी, ६ वर्षको फ्री सर्भिसिङ र इभी गाडीको ब्याट्रीमा आठ वर्ष र मोटरमा दुई वर्ष वारेन्टी उपलब्ध रहेको कम्पनीले जनाएको छ। यो योजनाबाट हुन्डाईको कुनै पनि ह्याचब्याक, कम्प्याक्ट एसयुभी, एसयुभी तथा इभी गाडी खरिद गरी फाइदा लिन सकिने जनाइएको छ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले नेपालभरि १७ सोरुम तथा १९ सर्भिस सेन्टर र ४५ भन्दा बढी चार्जिङ प्वाइन्टमार्फत ग्राहकलाई सेवा प्रदान गरिरहेको जनाएको छ।

सातै प्रदेशमा ग्लोबल आइएमईको वित्तीय साक्षरता

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले 'ग्लोबल मनी विक २०२४' को अवसरमा सप्ताहव्यापी रूपमा सातवटै प्रदेशमा विद्यार्थीलक्षित वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। बैंकले आफ्ना प्रदेश कार्यालयको संयोजनमा युवा तथा विद्यार्थीलक्षित वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरेको हो।

कार्यक्रममा बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ, बिमा, लगानी, अतिरिक्त बैंकिङ सेवा, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुबारे जानकारी गराइएको बैंकले जनाएको छ। यसका साथै देशव्यापी रूपमा गरेका अन्य वित्तीय कार्यक्रममा अहिलेसम्म सम्पन्न विभिन्न कार्यक्रममा १४ हजारभन्दा बढी कृषक, लघु, साना तथा मझौला उद्यमी, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्ति, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवा-युवतीको सहभागिता रहेको जनाइएको छ।

बैंकले आफ्ना तीन सय ५४ वटै शाखामार्फत वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखेको जनाएको छ। हाल बैंकले देशभरमा तीन सय ५४ शाखा, तीन सय ७९ एटिएम, दुई सय ७७ शाखारहित बैंकिङ सेवा, ६७ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरका साथै तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको
खातावाला ग्राहक महानुभावहरूलाई अत्यन्त जरुरी सूचना

नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०८० को इ.प्रा. निर्देशन नं. २१/०८० बुँदा नं. ४३ बमोजिम बैंक तथा वित्तीय संस्थाले प्राकृतिक व्यक्तिको नाममा स्वदेशी मुद्रामा एउटै प्रकृतिको (तोकिएका खाताहरु बाहेक) एक भन्दा बढि खाता खोल्न नपाईने व्यवस्था रहेको हुनाले ग्राहक महानुभावहरु (प्राकृतिक व्यक्ति) को यस बैंकमा स्वदेशी मुद्रामा रहेको एउटै प्रकृतिको एक भन्दा बढि खाता भएको भए यस बैंकको नजिकको शाखा कार्यालयमा गई एक भन्दा बढि कायम रहेको खाता बन्द गर्नुहुन विभिन्न मितिमा पटक पटक सूचना प्रकाशित गरिएकोमा बाँकि रहन गएका ग्राहक महानुभावहरु (प्राकृतिक व्यक्ति) ले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र एक भन्दा बढि कायम रहेको खाता बन्द गर्नुहुन हार्दिक अनुरोध गर्दछौं। साथै सो समय पश्चात त्यस्ता खाताहरु मध्ये एक खाता मात्र कायम गरी बाँकी खाताहरु बैंकको तजवीजमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन पालना गर्ने क्रममा बाध्यात्मक रुपमा बन्द गरिनेछ। यसबाट भविष्यमा ग्राहक महानुभावहरुलाई पर्न जाने हानी वा नोक्सानी प्रति बैंक जिम्मेवार नरहने व्यहोरा समेत जानकारी गराउँदछौं।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-५३२८६७१/५३२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

आइएमई पेले हवाई टिकटमा पुरस्कार दिने

काठमाडौं/ आइएमई पेले अन्तर्राष्ट्रिय हवाई टिकट खरिद गर्ने ग्राहकलाई लक्षित गरी 'जेट सेट रिवार्ड' नामक अफर ल्याएको छ।

जेठ मसान्तसम्मका लागि ल्याएको योजनामा तीनजना भाग्यशाली विजेताले पुरस्कार जित्न सक्ने जनाइएको छ। यसमा पहिलो भाग्यशाली विजेताले आफ्नो हवाई टिकट खरिद गरेको रकम पूरै क्यासब्याक पाउने उल्लेख छ। दोस्रो विजेताले द लेकसाइड रिट्रिट (पोखरा)को प्याकेज पाउने तथा तेस्रो विजेताले चन्द्रागिरि हिल्स रिसोर्टको प्याकेज पाउने जनाइएको छ।

यसका साथै हरेक हवाई टिकटमा उच्चतम रिवार्ड प्वाइन्ट पनि प्राप्त गर्न सक्ने उल्लेख छ।

नबिल बैंकका अध्यक्षलाई मातृशोक



काठमाडौं/ नबिल बैंकका अध्यक्ष उपेन्द्र पौडेललाई मातृशोक परेको छ। अध्यक्ष पौडेलकी आमा सोमना पौडेलको आइतबार बिहान ८१ वर्षको उमेरमा चाबहिलको मेडिकेयर अस्पतालमा उपचारका क्रममा निधन भएको हो। स्वर्गीय सोमनाको आइतबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ। उनका तीन छोरा र दुई छोरी रहेका छन्। अध्यक्ष पौडेलका पिता मधुसूदन पौडेलको दुई वर्षअघि निधन भएको थियो।

सामुदायिक सेवा तथा विकास समाज
काठमाडौं-३२, कोटेश्वर

साधारणसभा बस्ने बारे सूचना

यस समाजको नवौं साधारणसभा तथा पाँचौं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण आजीवन सदस्यहरुलाई उपस्थितीको लागि अनुरोध गर्दछौं।

निम्न :
मिति : २०८१/०१/०८ गते। **समय** : ०७:३० बजे बिहान
स्थान : महादेवस्थान बैंक्वेट।

मनसुरी मल्ल
अध्यक्ष

नेशनल डेभलपमेण्ट कोअपरेटिभ सोसाईटी लिमिटेड
National Development Cooperative Society Ltd.
गाबहाल-१६, प्यांचः ललितपुर, फोन नं.५५५५८५९ ५५५५८६० Email : ndcsl2052@gmail.com

नेशनल डेभलपमेण्ट को-अपरेटिभ सोसाईटी लिमिटेडको तपशिलमा उल्लेखित ऋणी शेयर सदस्यलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित २०८०/१२/१९ गते)

यस सहकारीबाट ऋण लिएका तपशिल बमोजिमका ऋणी शेयर सदस्यले ऋण लिंदा गरि दिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा ब्याज समेतका रकमहरु नबुझाई ऋण लिंदा गरिएको शर्त कबुलियतको उल्लघंन गरेको र संस्थाबाट टेलिफोन एंवम् लिखितरुपमा ३५ दिने, १५ दिने र ७ दिने ताकेता पत्र पठाउदा पनि सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौट गर्न तर्फ चासो नदेखाएको हुनाले यो पुनः३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य ऐन, नियम, विनियम र गते बमोजिमको रकम एकमुष्ठ बुझाउन ल्याउन सूचित गरिएको छ। सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरी बसेमा ऋणी शेयर सदस्यले संस्थालाई लेखि दिएको सुरक्षण वापत अचल सम्पत्ति धितोबाट असुली उपर गरीने छ। सोबाट असुली उपर नभएमा ऋणीको अन्य जायजेथा वा श्रीसम्पतिबाट तथा व्यक्तिगत जमानी दिने व्यक्तिको चल अचल श्रीसम्पतिबाट असुली उपर गरिने छ।

सि.नं	ऋणीको नाम	जमानीको नाम
१	ऋणीको नाम : आशीफ चित्रकार नागरिकता नं : २८/०१/०६८/२९२८ जारी मिति : २०६८/०३/२७ बुबाको नाम : सगुन चित्रकार हजुरबुबाको नाम : न्हुछें मान चित्रकार ठेगानाः ललितपुर ११	जमानीको नाम : सगुन चित्रकार नागरिकता नं : १०१४/०३८/३९ जारी मिति : २०३८/०७/१६ जमानीको बुबाको नाम : न्हुछें मान चित्रकार जमानीको हजुरबुबाको नाम : गणेश मान चित्रकार
२	ऋणीको नाम : महेन्द्र श्रेष्ठ नागरिकता नं : १३७० जारी मिति : २०३७/१०/०५ बुबाको नाम : रुद्र बहादुर श्रेष्ठ हजुरबुबाको नाम : रत्न बहादुर श्रेष्ठ ठेगानाः का.म.न.पा. कोटेश्वर ३५	जमानीको नाम : संगिता श्रेष्ठ नागरिकता नं : ६६२२२ जारी मिति : जमानीको बुबाको नाम : राम लाल श्रेष्ठ जमानीको हजुरबुबाको नाम : बेखा लाल अमात्य
३	ऋणीको नाम : विजय गोपाल जोशी नागरिकता नं : १७२४ जारी मिति : बुबाको नाम : गोपाल जोशी हजुरबुबाको नाम : विष्णु प्रसाद जोशी ठेगानाः ललितपुर १९, कुमारीपाटी	जमानीको नाम : इश्वर महर्जन नागरिकता नं : जारी मिति : जमानीको बुबाको नाम : ज्याकु लाल महर्जन जमानीको हजुरबुबाको नाम : नरसिंह महर्जन
४	ऋणीको नाम : राम बाबु थापा नागरिकता नं : २७/४१०२/ ३४४०/८०४७/१०१७४ जारी मिति : २०३९/१०/१९ बुबाको नाम : उदय बहादुर थापा हजुरबुबाको नाम : पदम बहादुर थापा ठेगानाः काठमाण्डौ १०	जमानीको नाम : पुर्णमाया लामा (मास्के) नागरिकता नं : ४१८५५/१८६४० जारी मिति : २०५७/१०/०५ जमानीको बुबाको नाम : कान्छा लामा जमानीको हजुरबुबाको नाम : बद्धिबल लामा
५	ऋणीको नाम : दिना बज्राचार्य नागरिकता नं : ४१६९० जारी मिति : २०६२/११/०५ बुबाको नाम : राजेन्द्र बज्राचार्य हजुरबुबाको नाम : ठेगानाः ललितपुर ७	जमानीको नाम : शारदा बज्राचार्य नागरिकता नं : १७४५५ जारी मिति : २०६०/०३/२५ जमानीको बुबाको नाम : काजी रत्न शाक्य जमानीको हजुरबुबाको नाम :
६	ऋणीको नाम : गगन लाल वैद्य नागरिकता नं : २१५९/२०३९/४० जारी मिति : २०३९/०९/२३ बुबाको नाम : गंगा लाल वैद्य हजुरबुबाको नाम : ठेगानाः ललितपुर ९ बाग्मती	जमानीको नाम : करुणा श्रेष्ठ नागरिकता नं : जारी मिति : जमानीको बुबाको नाम : मोहन कृष्ण श्रेष्ठ जमानीको हजुरबुबाको नाम :
७	ऋणीको नाम : जीत बहादुर प्रधान नागरिकता नं : ३८२० /८३६९३ जारी मिति : २०५३/१२/१८ बुबाको नाम : चन्द्र बहादुर प्रधान हजुरबुबाको नाम : सित्ते बहादुर प्रधान ठेगानाः सिन्धुपाल्चोक	जमानीको नाम : सुसमीता प्रधान नागरिकता नं : १/२३८४/ जारी मिति : जमानीको बुबाको नाम : गणेश बहादुर प्रधान जमानीको हजुरबुबाको नाम :
८	ऋणीको नाम : महेन्द्र चित्रकार नागरिकता नं : ७१३२ जारी मिति : २०४०/१२/१७ बुबाको नाम : कुल बहादुर चित्रकार हजुरबुबाको नाम : काजी बहादुर चित्रकार ठेगानाः मकवानपुर हेटौंडा १	जमानीको नाम : पशुपति पौडेल नागरिकता नं : ८९९४५ जारी मिति : २०५८/०९/२२ जमानीको बुबाको नाम : झंक नाथ पौडेल जमानीको हजुरबुबाको नाम : ज्योति लाल पौडेल

नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/१२/१९)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **मिति २०८०/१०/१० को कारोवार दैनिक पत्रिकामा प्रकाशित गरिएको**मा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्वद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा अपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०५/१५ मा दर्ता नं. २२२९७४/०७६/०७७ अन्तर्गत दर्ता भएको **श्री माउण्टेन भ्याली ड्रिङ्किग वाटर प्रा. लि.।**
ठेगानाः रुपन्देही जिल्ला सिद्धार्थनगर न. पा. वडा नं. ०३, छत्रपति पथ, रुपन्देही।

कम्पनीका संचालकहरु तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. नुर मोहम्मदकी नातिनी, अब्दुल रहीम मियाकी छोरी, कपिलवस्तु जिल्ला पर्सोहिया गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १२ बस्ने ना.प्र.नं. १/९६९ (जारी मिति: २०५१/०५/२३, स्थान कपिलवस्तु) भएकी **श्री मार्या खातुन।**
२. कसिम मुसलमानको नाति, भोला मुसलमानको छोरा, रुपन्देही जिल्ला तरकुलहा गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १२ बस्ने, ना.प्र.नं. ५७९२८ (जारी मिति: २०३७/०५/०६, स्थान रुपन्देही) भएका **श्री सोनाउल्लाह मुसलमान।**
३. समि मोहम्मद फकिरकी छोरी, भोला मुसलमानकी बुहारी, सोनाउल्लाह मुसलमानकी श्रीमती, रुपन्देही जिल्ला तेनुहवा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १२ बस्ने ना.प्र.नं. १६३३१ (जारी मिति: २०६१/०५/१६, स्थान रुपन्देही) भएकी **श्रीमती सकिरुन्नीसा मुसलमान।**

धितोको विवरण

१. कपिलवस्तु जिल्ला पर्सोहिया गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १२ बस्ने **श्री मार्या खातुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ३ सिट नं. १०४०२७७१० मा अवस्थित कि.नं. २८ क्षेत्रफल १७५ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. **श्री माउण्टेन भ्याली ड्रिङ्किग वाटर प्रा. लि.**को रुपन्देही जिल्ला सिद्धार्थनगर न. पा. वडा नं. ०३, छत्रपति पथ स्थित फ्याक्ट्रीमा जडित सम्पूर्ण प्लान्ट तथा मेशिनरी।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र अर्थात मिति : २०८१/०१/०३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा भैरहवा शाखा, रुपन्देही**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति : २०८१/०१/०४ गते ३:०० बजे बैंकको **भैरहवा शाखा, रुपन्देही**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदाभएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्ने छ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौ वा भैरहवा शाखा, रुपन्देही**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१२/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० चैत २६ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण

प्राइभेट फर्म दर्ता ऐन २०७६ तथा औद्योगीक व्यवसाय ऐन २०७३ को दफा ५ बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय बाँके नेपालगञ्जमा मिति २०७४/०९/०९ मा दर्ता नं. ४६/४६/०७४/०७५ दर्ता कायम भई बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **ओ.पि.सी. ईंट्टा उद्योग।**
सञ्चालक - निता क्षेत्री

लिलाम हुने सम्पतिको विवरण

१. **ओ.पि.सी. ईंट्टा उद्योग**को नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, रनियपुर न.पा./गा.पा. वडा नं. ०१ स्थित कित्ता नं. ५०९, ४७४, २३७, ४७५, २४६, २८०, ४७६, ४७३ र ५०८ को क्षेत्रफल क्रमशः २३३७.१४, ११४४.९३, ३७७०, ३४८१.२७, ४६०५, २९९६.६६, १८६२.३०, ८४६.५ र १०१५ (व.मी.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **याम बहादुर गोदार क्षेत्री**को नाममा मालपोत कार्यालय नेपालगञ्ज बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, रनियापुर न.पा./गा.पा. वडा नं. ०१ स्थित कित्ता नं. २७८, ६४४, २३८, ६४५, ४३७, ३७३, ४३९, ६१५ र ५०३ को क्षेत्रफल क्रमशः १४०, २५००, २१५०, २४१५, ६२७५.९८, ४०७८.२५, ३१५.२१, ८६५.६३ र २४१५ (व.मी.) को घर/जग्गा तथा ऐ.ऐ. जिल्ला, बागेश्वरी न.पा./गा.पा. वडा नं. ०६ स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ८७०७.१०(व.मी) को जग्गा तथा ऐ.ऐ. जिल्ला, बागेश्वरी न.पा./गा.पा. वडा नं. ०२ स्थित कित्ता नं. ३३४, ४०३, ४०५, ८४५ र ५५३ को क्षेत्रफल क्रमशः १९५.३१, २२७.४९, १९.८१, ३५४ र २११६.३५(व.मी) को जग्गा तथा ऐ.ऐ. जिल्ला, उढरापुर न.पा./गा.पा. वडा नं. ०४ स्थित कित्ता नं.४६ को क्षेत्रफल १०४४.२५ (व.मी) घर/जग्गा तथा ऐ.ऐ. जिल्ला, रनियापुर न.पा./गा.पा. वडा नं. ०२ स्थित कित्ता नं. ४३२, ४३४, ६९४, ५८ र ५७ को क्षेत्रफल ८२०, ७६७, ३२३३, ३१३५ र २९३०.१० (व.मी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **ओ.पि.सी.ईंट्टा उद्योग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको ईन्जिन नं. 91K638 13330, च्यासिस नं. MAT47914 8K3R22893, सवारी नं. भे १ क १८११, को मोडल LPK 2523 HD SRT, २०२० थान १।
४. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **ओ.पि.सी.ईंट्टा उद्योग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको ईन्जिन नं. 4H3335/ 2720082, च्यासिस नं. BCEHN960 VBHL00116, सवारी नं. भे १ क ११०१, को मोडल BULL H0 96 २०१७ थान १।
५. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **ओ.पि.सी.ईंट्टा उद्योग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको ईन्जिन नं. H0016 6826, च्यासिस नं. HAR3DXSU K02581510, सवारी नं. भे १ क १२५२, को मोडल 3DX SUPER २०१८ थान १।
६. **बल बहादुर गोदार**को नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, बागेश्वरी न.पा./गा.पा. वडा नं. २ स्थित कित्ता नं. ७८ को क्षेत्रफल २२७.५० (व.मी.) को घर/जग्गा आदि सम्पूर्ण लिगलगापातहरु समेत।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **निता क्षेत्री**
ना.प्र.नं.: १७७५८
जारी मिति: २०६१/११/२४, जि.प्र.का. बाँके
बाबु: महेन्द्र बहादुर क्षेत्री
बाजे: धन बहादुर क्षेत्री
पति: याम बहादुर गोदार क्षेत्री
स्थायी ठेगाना: बाँके जिल्ला, खजुरा गा.पा. वडा नं.०३ (साबिक बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ०२)

२. **याम बहादुर गोदार क्षेत्री**
ना.प्र.नं.: १०२५०
जारी मिति: २०५८/०६/०४, जि.प्र.का. बाँके
बाबु: बल बहादुर गोदार क्षेत्री
बाजे: तुल बहादुर गोदार
पत्नी: निता क्षेत्री
स्थायी ठेगाना: बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०३ (साबिक बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ०२)

२. **बल बहादुर गोदार**
ना.प्र.नं.: ६०९८
जारी मिति: २०४५/०१/२८, जि.प्र.का. स्याङ्जा
बाबु: तुल बहादुर गोदार
बाजे: रण बहादुर गोदार
स्थायी ठेगाना: याङ्जा जिल्ला, आरुखर्क वडा नं.०९
हालको ठेगाना: बाँके जिल्ला, खजुरा वडा नं.०३

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० चैत २५ गते** भित्र बैंकको शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० चैत २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० चैत २६ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँके फोन नं. ०८१-४१५२३१/३६

■ आठौँ विराट गोल्डकप

एनआरटीलाई पराजित गर्दै सिक्किम सेमिफाइनलमा

विराटनगरमा **गणेश लम्साल**

अतिरिक्त समयमा संघर्षपूर्ण जित निकाल्दै पाहुना टोली सिक्किम डुागन विराट गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। विराटनगरको सहिद रंगशालामा आइतबार बुढासुब्बा गोल्डकप विजेता न्युरोड क्लब (एनआरटी)लाई २-१ ले हराउँदै सिम्किमले अन्तिम चारमा स्थान बनाएको हो। सिक्किमले फाइनल प्रवेशका लागि मच्छिन्द्र एफसी र साउदर्न समिति एफसी कोलाकताबीच मंगलबार हुने खेलको विजेतासँग खेल्नेछ।

जितका लागि सिक्कमका ह्यारिसन र आदर्श तामाङले गोल गरे। सहिद स्मारक ए डिभिजन लिग टोली एनआरटीका तर्फबाट शिशिर लेखीले एक गोल फर्काएका हुन्। हारपछि एनआरटीका प्रशिक्षक जीवन सिन्केमनले खेलाडीबीच तालमेल नमिलेका कारण पराजय भोग्नुपरेको बताए। 'दुईजना खेलाडी आइतबार काठमाडौं जानुपर्ने भयो। त्यही कारण पनि हार भयो,' उनले भने। जितपछि सिक्किमका प्रशिक्षक कुन्जन भुटिया खेलाडीले उत्कृष्ट प्रदर्शन गरे पनि जितका लागि अतिरिक्त समय पर्खिनुपरेको बताए।

अन्तिम मिनेटमा जित

एनआरटीका विदेशी खेलाडी अफिज ओलावालेले ४०औँ मिनेटमा निकालेको पासलाई सदुपयोग गर्दै शिशिरले अग्रता दिलाएका थिए। तर, खेलमा सिक्मिमको टोली पुनरागमन गर्न सफल भयो। पहिलो हाफमा एक गोल खाएपछि दबाबमा परेको सिक्किमले दोस्रो हाफबाट आक्रामक खेल खेल्यो। ५९औँ मिनेटमा सिक्किमका ह्यारिसनले बराबरी गोल गरे। लाक्पा शेर्पाले मध्यभागबाट निकालेको पासलाई ह्यारिसनले बक्सभित्रबाट आकर्षक गोल गरे।

प्रतिस्पर्धात्मक खेलको निर्धारित ९० मिनेटको समयमा १-१ गोल भएपछि खेल अतिरिक्त समयतिर मोडिएको थियो। ११९औँ मिनेटमा सिक्किमका आदर्श तामाङले विजय गोल गरे। सिक्किमका जसमान गुरुङलाई एनआरटीका खेलाडीले फल खेलेपछि रेफ्री श्रवण लामाले फ्री किक दिएका थिए। आदर्शले प्रहार गरेको फ्री किक बलले जाली चुमेको थियो। सिक्किमका आदर्श खेलको प्लेयर अफ द म्याच घोषित भए। उनले नगद ११ हजार पाए।



खेलाडीले राम्रो खेले

कुन्जन भुटिया, प्रशिक्षक, सिक्किम

खेलाडीले उत्कृष्ट प्रदर्शन गरेकाले जित निकाल्न सफल भयौं। एनआरटीले पनि राम्रो खेल्यो। त्यसैले खेल जित्न अतिरिक्त समय पर्खिनुपऱ्यो।

तालमेल मिलेन

जीवन सिन्केमान, प्रशिक्षक, एनआरटी

खेलाडीबीच आन्तरिक तालमेल नमिलेका कारण पराजय भोग्नुपऱ्यो। दुई खेलाडी नभएका कारण पनि हार भयो। समग्रमा खेल राम्रो भएको थियो।

रोमाञ्चक खेल

एनआरटीले आक्रामक खेल खेल्दै आधा दर्जनभन्दा बढी गरेको पोस्ट आक्रमणलाई सिक्किमका गोलकिपर प्रिसोले विफल पारेर टिमलाई अन्तिम चारको यात्रा गराएका हुन्।

मच्छिन्द्र बाहिरियो

कपिलवस्तु/ सहिद स्मारक 'ए' डिभिजनको पूर्वविजेता मच्छिन्द्र एफसी प्रथम कपिलवस्तु तिलौराकोट गोल्डकपको पहिलो खेलमै पराजित भएको छ। कपिलवस्तुस्थित बुद्ध रंगशालामा आइतबार सम्पन्न दोस्रो क्वार्टरफाइनलमा मच्छिन्द्र सडन डेथमा हनामी बिएफसीसँग ५-४ ले पराजित भयो। निर्धारित ९० मिनेटमा दुवै टोलीबाट गोल हुन नसक्दा खेलको निर्णय पेनाल्टी सुटआउटबाट भएको हो। पेनाल्टीमा हनामीका लागि अभिषेक महतो, नेपोल्डन, सुजित बुढाथोकी, आशिष सुमन, र भवीन्द्र मल्लले गोल गरेका थिए। राम शाही, अनिल खड्का र अमृत श्रेष्ठ भने चुके। मच्छिन्द्रका लागि विशाल तामाङ, चन्दन दास, छिरिङ लामा र आशिष श्रेष्ठले गोल गरे। राष्ट्रिय टोलीका सदस्य विमल घर्तीमगर, विजय भुजेल, पासाङ लामा र अजय चौधरीको प्रहार भने गोलमा परिणत हुन सकेन। कपिलवस्तु जिल्ला फुटबल संघको आयोजनामा भइरहेको प्रतियोगितामा सोमबार विभागीय टोली नेपाल पुलिस क्लब र सहारा फुटबल एकेडेमी प्रतिस्पर्धा हुनेछ।

एनआरटीका रिचार्डले खेल सुरु भएको सातौँ मिनेटमा प्रहार गरेको बललाई सिक्किमका प्रिसोले उत्कृष्ट बचाए। त्यसलगत्तै शिशिर लेखीको प्रहार बाहिरियो। २१औँ मिनेटमा एनआरटीका अफिज ओलावालेको प्रहारलाई सिक्किमका किपर प्रिसोले उत्कृष्ट ढंगले बचाए। २ ९औँ मिनेटमा सिक्किमका आदर्श तामाङले ३० यार्डबाट गरेको प्रहार एनआरटीका गोलकिपर प्रमिजय गच्छदारले पन्च गरेर बारमाथिबाट फालिदिए।

पहिलो हाफको अतिरिक्त समयको एक मिनेटमा मध्यभागबाट बललाई वान भर्सेस वानमा लगेर एनआरटीका आफिज ओलावालेले बक्सनजिकबाट गरेको प्रहार सिक्किमको किपर प्रिसोले विफल पारिदिए।

खेल संक्षेप

सुनमायालाई उपाधि

काठमाडौं/ नेपालकी अल्ट्रा धावक सुनमाया बुढाले कीर्तिमानसहित चीनमा आयोजना भएको ट्रेस रेस उपाधि जितेकी छिन्। आइतबार भएको वेनलिङ गोल्डेन कोस्ट ट्रेल रेसअन्तर्गत ७० किमिको दूरी सात घण्टा ६ मिनेट १७ सेकेन्डमा पूरा गर्दै सुनमायाले उपाधि जितेकी हुन्। चीनमा हुने चुनौतीपूर्ण रेसमा सुनमायाले निकालेको समय रेसको कीर्तिमानी समय हो। गोल्डेन ट्रेल रेस वर्ल्ड सिरिज २०२४ अन्तर्गतको रेस हो। यसअघि सुनमायाले हङकङको आइटिआरए नेसनल लिग उपाधि पनि जितेकी थिइन्। उनी सय किलोमिटर अल्ट्रा रेसमा विश्वकै शीर्ष आठ अल्ट्रा रनर हुन्।

सिमरा गोल्डकप २४ चैतदेखि

बारा/ जितपुरसिमरा गोल्डकपको १४औँ संस्करण आगामी २४ चैतदेखि सुरु हुने भएको छ। आइतबार सिमरामा पत्रकार सम्मेलन गर्दै आयोजक नवजनजागृति युवा क्लबले प्रतियोगिताको तयारी पूरा भएको बताएको हो। सिमरा रंशालाको फ्लड लाइटमा वैशाख ३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा साबिक विजेता चर्च ब्वाइज युनाइटेडसँगै विभागीय टोली त्रिभुवन आर्मी, नेपाल पुलिस क्लब, सशस्त्र प्रहरी बलको एपिएफ तथा फ्रेन्ड्स क्लब र मच्छिन्द्र एफसी हुनेछन्। यसैगरी, मकवानपुर ११, वीरगन्ज युनाइटेड, सिराहाको सहलेश युवा क्लब र आयोजक नवजनजागृति युवा क्लब सहभागी हुने अध्यक्ष रामचन्द्र लामाले जानकारी दिए। प्रतियोगिताको विजेताले १० लाख तथा उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्।।

प्रफुल र पविनलाई उपाधि

भरतपुर/ प्रथम भरतपुर मेयर्स कप अन्तर्राष्ट्रिय आमन्त्रित ब्याडमिन्टन प्रतियोगिताको उपाधि पविन लिङथेप र प्रफुल महर्जनको जोडीले जितेको छ। आइतबार भरतपुरको कभर्डहलमा सम्पन्न खेलमा विभागीय टोली त्रिभुवन आर्मीका जोडीले उपाधि हात पारेको हो। प्रफुल र पविनको जोडीले एपिएफ क्लबका प्रिन्स दाहाल र विजित थापामगरको जोडीलाई २१-५ र ८-२ ले पराजित गरेको हो। प्रिन्सको जोडीले दोस्रो सेटमा ८-२ को अवस्थामा वाकओभर दिएपछि आर्मीले उपाधि जितेको हो। टप २० वरीयताबाहेक खुला पुरुषतर्फको उपाधि धादिङ र लमजुङका रमेश मल्ल ठकुरी र सुजन थापाको जोडीले जितेको छ।

अवार्डमा ११ उपसमिति

कास्की/ पोखरा स्पोर्टस् अवार्ड- २०८० को तयारीमा तीव्रता दिइएको छ। आठौँ संस्करण २१ वैशाखमा हुने तय भएको छ। आइतबार आयोजक खेलकुद पत्रकार मञ्च गण्डकीमा आबद्ध सदस्यको भेलाले अवार्डलाई व्यवस्थित बनाउँदै विगतका वर्षको भन्दा थप आकर्षक बनाउने बताइएको छ। भेलाले अवार्ड कार्यक्रमको लोकप्रियता बढाउन विगतका कमीकमजोरी सुधार गर्दै सबैले अपनत्व लिन सक्ने खालको कार्यक्रम बनाउनुपर्ने औँलयाएको थियो। मञ्चका अध्यक्ष दीननाथ बराल संयोजक रहेको मूल आयोजक समिति तथा विभिन्न ११ वटा उपसमितिका संयोजक र सहसंयोजकसमेत चयन गरिएको छ।

भारतमा नेपालको सहज जित

बलिङतर्फ गुल्सन झा र ब्याटिङमा कप्तान रोहितकुमार पौडेलसँगै अनिलकुमार शाह चम्किएपछि एसएमएस फ्रेन्डसिप कप- २०२४ मा नेपालले गच्यो विजयी सुरुवात

नयाँ पत्रिका

ओमानमा आयोजना हुने एसिसी प्रिमियर कपको तयारीका लागि भारत भ्रमणमा रहेको नेपाली राष्ट्रिय टोलीले सहज जित निकालेको छ। आइतबार गुजरातको स्टेट टिमविरुद्ध गुल्सन झाको उत्कृष्ट बलिङ प्रेरित नेपालले आठ विकेटको जित निकालेको हो। कप्तान रोहितकुमार पौडेल र अनिल शाहले अविजित इनिङ्स खेल्दै नेपाललाई जित दिलाएका हुन्। मोन्टी देसाईको प्रशिक्षणमा रहेको नेपालले यस खेलबाट एसिसी प्रिमियर कप तथा आइसिसी टी-२० विश्वकपका लागि राम्रो तयारी हुने आशा गरेको छ। एसएमएस फ्रेन्डसिप कप २०२४ को शीर्ष दुई टोलीले फाइनल खेल्नेछन्। नेपालले दोस्रो खेल २० चैतमा बरोडासँग खेल्नेछ। २१ चैतमा २१ गुजरात तथा २३ चैतमा बरोडासँग दोस्रो खेल खेल्नेछ। फाइनल २५ चैतमा हुनेछ। यसपछि नेपाल ओमानमा हुने एसिसी प्रिमियर कपमा सहभागी हुनेछ।



यसअघि टस हारेर ब्याटिङ गरेको गुजरातले १८.२ ओभरमा अलआउट हुँदै नेपाललाई ९९ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा नेपालले रणजी टिमविरुद्ध १५.२ ओभरमा दुई विकेट गुमाउँदै जित हात पारेको हो। गुजरात टिमविरुद्ध प्रशिक्षक मोन्टीले रोहित र अनिल तथा गुल्सनसँगै आसिफ शेख, कुशल भुर्तेल, कुशल मल्ल, सन्दीप जोरा, अनिल, दीपेन्द्रसिंह ऐरी, करण केसी, सोमपाल कामी र अभिनाश बोहरालाई अवसर दिएका थिए।

नेपालका ओपनरद्वय कुशल भुर्तेलले १७ र आसिफ शेखले १६ रन जोडेका थिए। त्यसपछि क्रिजमा आएका अनिलले ३२ तथा कप्तान रोहितले ३३ रनको योगदान गरेका हुन्। अनिलले ३५ बलमा ३ चौका र एक छक्का तथा रोहितले २६ बलमा ३ चौका प्रहार गरेका हुन्।

गुल्सन चम्किँदा गुजरातको ब्याटिङ धराशयी

टस जितेर फिल्डिङ रोजेको नेपालका लागि गुल्सन झा चम्किएपछि गुजरातको टोली कमजोर बनेको थियो। गुजरातको इनिङ्समा कुनै पनि खेलाडीले ठूलो साझेदारी गर्नै पाएनन्। बलिङमा नेपालका गुल्सनले चार विकेट लिए। गुल्सनले चार ओभरमा २२ रन खर्चिएका हुन्। करण केसीले तीन विकेट लिए। उनले ३.२ ओभरमा २२ रन नै दिए। सोमपाल कामीको नाममा एक विकेट रह्यो।

गुजरातका लागि ओपनर रुद्र मयुर पटेलले सर्वाधिक २३ रन जोडेका थिए। नेपालका दीपेन्द्रसिंह ऐरीबाट रनआउट भएका उनले २२ बलमा चार चौका प्रहार गरेका हुन्। सरल प्रजापति १७ रनमा रनआउट भए। गुजरातका स्मित पटेलले १०, अभिषेक देसाईले ११ र हेमंग पटेलले २० रन बनाएका थिए।

गुजरातको दोस्रो जित

एजेन्सी/ शुभमन गिलको कप्तानीमा रहेको गुजरात टाइटन्सले इन्डियन प्रिमियर लिग (आइपिएल)मा दोस्रो जित निकालेको छ। आइतबार भएको लिगको १२औँ खेलमा गुजरातले सनराइजर्स हैदराबादलाई सात विकेटले हराएको हो। अन्तिम ओभरमा १ रन चाहिएकोमा छक्का प्रहार गर्दै डेभिड मिलरले जित निकालेका हुन्। पहिलो ब्याटिङ गरेको हैदराबादले पूरा ओभर खेल्दै आठ विकेट गुमाएर १६३ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा १९.१ ओभरमा तीन विकेट गुमाउँदै गुजरातले जित निकालेको हो। गुजरातको जितमा मोहित शर्माले प्लेयर अफ दी म्याच प्रदर्शन गरेका थिए। उनले तीन विकेट लिएर मात्र २५ रन मात्रै खर्चिए।

जितपछि गुजरातले तीन खेलबाट ४ अंक जोडेको छ। गुजरातले पहिलो खेलमा मुम्बई इन्डियन्सलाई ६ रनले पराजित गरेको थियो। दोस्रो खेलमा चेन्नई सुपर किंग्ससँग ६३ रनले पराजित भएको हो। त्यस्तै, हैदराबादको भने दोस्रो हार हो। पहिलो खेलमा कोलकातासँग ४ रनले पराजित भएको हैदराबादलाई दोस्रो खेलमा मुम्बईले ३१ रनले हराएको थियो।

पहिलो खेलमा मुम्बई इन्डियन्सलाई ६ रनले पराजित गरेको गुजरात दोस्रो खेलमा चेन्नई सुपर किंग्ससँग ६३ रनले पराजित भएको थियो

मिलर र सुदर्शनको बलियो साझेदारी

गुजरातको जितमा डेभिड मिलर र साई सुदर्शनले तेस्रो विकेटको लागि ४२ बलमा ६४ रनको साझेदारी गरेका थिए। उनीहरूको सानदार प्रदर्शनमा गुजरातले सहज जित निकालेको हो। मिलरले २७ बलमा चार चौका र दुई छक्कासहित ४४ रनको अविजित इनिङ्स खेले। साईले ३६ बलमा चार चौका र एक छक्कासहित ४५ रन बनाएका हुन्। ओपनर तथा कप्तान गिलले २८ बलमा ३६, ऋद्धिमान साहले १३ बलमा २५ र विजय शंकरले १४ रनको योगदान गरे। यसअघि साह र गिलले पहिलो विकेटका लागि ३६ रनको साझेदारी गरेका थिए।

हैदराबादको ब्याटिङ चलेन


प्याट कमिन्सको टस जितेर ब्याटिङ गर्ने निर्णयमा हैदराबादका कुनै पनि खेलाडीले ठूलो स्कोर बनाउन सकेनन्। ठूलो साझेदारी हुन नसकेपछि हैदराबाद दबाबमा आएको थियो। हैदराबादको इनिङ्समा अब्दुल समानदले १४ बलमा २९ रन बनाएका थिए। हेन्रिक क्लासेनले २४, अभिषेक शर्माले २९, शहबाज अहमेदले २२, ऐडन मार्क्रमले १७, ट्राभिस हेडले १९ तथा मयंक अग्रवालले १६ रनको योगदान गरेका हुन्। गुजरातका मोहित शर्माले तीन विकेट हात पारेका हुन्।

बाबर पुनः पाकिस्तानको कप्तान

बाबर आजम पुनः पाकिस्तानी राष्ट्रिय क्रिकेट टिमको कप्तानमा फर्किएका छन्। आइतबार पाकिस्तान क्रिकेट बोर्डले पूर्वकप्तान बाबरलाई टी-२० र एकदिवसीय क्रिकेट टिमको कप्तानमा फर्काएको हो। बाबरले आगामी जेठमा वेस्ट इन्डिज र अमेरिकामा हुने टी-२० विश्वकपका लागि पाकिस्तानको कप्तानी गर्नेछन्।

चार महिनाअघि भारतमा भएको एकदिवसीय विश्वकपमा खराब प्रदर्शन भएपछि बाबरको चर्को आलोचना भएको थियो। यसपछि उनले दुवै फर्म्याटको क्रिकेट कप्तानबाट राजीनामा दिएका थिए। राजीनामा सिवकृतपछि टी-२० मा बलर साहिन साह अफ्रिदी र टेस्टमा सान मसुदलाई कप्तान बनाइएको थियो।

पाकिस्तानी क्रिकेट बोर्डले सर्वसम्मत रूपमा बाबरको नाम सिफारिस भएको बताएको छ। त्यसैले जिम्मेवारी पुनः सुम्पिएको बोर्डले दाबी गरेको छ। बाबर पहिलोपटक सन् २०१९ मा पाकिस्तानी क्रिकेट टिमको कप्तान बनेका थिए।



दोरम्बा शैलुंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर रामेछाप, बागमती प्रदेश

वोलपत्र स्वीकृतिको आशयपत्र जारि गरिएको बारे सूचना

प्रकाशित मिति : २०८०/१२/१५

यस दोरम्बा शैलुंग गाउँपलिकबाट रास्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलापत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावाग्राही भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

क.स	ठेक्का नं.	विवरण	वोलपत्रदाताको नाम	स्वीकृत रकम	कैफियत
१	DSRM/Works/ NCB/080/81-14	Steel Structure Building Construction for hotel	Narsinghnirman Sewa	1,03,38,229.2	

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Integrated Energy and Irrigation Special Program
Pulchowk, Lalitpur

Notice of Letter of Intention (LoI)

Date of Publication: April 1, 2024 (Chaitra 19, 2080)

This is to notify all the bidders who submitted their bids as per notice of Invitation for Bids published on 2080/11/11 in 'Naya Patrika' National Daily that **Integrated Energy and Irrigation Special Program** expresses its intention to award following contract to the lowest evaluated substantially responsive bid submitted by the bidder listed in the table below pursuant to Public Procurement Act 2063, sub clause 27.2 and 27.3.

S. N.	Contract ID	Bid Amount NRs. (Excluding VAT)	Lowest Evaluated Substantially Responsive Bidder
1	Works-DSBBIP-NCB-2080/81-66	1,09,95,417.00	DIAMOND SINDHU-STAR ABHIYAN JV, Sindhupalchok

Co-ordinator

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सिंहदरबार वैद्यखाना विकास समिति
अनामनगर, काठमाडौं।

पुनः बोलपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/१२/१९

यस सिंहदरबार वैद्यखाना विकास समितिवाट मिति २०८०।११।०८ मा राजधानी दैनिकमा प्रकाशित तपशिलमा उल्लेखित ठेक्का नं. हरु सार्वजनिक खरिद ऐनको दफा २३ र २४ अनुसार बोलपत्र रद्द भएकोले ऐनको दफा १४ ४.क बमोजिम पुनः बोलपत्र आव्हान सम्बन्धी (१५ दिने) सूचना दोस्रो पटक प्रकाशन गरिएको छ। बोलपत्रमा सहभागी हुन इच्छुक इजाजत प्राप्त कम्पनी, फर्म/संस्थाले सार्वजनिक खरिद अनुगमन कार्यालयको egp system www.bolpatra.gov.np/egp मार्फत् बोलपत्र पेश गर्नुहुन जानकारी गराइन्छ। साथै विस्तृत जानकारी यस समितिको कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको egp system मार्फत् प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

S.No.	Contract No.	Description	Cost of bidding document (NRS.)	Security Amount (NRS.)
1.	IFB No. 2/2080/81/SDVK. NCB -1/080.81	Procurement of Raw Material (Jadibuti, masala, khaneej, jantab, and other drabyas)	3000	2,10,000.00
2.	IFB No. 2/2080/81/SDVK NCB -2/080.81	Procurement of Kora Shilajit	3000	1,25,000.00
3.	IFB No. 2/2080/81/SDVK/ NCB -3/080.81	Procurement of Plastic Batta/ Plastic Bottles	3000	70,000.00

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com